जि.प्र.का.दर्ता नं. ४७५/०७५

स्थानीय क्षेत्रको बलियो आधार

# स्थानीय सरोकार

मासिक



वर्ष २ अङ्क ६ असोज २०८१

**LOCAL CONCERNS** A MONTHLY MAGAZINE

2nd ANNIVERSARY

# दोस्रो वार्षिकोत्सव

## विशेषाङ्क

"विकास निर्माण, समृद्धि र पुन:निर्माणमा
स्थानीय सरकारको बलियो आधार"

MANASLU
WORLD COLLEGE
... a home for future leaders

ISO 9001:2015 CERTIFIED COLLEGE




# ADMISSION OPEN FOR

# BBS

Bachelor of Business Studies
(Tribhuvan University)

**+2**

- SCIENCE
- MANAGEMENT
- LAW
- HUMANITIES

**Enroll Now**

MANASLU
WORLD COLLEGE
... a home for future leaders

ISO 9001:2015 CERTIFIED COLLEGE

Chuchepati-7, Chabahil, Kathmandu, Nepal
E-mail: info@manasluworldcollege.edu.np
www.manasluworldcollege.edu.np

01-4572374, 4584807
+977-980-1362382


पर्वको उमङ्ग
इन्टरनेट TV संग
CLASSIC TECH
'आधा तिरे पुग्छ
२०० Mbps
Internet TV
बार्षिक
रू ~~१२,४९९~~/–
६ महिना
रू ५,५२१/–
थप जानकारीको लागी ८०१००४४७७

# प्रकाशकीय

## 'विकास निर्माण, समृद्धि र पुनःनिर्माणमा स्थानीय सरकारको बलियो आधार'- स्थानीय सरोकार

"विकास निर्माण, समृद्धि र पुनःनिर्माणमा स्थानीय सरकारको बलियो आधार" भन्ने मूल नाराका साथ प्रकाशन सुरु गरेको १ वर्ष पूरा भएर आजबाट दोस्रो वर्षमा प्रवेश गरेका छौ ।

अधिकांश छापा पत्र-पत्रिकाहरू आर्थिक भार धान्न नसकेर बन्द भैरहेको अवस्थामा पत्रिकालाई नियमित सञ्चालनका लागि सहयोग गर्नुहुने सम्पूर्ण विज्ञापनदाता, पाठकबृन्द, शुभचिन्तक तथा सहयोगीहरूमा आभार प्रकट गर्न चाहन्छौ ।

हालसम्मको अवधिमा भएका कमीकमजोरीहरूलाई सुधार्दै आगामी दिनमा अझै सशक्त रुपमा अगाडी बढ्न प्रण गर्दछौ । साथै प्राविधिक रुपमा यदि कहीँकतै यस स्थानीय सरोकार पत्रिका मार्फत् उठान गर्नुपर्ने विषयले स्थान नपाएको भए आगामी दिनहरूमा पक्कै पनि त्यसको स्थान अग्रपंतीमा हुनेछ भन्ने विश्वास दिलाउन चाहन्छौ ।

कसैको डर, धम्की, त्रास र भयमा नपरी निष्पक्ष रूपमा हाम्रा कलमहरू प्रवाहित हुनेछन्, जनताको सच्चा पहरेदार र खबरदारीका रुपमा सधै खटिरहनेछौ भन्ने कुरा पनि पाठकवृन्द एवम् शुभ चिन्तकहरूमा विश्वास दिलाउन चाहन्छौ ।

विगतका वर्षहरूलाई फर्केर हेर्दा मरुभूमिको छाती दोहा कतारदेखि रमलघारी अरबसम्मको यात्रामा नेपाली कामदारहरूले भोगेको दुःख र पीडाको बैसाकीरुपी साहारा बन्दै आएको अर्को रुप हो निगरानी ब्यूरो । यस ब्यूरो अन्तर्गत हालसम्म करिब १३ जना नेपाली युवायुवतीलाई भारतको तामिलनाडु प्रान्त कान्जिपुरम्देखि बिशाखापट्नाको कोठीसम्म, कुवेतको जेलदेखि रमलको उजाड भूमिसम्म, साउदीको दमामदेखि रियादसम्म, कतारको अबुहमुरदेखि सनैयासम्म, युएइको आबुधावीदेखि रसलख्यैमासम्म र यूरोपका लिबिया, केन्यासम्म यस ब्यूरोले दुःख पाएका नेपाली कामदारलाई स्वदेश फिर्ता गरी घरपरिवारसम्म मिलाउने कुरामा महत्वपूर्ण भूमिका निर्वाह गरेको अवगत गराउन चाहन्छौं ।

प्रमाणसहित सत्यको पक्षमा निरन्तर कलम चलाउँदाका चुनौती कतिसम्म बढिसकेको छ भन्ने कयौं घटनाले स्थापित गर्छ । सँगै 'सत्यको सधैँ जित हुन्छ' भन्ने स्थापित गर्ने घटना पनि यही भयो ।

स्थानीय तह र आम नागरिकबिचको पुलको भूमिकामा कटिबद्ध यस स्थानीय सरोकार पत्रिकाले आवाजविहिनहरूको आवाज र बेथिति, विसंगती र भ्रष्ट्राचारको विरुद्ध सदैव खरो बुलन्द आवाजको रुपमा आफ्नो पहिलो वर्षे कार्यकाललाई पुरा गर्न विभिन्न वाधा अड्चन, अवरोधको सामनासँग जुध्दै र लड्दै आईरहेको कुरा अवगत गराउन चाहन्छौं । यस स्थानीय सरोकार पत्रिकाले उठाएका धेरै विषयहरूले सार्थक प्राथमिकता र राज्यको आर्थिक भारमा राजश्व उठानको लागि पनि टेवा पुगेको हामीले महसुस गर्दै आएका छौं ।

सूचना-प्रविधिको विकाससँगै सामाजिक सञ्जालको उछालले छापा पत्रकारिताको विस्तारमा पक्कै चुनौती थपेको छ । तर, सत्य र झुट तथा सत्य र भ्रमको सीमा पनि एकदमै साँघुरिएको छ । समाचारको प्रामाणिकता र प्रशोधनका लागि अहिले पनि छापा पत्रकारिताको विकल्प तयार भइसकेको छैन । हामीले आफ्नो जमिन त्यहीँ देखेका छौं ।

पत्रिकाको आम्दानीको मुख्य स्रोत भनेकै विज्ञापन हो । विज्ञापनले नै दैनिक पत्रिकाको खर्च जुटेको हुन्छ । प्रकाशनको सुरुवातदेखि हालसम्म विभिन्न अवस्थामा विज्ञापन प्रकाशित गरी पत्रिकालाई नियमित रुपमा प्रकाशनमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण विज्ञापनदाता महानुभावहरू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौ ।

यहाँहरूको साथ, सहयोग र विश्वासले पत्रिकालाई दोस्रो वर्षसम्म नियमित प्रकाशन गर्न सफल भएका छौ, आगामी दिनहरूमा पनि यहाँहरूको साथ र सहयोग यसैगरी रहिरहनेछ भन्ने अपेक्षा लिएका छौ ।

नागरिकका समस्याहरूको समाधान गर्न तथा सम्बन्धीत पक्षलाई झकझक्याउन कुनै पनि सन्देह नमानी अहोरात्र रुपमा खटिने प्रण गर्दै आगामी दिनहरूमा आदरणीय पाठकबृन्द, शुभचिन्तक एवम् विज्ञापनदाताहरूको सल्लाहलाई पनि मनन गर्दै अगाडी बढ्नेछौ । धन्यवाद ।

***प्रकाशकः***

***जीवन शर्मा***

**प्रकाशक**
**निगरानी दैनिक मिडिया प्रा. लि.**

**अध्यक्ष**
**निर्मला दंगाल**

**प्रधान सम्पादक**
**जीवन शर्मा**

**प्रबन्धक**
**टि.एन धमला**

**सम्पादक**
**नर बहादुर तामाङ**

**सह–सम्पादक**
**शालिकराम भट्ट**

**संवाददाता**
**लक्ष्मण फुयाँल**
**राधिका ढकाल**
**भोजराज पण्डित**
**तनबिर अन्सारी**

**विशेष सल्लाहकार**
**दर्शनाचार्य लक्ष्मीप्रसाद ढकाल**

**सल्लाहकार**
**डा. श्रीकृष्ण वाग्ले**
**कृष्ण प्रसाद ढकाल**
**रामचन्द्र लामिछाने**

**कानुनी सल्लाहकार**
**अधिवक्ता गोविन्द पन्थी**
**अधिवक्ता कृष्ण प्रसाद भट्टराई**

**फोटो पत्रकार**
**सरोज राई**

**कार्यालय**
चावहिल-७, काठमाडौं
फोन : ०१-५९१९५४४, ९८५-१०५३९३०
ई-मेल : news.nigranidainik@gmail.com
www.nigranidainik.com
मूल्य रु. १००/-

**कम्प्यूटर**
**क्रिस्जल डिजाईन हाउस**
बालुवाटार, काठमाडौं
९८४३४९२८४२

**मुद्रण**
**युनिक प्रिन्ट हाउस प्रा. लि.**
काठमाडौं-७, चावहिल

# सम्पादकीय

यतिबेला देशमा नेपालीहरूको महान पर्व बडादशैं र तिहारको माहोलले छपक्कै छोपेको छ । चारैतिर दशैंको रौनकले देश चाडपर्वमय बनेको छ । यस्तो अवस्थामा विभिन्न समस्या आउनु स्वभाविक हो । महंगी, यातायात व्यवस्थापनमा समस्या लगायतका विषय बर्सैनिदेखिँदै आएको छ । यसरी चाडपर्वको बेलामा स्थानीय सरकारले यी विषयमा ध्यान दिने हो भने चाडपर्वलाई शान्त, सुन्दर र रमणीय बनाउन सकिन्छ । **नागरिकको सुरक्षा**ः स्थानीय प्रशासनले पर्वको दिनहरूमा नागरिकहरूको सुरक्षाको ख्याल राख्नुपर्छ । यसले अपराधिक क्रियाकलाप रोक्दै नागरिकको सुरक्षा सुनिश्चित गर्नका लागि विभिन्न कार्यहरू गर्नुपर्छ । **यातायात व्यवस्थापन** : दशैं र तिहारको अवसरमा मानिसहरू विभिन्न स्थानमा आवतजावत गर्ने भएकोले यातायातको व्यवस्थापन हुन पनि निकै नै कठिनाई हुन सक्छ । स्थानीय प्रशासनले सहुलियत गराउनका लागि ट्राफिक व्यवस्थापन योजना अमलमा ल्याउनुपर्छ, जसमा अस्थायी पार्किङ क्षेत्रहरू तोक्ने रुट फ्रि गराउने जस्ता कार्य गर्न सक्छ । **फोहोर व्यवस्थापन** : पर्वहरू विभिन्न खाद्यान्न तथा खाद्यवस्तुको धेरै नै प्रयोग हुने हुँदा प्याकेजिङ र प्रयुक्त पदार्थहरूले धेरै मात्रामा फोहोर उत्पन्न गर्छ। यस्तोमा स्थानीय प्रशासनले सार्वजनिक स्थानहरूलाई सफा राख्न चुस्त दुरुस्त रुपमा हुने विभिन्न योजना कार्यान्वयन गराउनु पर्छ । **मूल्यवृद्धिमा नियन्त्रण** : जब जब चाडपर्व नजिकिँदै जान्छ बजारमा मूल्यवृद्धिका घटनाहरू बढ्दै जान्छ। यस्तोमा स्थानीय प्रशासनले पर्वको अवसरमा आवश्यक वस्तुहरूको मूल्य नियन्त्रणमा महत्त्व दिनुपर्छ। यसले नागरिकहरूको लागि आवश्यक वस्त्रहरू अरु वस्तुहरूसँग सार्थक र सस्तो बनाउँछ। **सांस्कृतिक संरक्षण** : दशैं र तिहार मात्र धार्मिक चाड भन्दा बढी हुन्छ, यसले स्थानीय प्रशासनलाई अपर्व र भण्डारीको बारेमा विचार गर्न आग्रह गर्छ। स्थानीय प्रशासनले सांस्कृतिक कार्यक्रमहरू आयोजना गर्न र परम्परागत कला र शिल्पकलाको प्रशासन र संरक्षणका लागि प्रमोट गर्न पनि ध्यान दिनुपर्छ । **प्रदूषण नियन्त्रण** : चाडबाडमा विभिन्न मनोरञ्जनात्मक क्रियाकलापहरू भइरहेका हुन्छन् । तर यसमा धेरै शब्द प्रदूषण समस्या उत्पन्न भइरहेको हुन्छ । त्यसैले स्थानीय प्रशासनले शान्त वातावरण बनाउन नगर तथा गाउँमा विभिन्न कार्यहरू गर्न जरुरी छ जसले शब्द तथा ध्वनि प्रदूषणलाई न्यूनीकरण गरोस् । आपत्कालीन सेवा : स्थानीय प्रशासनले पर्वको दिनहरूमा आपतकालीन सेवाहरू, जस्तै एम्बुलेन्स र अग्निसेवाहरूलाई तयारी अवस्थामा राख्न अत्यन्तै जरुरी छ । चाडबाडमा अप्रत्यासित रुपमा हुने घटनाहरूलाई सम्बोधन गर्नका लागि स्थानीय सरकार तम्तयार हुन अत्यावश्यक छ । स्थानीय प्रशासनको सक्रिय सहभागिता र समुदायका प्रमुख र संगठनहरूसँगका संयोजनामा पर्वलाई सुरक्षित, मनोरञ्जनका साथै स्थानीय कानुन र नियमकम मनाउन सकिन्छ । माथि उल्लेखित कुरामा स्थानीय सरकारले ध्यान दिने हो भने दशैं र तिहारको उत्सवलाई सुरक्षित, रमाइलो, र रमणीय पर्व बनाउन सकिन्छ ।

आवरण

# विकास निर्माण, समृद्धि र पुन:निर्माणमा स्थानीय सरोकारको बलियो आधार

जीवन शर्मा




नेपालको संविधान २०७२ अनुसार नेपालको राष्ट्र हित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि परम्परागत सामन्ती, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्यमा भएका सबै प्रकारको विभेद र उत्पीडनको अन्त्य गर्दै बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधता विशेषतालाई आत्मसात् गरी विविधताबिचको एकता, सामाजिक, सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण र प्रवर्द्धन गर्दै आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न, समानुपातिक, समावेशी र सहभागिता मूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्न र सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दीगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्न संविधानको भाग ५ राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड अन्तर्गत धारा ५६ अनुसार सङ्घ, प्रदेश र स्थानीय तहको व्यवस्था गरिएको छ भने राज्यशक्तिलाई कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको रूपमा बाँडफाँड गरिएको छ।

नेपालको संविधान अनुसार स्थानीय तह भन्नाले गाउँपालिका, नगरपालिका र जिल्ला सभा भनी परिभाषित गरिएको छ।

सङ्घ, प्रदेश र स्थानीय तहबिचको सहकारिता, सहअस्तित्व र समन्वयात्मक सम्बन्धलाई प्रवर्द्धन गर्दै लोकतन्त्रका लाभहरू समानुपातिक, समावेशी, न्यायोचित रूपमा वितरण गर्न, कानुनी राज्य र दिगो विकासको अवधारणा अनुरूप समाजवाद उन्मुख सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्न, जनतालाई शासनमा आधिकारिक रूपमै अर्थपूर्ण सहभागिता गराउँदै उत्तरदायी, पारदर्शिता, जवाफदेहिता, सुनिश्चित गरी प्रभावकारी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न, स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासनको पद्धति र प्रणालीलाई सबलीकरण गरी स्थानीय सरकारलाई सक्षम र आत्मनिर्भर बनाउन स्थानीय तहलाई अधिकार सम्पन्न बनाइएको छ। यी स्थानीय तहको अधिकार क्षेत्रलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ।

भनिन्छ, स्वतन्त्रता कानुनबाट नियमन हुन्छ र विकासबाट

## आवरण

विस्तृत। स्थानीय सरकारले लोकतन्त्रका अवसरहरू उत्पादन गर्दछन् र उत्पादनका लाभ स्थानीय नागरिकलाई समयमै बुझाउँछन् पनि । लोकतन्त्रको विस्तृतीकरण गर्न वा अवसरहरू मुकाममा निर्माण गरी वितरण गर्न स्थानीय सरकारको आविष्कार भएको हो । लोकतन्त्रलाई गाउँबस्ती पुर्‍याउन स्थानीय शासन र स्थानीय सरकार चाहिएको हो ।

पाँच वर्षअघि गणतान्त्रिक नेपालको स्थानीय चुनावमादेखिएको अपार उत्साहको लहर स्मृतिबिम्बमा ल्याउँदा जो कुनैलाई कति उत्साह बढ्छ ? त्यस चुनावले विगतदेखि थाती रहेका मुद्दाहरू, जस्तो कि सेवामा भएको सास्ती, विकास निर्माणमा भएको सास्ती, स्रोतसाधन विनियोजनमा भएको अन्याय, सेवासुविधा नपाउँदाका पीडाहरू सबैको एकमुष्ट समाधान हुनेछ भन्ने अपेक्षा गरिएको थियो ।

लोकतन्त्रको विस्तृतीकरण गर्न वा अवसरहरू मुकाममा निर्माण गरी वितरण गर्न स्थानीय सरकारको आविष्कार भएको हो । लोकतन्त्रलाई गाउँबस्ती पुर्‍याउन स्थानीय शासन र स्थानीय सरकार चाहिएको हो ।

**“*स्थानीय जनताले आफ्ना प्रतिनिधिको चेहरामा स्थानीय स्वशासनको बिम्बदेखिरहेका थिए । संविधानका शिल्पीहरूले पनि लोकतन्त्रको कार्यमूलक ‘मिनिएचर’ आकृतिमा स्थानीय सरकारलाई कुँदेका थिए । त्यसैले ती चलनचल्तीका राजनीति र छलस्वार्थका संरचना थिएनन्, विकास र सेवा व्यवस्थापनका नागरिक संस्था थिए । लोकतन्त्रका कार्यमूलक संरचना थिए ।*”**

पाँच वर्षपछि फर्केर हेर्दा धेरैजसो जनप्रतिनिधि संस्थाहरूले संस्थाको रूप मात्र नपाएका होइनन्, राजनीतिक छलछामका अस्वस्थ स्थल बन्न पुगे । कतिले समयमा बजेट कार्यक्रमसम्म पेश गर्न सकेनन् । यही समय आएको कोभिड-१९ महामारीमा जनताले खोजेको धरालो पनि पाएन् । विकास माथि राजनीति भयो, राजनीतिक संस्कार मात्र नदेखिएको होइन, वित्तीय अनुशासन पनि भेटिएन ।

स्थानीय सभा विकासको सभा बनेनन्, सुरक्षा दस्ताभित्र सभा सञ्चालित भए । निकै थोरै पालिकाहरूले जनताको मन छुने काम गरे । प्रणाली बनाउन नसके पनि नेतृत्वले घिच्याएर, लतारेर भए पनि नागरिक सेवा गरे । विकासको आशालाग्दो खाका कोरे । तर, धेरैले राम्रो गर्न नसक्दा थोरै पनि एकै डयाङमा आरोपित हुने नै भए ।

नजिकै रहेको नागरिक संस्थामा कस्तो उम्मेदवारलाई आफ्नो प्रतिनिधि बनाउने भन्ने कौतूहल यतिखेर जनमानसमादेखिएको छ । राजनीतिक दल र नेतृत्वका आकाङ्क्षीहरूले वाचाको खेती मार्फत् निर्वाचक जनतालाई प्रभाव पार्दै छन् । जिम्मेवारी लिइसकेकाले अनुभव र उपलब्धिका भएरनभएका विवरणहरू दिइरहेका छन् । कतिपयले काम गर्न नसकेकोमा प्रश्चित्तगर्दै पुनःअवसरका लागि अनुनयविनय गरिरहेका छन् ।

***जिम्मेवारीका ताजा आकाङ्क्षीले आफ्ना योजना र सम्भावित कार्यसूचीहरू फिंजाइरहेका छन् । स्थानीय भूगोल भुलिसकेकाहरू पनि स्थानीय नेतृत्वका लालचमा गाउँ/नगरतिर ओर्लिएका छन् । सङ्घ र प्रदेश संरचनामा परीक्षित भइसकेकाहरू पनि स्थानीयतिर हानिएका छन् ।***

किनकि, स्थानीय तह नैदेखिने गरी तत्काल जनतासामु केही गर्न सकिने तह हुन् । जससँग प्रत्यक्ष भूगोल र जनता पनि भएकाले जनताका मनमन्दिरमा बस्ने ठाउँ पनि यही हो । यसैलाई नेतृत्व सपनामा अघि बढ्ने भर्याङ बनाउन सकिने सम्भावना पनिदेखिएको होला ।

पेसागत क्षेत्रमा काम गर्नेहरू पनि जन-सेवाका लागि स्थानीय सरकारमा प्रवेश गर्ने मनासयमा उम्मेदवार बनेका छन् । सेवा भन्दा स्वार्थ र विश्वास होइन, व्यवसाय जित्ने लालचले दलबदल गरिरहेका छन् । पदकै लागि चुनावको मुखैमा दलबदल गरी उम्मेदवारी निश्चित गरेका छन् । यी प्रवृत्तिले आसन्न चुनावका लागि महत्तवपूर्ण सन्देश दिइरहेको छ ।

स्थानीयवासीले आफ्ना जनप्रतिनिधि आफ्ना भावना र वास्तविकता बुझ्न सक्ने होऊन् भन्ने व्यावहारिक दृष्टिकोण राख्नुपर्छ ।

स्थानीयवासीले आफ्ना जनप्रतिनिधि आफ्ना भावना र वास्तविकता बुझ्न सक्ने होऊन् भन्ने व्यावहारिक दृष्टिकोण राख्नुपर्छ । अमुक प्रतिनिधिरदलले यसअघि के गरे, अहिले के गरिरहेका छन् र अब के गर्लान् भन्ने विवेचना गर्न सक्नुपर्छ । उम्मेदवारको पृष्ठभूमिले कतिपय सवालको उत्तर दिइरहेको हुन्छ । विगतमा उसको आर्थिक, सामाजिक, राजनीतिक र नैतिक आचरण कस्तो थियो, त्यसले पनि सम्भावित सवालहरूको उत्तर दिइरहेको हुन्छ ।

शहरमा सौन्दर्य र सेवासुविधा कसरी विस्तार गरे, गाउँमा सेवासुविधा कति सहज भए, विकास रणनीति कसरी निर्माण र कार्यान्वयन भए, के कस्ता कामले प्राथमिकता पाए, समग्रमा जनअपेक्षा पूरा हुन सके कि सकेनन् भन्ने समीक्षा गर्नुपर्छ ।

नेतृत्व आकाङ्क्षीको वैयक्तिक आचरण र संस्थागत सुशासनमा कसरी उम्दादेखिए, विवेचना गर्नुपर्छ । स्थानीय सरोकारका विषयहरू खानेपानी, बाटोघाटो, बिजुली, वनबुट्यान, बजार आपूर्ति, फोहोर व्यवस्था, स्वास्थ्योपचारमा स्थानीय नेतृत्वले कस्तो तदारुकता

आवरण

देखाए र त्यो आवश्यकताको सापेक्षमा कति नजिक वा पर छ ? जस्ता आधारमा जिम्मेवारी लिइसकेको आकाङ्क्षीहरूको परीक्षण गर्न सकिन्छ ।

उनीहरू कामकै आधारमा परीक्षित भएका छन्, धेरै परीक्षण गरिरहनु पनि पर्दैन । नव आकाङ्क्षीहरूलाई सामाजिक व्यवहार, रहनसहन, आचारण, घरपरिवार व्यवस्थापन, जनताप्रतिको सामीप्यता समर्पण र योग्यताका आधारमा परीक्षण गर्न सकिन्छ ।

सर्वसाधारणले आफ्नो मत बहकाउमा प्रयोग गर्ने र वास्तविकतामा पछुताउने स्थिति रहनु हुन्न । चुनाव पाँच वर्षे हाट वा भाषण(जुक्तिको मेला होइन, स्थानीय कार्यसूची निर्माण र अनुमोदनको आधार हो । त्यसैले भावनाको बहकाउ, आस्थाको विभाजन, आग्रह र प्रभावबाट अलग रहेर आफ्नै भविष्य निर्माणको प्रक्रिया हो भन्ने मतदाताहरूले बुझ्नुपर्छ । उही पात्र, उही प्रवृत्तिको चयन गर्नाले विकास र सेवाका थप स्वाद, भनौं लोकतन्त्रका लाभहरू लिन सक्दैनन् ।

### स्थानीय तहको अधिकार :

स्थानीय तहको अधिकार अनुसूची ८ अन्तर्गत नगर तथा गाउँ प्रहरी, सहकारी संस्था, एफएम रेडियो सञ्चालन, स्थानीय कर, सेवा शुल्क, दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमि कर, दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत सङ्कलन, स्थानीय सेवाको व्यवस्थापन, स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन, स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरू, आधारभूत स्वास्थ्य तथा सरसफाइ, आधारभूत तथा माध्यमिक शिक्षा, सडक, कृषि र सिँचाई, स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता, स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिँचाई, गाउँ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप मध्यस्थताको व्यवस्थापन, स्थानीय अभिलेख व्यवस्थापन, घर जग्गा, धनी पुर्जा वितरण, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तताहरूको व्यवस्थापन, बेरोजगारको तथ्याङ्क सङ्कलन, कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण, खानेपानी तथा साना जलविद्युत आयोजना र वैकल्पिक ऊर्जा, विपद् व्यवस्थापन, जलाधार तथा वन्यजन्तु र खानी तथा खनिज पदार्थको संरक्षण, भाषा संस्कृति र ललितकलाको संरक्षण र विकास जस्ता अधिकारहरू स्थानीय तहको एकल अधिकारको रूपमा सुनिश्चित गरिएको छ ।

### अनुसूची ९ :

### संघ प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची

सङ्घ प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची अन्तर्गत सहकारी, शिक्षा, खेलकुद र पत्रपत्रिका स्वास्थ्य, कृषि, विद्युत, खानेपानी, सिँचाई जस्ता सेवाहरू, सेवा शुल्क, दस्तुर, दण्ड, जरिवाना तथा प्राकृतिक स्रोतको रोयल्टी, पर्यटन शुल्क, वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यवरण तथा जैविक विविधता, खानी तथा खनिज, विपद् व्यवस्थापन, सामाजिक सुरक्षा र गरिबी निवारण, व्यक्तिगत घटना जन्म, मृत्यु, विवाह र तथ्याङ्क पुरातत्त्व, प्राचीन स्मारक र संङ्ग्रहालय, सुकुम्वासी व्यवस्थापन, प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, सवारी साधन अनुमति आदि रहेका छन् ।

सङ्घीयताको विभिन्न मोडेलहरूमध्ये नेपालको सङ्घीयता सहकारिता, सहअस्तित्व र समन्वयको मोडालिटीमा आधारित सङ्घीय प्रणाली हो ।

सहकारिता अन्तर्गत तीनै तहका बिच राजनीतिक, प्रशासनिक, आर्थिक र कार्यरत क्षेत्रमा सहकार्य गर्नुपर्ने, सहअस्तित्व अन्तर्गत तीनै तह स्वतन्त्र र स्वायत्र् हुने तर एक अर्काको अस्तित्वलाई आत्मसात् गर्दै कार्यरत सम्बन्ध कायम गर्ने र समन्वय अन्तर्गत कुनै तहहरूबिच विवाद उत्पन्न भएमा आपसी समझदारी र संवादको आधारमा समाधान गर्ने कार्यलाई बुझ्न सकिन्छ ।

यिनै तीन संघमा आधारित सिद्धान्तले संविधानले परिलक्षित गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट दिगो शान्ति, सुशासन, विकास र समृद्धिको प्राप्ति गर्न सकिनेदेखिन्छ । संविधान तथा सङ्घीयताको कार्यान्वयन हुने क्रममा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मकलाई संस्थागत र स्थानीयकरण गर्न स्थानीय तहको चुनाव वि. सं.२०७४ मा तीन चरणमा चुनाव भई ६ महानगरपालिका ११ उप महानगरपालिका २७६ नगरपालिका र ४६० गाउँपालिका गरी जम्मा ७५३ स्थानीय तह र ६७४३ वडाका करिब ३५ हजार जनप्रतिनिधिहरू सरकार सञ्चालनमा क्रियाशील छन् । नागरिकको सबैभन्दा नजिकको सरकारको रूपमा स्थानीय सरकार रहेको छ ।

नागरिकलाई सर्वसुलभ रूपमा छिटो छरितो प्रभावकारी र गुणस्तरीय सेवा प्रवाह दिन साथै विकास, समुन्नति र समृद्धिमा स्थानीय सरकार जुटिरहेका छन् । यी स्थानीय तह अन्तर्गत पालिकाहरूको सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतीलाई समग्र रूपमा यसरी विश्लेषण गर्न कोसिस गरिएको छ ।

### सबल पक्षहरू

#### राजनीतिक सबल पक्ष

१. १४ वर्षपछि स्थानीय सरकार गठन र सञ्चालन हुनु,
२. स्थानीय तहमा रहेका राजनीतिक शक्तिलाई एकीकृत गरी परिचालन गरिँदै जानु,
३. लोकतन्त्र र सङ्घीयतालाई स्थानीयवासीले नै संस्थागत गरिँदै जानु,
४. स्थानीयस्तरदेखि नै राजनैतिक नेतृत्वको अभ्यास र विकास गर्दै जानु,

आवरण

५. समावेशी, समानुपातिक प्रतिनिधित्वलाई जोड दिइनु,
६. योजनाको पहिचान, तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रतिफलमा स्थानीय नागरिकहरूलाई सहभागिता गराउँदै लानु,
७. हाम्रो देश नेपाल बहु जातीय, बहु भाषिक, बहु धार्मिक, बहु सांस्कृतिक विशेषतायुक्त, भौगोलिक विविधता प्राकृतिक स्रोत साधनमा विविधता भएको मुलुक हो, यसको Diversity Management लाई आत्मसात गरिनु,
८. स्थानीय तथा सामुदायिक सङ्घ, संस्थाहरू, गैर सरकारी सङ्घ संस्था, नागरिक समाज आदि सरोकारवालाहरूसँग समन्वय, सहकार्य गर्दै बहुस्तरीय शासनको अवधारणा लाई आत्मसात् गर्दै जानु,

## आर्थिक सबल पक्ष

१. स्थानीय स्रोत, साधन, सीपको परिचालन र उपयोग गरिँदै जानु,
२. प्राप्त स्रोतेँ साधनको परिचालन र लगानी गर्दै सन्तुलित विकासमा ध्यान दिँदै जानु,
३. भौतिक तथा मानवीय पूर्वाधार विकासमा जोड दिनु, जसकारण स्थानीय ग्रामीण तथा कृषि सडकहरूको विस्तार हुँदै जानु, ग्रामीण विद्युतीकरण, खानेपानी तथा सरसफाइ, सिँचाई जस्ता क्षेत्रमा थप विकास हुँदै जानु र आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य सेवा क्षेत्रमा लगानी बढाइएकोले सकारात्मक परिवर्तन हुँदै जानु,
४. कृषक, उद्यमी, व्यवसायीहरूका लागि सीपमूलक तथा आयमूलक कार्यक्रमहरू सञ्चालन गरिँदै उत्पादनमा जोड दिइनु,
५. स्थानीय स्तरमा रोजगारी सिर्जना गरिँदै जानु र जनशक्तिको परिचालनबाट आर्थिक विकासमा जोड दिँदै जानु,
६. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम तथा जीविकोपार्जनका लागि कार्यक्रमहरू सञ्चालन गरिनु,
७. "समृद्ध नेपाल सुखी नेपाली" को राष्ट्रिय अभियानलाई आत्मसात् गरी स्थानीय सरकारले निजी, सहकारी क्षेत्रसँग हातेमालो गर्दै जानु,

## प्रशासनिक सबल पक्षहरू

१. सङ्गठन संरचना र दरबन्दीको निर्धारण गरी कर्मचारीहरूको व्यवस्था गरिँदै लानु,
२. सङ्घीय प्रशासनिक पुनर्संरचनाको माध्यमबाट कर्मचारीको समायोजन गरी थप जनशक्तिको व्यवस्थापन हुँदै जानु,
३. नागरिकका आवश्यकता, चाहाना, समस्या र मागको परिपूर्तिमा सहज हुँदै जानु,
४. नतिजामुखी र जनमुखी कार्यसम्पादन प्रणालीको अवलम्बन गरिँदै जानु,
५. कार्यालयको काम कारबाहीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा जोड दिइँदै जानु,
६. सार्वजनिक सेवालाई स्वच्छ, सक्षम र सहभागितामूलक बनाउँदै जानु,
७. नागरिकलाई प्रदान गरिने सेवा प्रवाहमा छिटो, छरितो, चुस्त दुरुस्त र प्रभावकारी बनाउँदै जानु,
८. जनताको घरदैलोमा सरकार पुग्दै जानु,
९. सबल, सक्षम र नागरिकमैत्री स्थानीय संयन्त्रको विकास हुँदै जानु,

## न्यायिक सबल पक्ष

१. नेपालको संविधानको धारा २१७ अनुसार स्थानीय तहमा न्यायिक समितिको व्यवस्था गरिएको र स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार न्यायिक समितिको अधिकार क्षेत्र १३ वटा क्षेत्रमा न्यायिक निरोपण गर्ने र ११ वटा क्षेत्रका विवादहरूमा मेलमिलापको माध्यमबाट विवादको निरूपण गर्ने व्यवस्था गरिएको,
२. न्यायिक समितिद्वारा सामान्य खालका मुद्दा मामिला, जग्गा, जमिन, कुलो, बाँध पैनी, चरन, घाँस, दाउरा, अंशबन्डा, साँध, सार्वजनिक स्थलको उपयोग आदि अधिकार क्षेत्रको विषयमा मुद्दाको सुनुवाइ र मेलमिलापको माध्यमबाट न्यायिक निरोपण गर्दै जानु,
३. पालिकाहरूको हरेक वडामा मेलमिलाप केन्द्र स्थापना गरी सञ्चालनमा ल्याउनु,
४. स्थानीय तहदेखि नै अदालती अभ्यासको सुरुवाती हुनु,
५. पक्ष, विपक्ष दुवैलाई जीत-जीतको अवस्थामा मेलमिलाप तथा न्यायिक निरोपण गर्दै जानु,
६. आपसी मेलमिलाप र समभ्फदारीबाट सामाजिक सद्भाव कायम राख्नमा मद्दत पुऱ्याउँदै जानु,

## कमजोर पक्षहरू

१. सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको कार्यान्वयनमा राजनीतिक अभ्यास र अनुभवको कमी हुनु,
२. स्थानीय जनताको चाहाना, माग भन्दा आफ्नो चाहाना र प्रभावमा योजना, बजेट विनियोजन गर्नु,
३. सस्तो लोकप्रियता र नाराबाजीको रूपमा बढी महत्तवाकाङ्क्षी कार्यक्रम, आयोजनाहरू सञ्चालनमा ल्याउनु,
४. निर्वाचित जनप्रतिनिधिहरू साझा बन्ने कोसिस गर्दा गर्दै पनि आफ्नो आस्था वा गुटमा आबद्ध व्यक्ति तथा समूहप्रति आकर्षित

आवरण

हुनु, यसरी नागरिकबिच तथा विकासमा साझा हुन नसक्नु,

५. विकासात्मक कार्य तथा कुनै विषयका मुद्दालाई राजनीतिकरण गरिनु,

६. सङ्घीय तथा प्रादेशिक कानुनहरूको अभावमा स्थानीय तहका कानुनहरू निर्माण हुन नसक्नु,

७. स्पष्ट नीति, नियम, कानुन, कार्यविधि बनाई योजनाबद्ध रूपमा गरिने काममा त्यति ध्यान नर्पुयाइनू,

८. स्थानीय स्रोत, साधनको पहिचान, परिचालन र सन्तुलित विकासमा त्यति ध्यान नपुऱ्याइनु,

९. स्थानीय तहमा लगाइने कर, राजश्व, शुल्क र दण्ड जरिवाना प्रगतिशील हुन नसक्नु,

१०. नीतिगत भ्रष्टाचार, आर्थिक अपचलन तथा भ्रष्टाचार, बेरुजु जस्ता समस्याहरू झन् बढ्दै जानु,

११. तुलनात्मक क्षेत्रको पहिचान गरी बढी उत्पादन र फाइदा हुने क्षेत्रमा लगानी गर्न नसक्दा स्थानीय उत्पादन र उत्पादकत्वमा आशातीत वृद्धि गराउन नसकिनु,

१२.स्थानीय स्तरका बेरोजगारी समस्यालाई न्यूनीकरण गर्न नसक्नु,

१३.कृषि तथा कृषिजन्य उद्योग, स्थानीय स्रोत, साधनमा आधारित साना तथा मझौला उद्योग स्थापना र सञ्चालनमा ध्यान नपुऱ्याइनु,

१४.भौतिक पूर्वाधार अन्तर्गत ग्रामीण तथा कृषि सडकको अधिक विस्तारमा जोड दिइनु तर विनाश र असरलाई ध्यान नदिइनु,

१५.वातावरणीय प्रभाव मूल्याङ्कन नगरी आफूखुसी भौतिक पूर्वाधारको विकास गरिँदै जानु,

१६.विकासलाई योजनाबद्ध बनाउनु र योजनासँग Tie Up गर्न नसक्नु,

१७.जनप्रतिनिधिहरू तथा कर्मचारीहरूको क्षमता विकास, नेतृत्व विकास, सकारात्मक सोच, सकारात्मक व्यवहार, अन्तर्वैयक्तिक सम्बन्ध जस्ता विषयको समस्याले गर्दा जनप्रतिनिधि र कर्मचारीबिच समन्वय, सहकार्य हुन नसक्दा बेमेलको अवस्था सिर्जना हुनु र कार्य सम्पादनमा प्रभाव पर्न जानु,

१८.कर्मचारीहरूको अभावमा सर्वसुलभ रूपमा छिटो, छरितो र प्रभावकारी रूपमा सेवा प्रवाह गर्न नसक्नु,

१९.पुराना मानसिकता बोकेको कर्मचारीहरूको कारण नागरिकलाई प्रदान गरिने सेवा छिटो, छरितो र चुस्त, दुरुस्त सेवा प्रवाह हुन नसक्नु,

२०.केही ठाउँमा भौगोलिक कठिनाइको कारण सार्वजनिक सेवालाई E-Governance सँग जोड्न नसक्नु,

२१.व्यवस्थापकीय क्षमताको विकास हुन नसक्नु,

२२.न्यायिक निरोपण तथा मेलमिलाप गराउँदा कार्यविधि र प्रक्रियाको विषयमा न्यायिक समितिका सदस्यलाई कानुनी तथा प्राविधिक ज्ञानको अभाव हुनु,

२३. प्राकृतिक न्यायको सिद्धान्त बमोजिम छिटो, छरितो र प्रभावकारी रूपमा न्याय सम्पादन गर्न नसक्नु,

२४.विवादका पक्ष, विपक्षहरूबिच दुवैलाई जीत जीतको अनुभूति गराउन नसक्दा सामाजिक सद्भाव खलबलिने सक्नेदेखिनु,

## स्थानीय तहका अवसरहरू

### राजनीतिक अवसर

१. सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्ने संवैधानिक चाहाना रहेको,

२. आवधिक निर्वाचनका माध्यमद्वारा प्रत्येक ५/५ वर्षमा जनताले आफ्नो बालिक मताधिकार प्रयोग गरी प्रतिनिधि छनौट गर्न पाउने व्यवस्था गरिएको,

३. स्थानीय तहले आफ्ना क्षेत्राधिकारभित्र रही आवश्यक कानुन, नीति, नियम वार्षिक बजेट बनाउने, निर्णय गर्ने, योजना बनाउने र त्यसको सफल कार्यान्वयन गर्न सक्ने व्यवस्था गरिएको,

४. स्थानीय तहमा रहेका राजनीतिक शक्तिलाई एकीकृत गरी समृद्धको अभियानमा परिचालन गर्न सकिने,

५. स्थानीय स्तरदेखि नै राजनैतिक नेतृत्वको अभ्यास र विकास गर्न सकिने,

६. नागरिकहरूलाई आधिकाधिक रूपमा शासनमा अर्थपूर्ण सहभागिता गराउँदै लान सकिने,

७. सबै जाति, धर्म, लिङ्ग तथा क्षेत्रका Diversity management गर्दै सभ्य सुसंस्कृत समाजको स्थापना गर्न सकिने,

८. स्थानीय तथा सामुदायिक सङ्घ संस्थाहरू, नागरिक समाज आदिलाई सशक्त बनाउँदै लान सकिने,

### आर्थिक अवसर

१. स्थानीय स्रोत, साधन, सीप, प्रविधि, क्षमता र अनुभवको परिचालन र महत्तम प्रयोग तथा उपयोग गर्न सकिने,

२. प्राप्त स्रोत साधनको परिचालन गर्दै समावेशी, समानुपातिक, समन्यायिक रूपमा सन्तुलित विकास गर्न सकिने,

३. स्थानीय तहले आफ्नो क्षेत्रमा तुलनात्मक लाभ प्राप्त गर्न सकिने क्षेत्रमा लगानी बढाउँदै आर्थिक वृद्धि गर्न सक्ने,

४. कृषिजन्य तथा स्थानीय स्रोत साधनमा आधारित लघु तथा साना र मझौला उद्योगको स्थापना र सञ्चालन गर्न सकिने,

५. गरिबी निवारण तथा स्थानीय जनताको प्रतिव्यक्ति आयमा वृद्धि गर्दै आर्थिक रूपमा सबल र सक्षम हुन सकिने,

**आवरण**

६. स्थानीय स्तरमा रोजगारी सिर्जना गर्दै मानिसहरूको जीवनस्तर वृद्धि गर्न सकिने,
७. भौतिक, आर्थिक तथा मानवीय पूर्वाधार क्षेत्रमा लगानी बढाउँदै स्थानीय तहलाई सबलीकरण गरी आत्मनिर्भर बनाउने र समृद्ध नेपाल निर्माण गर्न आधारस्तम्भ तय गर्न सकिने,
८. आर्थिक तथा सामाजिक रूपान्तरण गरी सभ्य, सुसंस्कृत समाजको स्थापना गर्न सकिने,

## प्रशासनिक अवसर

१. सक्षम, दक्ष र योग्य कर्मचारीहरूको व्यवस्थापन गर्दै स्थानीय तहलाई जनशक्ति सम्पन्न बनाउन सकिने,
२. नागरिकमैत्री र नतिजामुखी सेवा प्रवाह गरी नागरिकलाई सन्तुष्टी प्रदान गर्न सकिने,
३. नागरिकका आवश्यकता, चाहाना, समस्या र मागको परिपूर्ति गर्न सकिने,
४. जनतालाई छुन सकिने, देख्न सकिने र अनुभूति हुने खालको सार्वजनिक सेवा पुर्याउन सकिने,
५. कर्मचारीको कार्यसंस्कृतिमा सुधार ल्याउने तथा नागरिकलाई प्रदान गरिने सेवा प्रवाहमा छिटो, छरितो, चुस्त दुरुस्त, प्रभावकारी र गुणस्तरीय सेवा प्रदान गर्न सकिने,
६. सार्वजनिक सेवालाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्ट्राचार मुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै जान सकिने,
७. विद्युतीय शासनको माध्यमबाट सार्वजनिक सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउन सकिने,

## चुनौतीहरू

१. संविधान तथा अन्य ऐन, कानुन अनुसार स्थानीय तहको भावना तथा माटो सुहाउँदो आवश्यक ऐन, कानुन, नियम तथा कार्यविधि निर्माण गरी सफल र प्रभावकारी रूपमा कार्यान्वयन गर्नु गराउनु,
२. स्थानीय प्राकृतिक स्रोत साधनहरूको महत्तम परिचालन र सदुपयोग गर्नु,
३. समावेशी, सन्तुलित, आवश्यकतामा आधारित र दीर्घकालीन विकास निर्माणलाई आत्मसात् गर्नु,
४. विविधतायुक्त मुलुकको शासन प्रणालीलाई सबैको अर्थपूर्ण सहभागितामूलक बनाउनु,
५. जन निर्वाचित पदाधिकारीहरूद्वारा सबै नागरिकको आवश्यकता, चाहाना र मागलाई सम्बोधन गर्दै,
६. स्थानीय तहहरूको वित्तीय आत्मनिर्भरता र प्रशासनिक स्वायत्तता प्रवर्द्धन गर्नु,
७. दक्ष जनशक्तिको व्यवस्थापन र सुसंस्कृत कार्य प्रणालीको विकास गर्नु,
८. स्थानीय सेवा प्रवाहलाई जन केन्द्रित, प्रभावकारी र जन उत्तरदायी बनाउनु साथै नागरिकले छुन सक्नेँ देख्न सक्ने र अनुभूति गर्न सक्ने गरी सेवा प्रवाहलाई व्यवस्थित बनाउनुँ
९. स्थानीय तहमा प्रदान गरिने सेवा प्रवाहलाई छिटो, छरितो, प्रभावकारी, पारदर्शी, सरल, सहज, गुणस्तरीय तथा पूर्व अनुमानयोग्य बनाउनु,
१०.स्थानीय तहहरूमा हुने निर्णयगत तथा नीतिगत र वित्तीय भ्रष्टचारको अन्त्य गर्नु,
११.विकास निर्माण तथा प्रशासनिक कार्यमा हुन सक्ने अनियमिततौँ ढिलासुस्तीँ भ्रष्टाचार तथा आर्थिक अपचलनको अन्त्य गर्नु,
१२.स्थानीय तहलाई राजनीतिक, आर्थिक, प्रशासनिक, न्यायिक रूपमा सवल, सक्षम र आत्मनिर्भर बनाउनु,

स्थानीय सरकारले साना कामबाट ठूला सफलताको जग निर्माण गर्नुपर्छ। स-साना सफलताले ठूला उपलब्धिको दिगो आधार दिन सक्छ। स्थानीय सरकारले एकै चोटि धेरै ठूला जोखिम उठाउन सक्दैन, बृहत् प्रभावका पूर्वाधार निर्माण गर्न सक्दैन। ठुलो लगानी र प्राविधिक जोखिम वहन गर्ने आयोजना सञ्चालन गर्न सक्दैन।

त्यो उसको कार्यक्षेत्र पनि होइन । तर, प्रारम्भिक बाल विकास केन्द्र, आधारभूत विद्यालय, प्राथमिक उपचार, स्थानीय सीप विकासका कार्यशाला, दैनिक आपूर्तिको हाटबजार, उत्पादन सुरक्षित राख्ने शीतघर, खुला क्षेत्र, बस्ती व्यवस्थापन, भू-उपयोग, चरिचरन, सिँचाई, कुलो, टेवा, पर्खाल, बाटो, फड्के, हरियाली व्यवस्थापन जस्ता कार्य भनेको स्थानीय सरकारको हो।

सहकारी ऐन, २०७४ अनुसार प्रदेश सरकार र स्थानीय तहले सहकारी संस्थाहरूको नियमन तथा सुपरिवेक्षण प्रभावकारी रुपमा नगर्दा ठुलो जटिलता आएको छ।

## संविधानसाग बाझिने गरी कसरी आयो सहकारी ऐन, २०७४ ?

सहकारी ऐन, २०७४ संविधानसँग बाझिने गरी आएको देखिन्छ । नेपालको संविधान, २०७२ को अनुसूची ५ को क्रम संख्या २८ मा स्पष्ट रुपमा सहकारी नियमन सङ्घको एकल अधिकारभित्र राखिएको छ।


तर, संविधान जारी भएपछि बनेको सहकारी ऐन २०७४ मा भने सहकारीको दर्ता, नियमन तथा प्रवर्द्धनको अधिकार सङ्घ, प्रदेश र स्थानीय तह, तीनवटै सरकारलाई हुने व्यवस्था गरिएको छ।

**आवरण**

सहकारी ऐनको दफा १५० मा अन्तरिम व्यवस्था गर्दै भनिएको छ, 'यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि प्रदेश र स्थानीय तहको कानुन नबनेसम्म स्थानीय तहसम्म कार्यक्षेत्र भएका सहकारी संस्थाको दर्ता तथा नियमनका सम्पूर्ण कार्यहरू सम्बन्धित स्थानीय तहबाट र एक स्थानीय तहभन्दा बढी प्रदेशसम्मको कार्यक्षेत्र भएका सहकारी संस्थाको दर्ता तथा नियमनका सम्पूर्ण कार्यहरू प्रदेश सरकारले गाउँ वा नगर सभा वा प्रदेश सभाद्वारा निर्णय गरी यसै ऐन बमोजिम सम्पादन गर्ने व्यवस्था मिलाउन सक्नेछ।'

स्थानीय प्रभावका बेथिति नियन्त्रण पनि स्थानीय सरकारको काम हो। त्यसो गर्न स्थानीय सरकारलाई संवैधानिक हैसियतका साथै कार्यक्षेत्र निर्धारण, अधिकार विनियोजन, राजस्व हस्तान्तरण र संगठन संरचनाको व्यवस्था गरिएको हो। कार्यसम्पादन जटिलतामा सङ्घको अभिभावकत्व पनि छ।

स्थानीय तहले अन्य तह र पात्रहरूसँग सहकार्य गरी स्थानीय


१५०.

शासकीय व्यवस्था निर्माण गर्न सक्छ। कार्यसम्पादन, मार्गदर्शनका लागि स्थानीय जनताले निर्वाचित गरी पठाएको सभा र कार्यकारी कार्यप्रणाली पनि छ। त्यसैले आसन्न निर्वाचनमा स्थानीय निर्वाचकले आफूलाई प्रतिनिधित्व गर्न सक्ने आफ्नै प्रतिनिधि रोज्नुपर्छ, जसले स्थानीय सरकारलाई स्थानीय सेवास्थल बनाउन सामर्थ्य राखोस्।

# इलाम नगरपालिका गुणस्तर परीक्षण (लिजा) ८९ दशमलव ५ र (एफआरए) ९९ दशमलव 0 अंकका साथ उत्कृष्ट

इलाम नगरपालिका स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (एफआरए)मा देशभरकै पहिलो नगरपालिका हो।

इलामको इलाम नगरपालिका नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रलयले स्थानीय सरकार संस्थागत क्षमता स्वमूल्ययांकन प्रणाली (लिजा) र (एफआरए) ले सार्वजनिक गकी आर्थिक ०७९/८० को स्वमूल्यांकनको प्रतिवेदन अनुसार २७६ नगरपालिका मध्ये गुणस्तर परीक्षण पछि कायम (लिजा) ८९.५ र स्थानीय तह वित्तीय शुसासन जोखिम मूल्याङ्कन एफआरए ९९ दशमलव ० अंकका साथ उत्कृष्ट भयो।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको आर्थिक वर्ष २०७९/०८० को मूल्यांकनमा ९९ प्रतिशत सूचाङ्कसहित इलाम नगरपालिका पहिलो भएको हो।

योजना, बजेट तथा कार्यक्रम व्यवस्थापन, कार्यान्वयन क्षमता तथा व्यवस्थापन, लेखाङ्कन तथा व्यवस्थापन, अनुगमन, मूल्ययांकन तथा लेखापरीक्षण र राजस्व व्यवस्थापन यसका सूचक मन्त्रालयले गरेको स्थानीय तह संस्थागत क्षमता मूल्ययांकन (लिसा) मा पनि इलाम नगरपालिका देशभरको पाँचौं र कोशी प्रदेशको पहिलो भएको थियो। आर्थिक वर्ष २०७९/०८० को



लिसामा इलाम नगरले ८९.५ अङ्क प्राप्त गरेको थियो।

इलाम नगरले लिसाका सूचकमध्ये शासकीय प्रबन्धमा ८, सङ्गठन तथा प्रशासनमा ७ दशमलव ७५, वार्षिक बजेट तथा योजना तर्जुमा व्यवस्थापनमा ८ दशमलव ५, वित्तीय आर्थिक व्यवस्थापनमा १० अङ्क पाएको थियो।

यस्तै, सेवा प्रवाहमा १४ दशमलव २५, न्यायिक कार्य सम्पादनमा ७, भौतिक पूर्वाधारमा १०, सामाजिक समावेशीकरणमा १०, वातावरण संरक्षण तथा विपद् व्यवस्थापनमा ८ दशमलव ५ तथा सहकार्य र समन्वयमा ५ दशमलव ५ अङ्क इलाम नगरले ल्याएको छ।

# सामाजिक सञ्जाल अहिले कतिपयका मानिसका लागि मायाजाल



दर्शनाचार्य लक्ष्मीप्रसाद ढकाल

हाल विश्वको सबैभन्दा धेरै सूचना सम्प्रेषण गर्ने माध्यम बनेको सामाजिक सञ्जाल अहिले कतिपयका मानिसका लागि मायाजाल बन्न पुगेको छ । निकट भविष्यमा यो बहुजनका लागि महाजाल अर्थात् चक्रव्यूहमा परिणत हुने निश्चित छ ।

मानव जीवनको अभिन्न अङ्ग बन्न सफल सामाजिक सञ्जालले कैयौँ मूल्य र मान्यता स्थापित पनि गरेको छ जस्तैः सूचना सम्प्रेषण गर्ने, सूचनामाथिको पहुँच, विविध ज्ञान आर्जन गर्ने, सीपको विकास, नाता सम्बन्ध जोड्ने, व्यापार प्रवर्द्धन, नवप्रवर्द्धन, ज्ञानमा आधारित समाजको निर्माण र गुणस्तरीय सेवा प्रवाह आदि ।



सामाजिक सञ्जालको प्रयोग गरेर विश्वले नयाँ नयाँ कुरा सिकेको छ र व्यवहारमा लागु पनि गरेको छ । विश्वमा अभिव्यक्ति स्वतन्त्रताको बलियो खम्बाको रूपमा स्थापित सामाजिक सञ्जालहरू जस्तै : इष्टाग्राम, युट्युब, फेसबुक, ट्वीटर, टिकटक, पिन्टेष्ट, स्यापच्याट, लिङ्कइन आदि हुन् ।

मानिस र समुदायको बिचमा अन्तक्रियामार्फत् विचार, रुचि, ज्ञान, मनोरञ्जन, जानकारी एकआपसमा आदानप्रदान गर्ने सशक्त माध्यम बनेको छ सामाजिक सञ्जाल ।

डेस्कटप कम्प्युटर, ल्यापटप, ट्याबलेट र मोबाइलबाट समेत चलाउन सकिने भएकोले यो सबै नागरिकसम्म पहुँच पुर्‍याउन सफल भएको छ । प्रविधिमा भएको विकासको बदलिँदो परिवेशसँगै इन्टरनेट मानवजातिको अत्यावश्यक वस्तुभित्र पर्न सफल भएको विश्वले स्वीकार गरिसकेको छ ।

हाल विश्वमा दुई किसिमको सभ्यता सुरुवात भएको छ, पहिलो भर्चुअल र दोस्रो भौतिक । आउँदो केही दशकभित्र संसारको जनसंख्याभन्दा करिब तीन गुणा बढी जनसंख्या इन्टरनेटमा देखापर्ने आकलन गर्न सकिन्छ ।

अहिले सामाजिक सञ्जालका धेरै रूप छन् । जसमा इन्टरनेट फोरम, वेबलग, सामाजिक ब्लग, माइक्रोब्लगिङ, विकी, पोडकास्ट, तस्बिर भिडियो, चलचित्र आदि ।

सेवा प्रवाहअनुसार सामाजिक सञ्जालको लागि धेरै सञ्चार प्रविधि पनि उपलब्ध छन् । विकिपिडियाका अनुसार फेसबुक अहिले विश्वको सबैभन्दा बढी लोकप्रिय सामाजिक सञ्जालमध्येको एक हो ।

- **किन बढिरहेको छ समाजिक सञ्जालमा दुरुपयोग सामाजिक सञ्जाल चलाउँदा,**
- **खेल्दा अत्यन्त रमाइलो, मजाक हुने भए पनि यसले धेरैको घरबार चौपट बनाइदिएको छ ।**

नाता सम्बन्धमा दरार ल्याएको छ । यसको गलत प्रभावमा परेर विद्यार्थीको पढाइ बिग्रनुको साथै मानव बेचबिखनको जोखिम बढेका समाचार आइरहेका छन् ।

सामाजिक सञ्जालको प्रयोगले स-साना धेरै नानीबाबुको नयाँ विषयवस्तु सोच्ने क्षमतामा ह्रास ल्याउनुका साथै घरबाहिर गएर खेल्ने, सिक्ने, सामाजिक दायित्व निर्वाह गर्ने समय बर्बाद गरिदिएको छ ।

समाजमा विभिन्न विकृति विसङ्गति सिर्जना गर्न, जाति धर्म,

विचारका विरुद्ध आमसर्वसाधारण नागरिकबिच विभ्रम फैलाउन सामाजिक सञ्जालले मलजल गरेको छ ।

कतिपय मानिसका लागि पूर्वाग्रह साध्ने साझा चौतारी बनेको छ अहिले समाजिक सञ्जाल । सूचनामाथि जाजुसी गर्ने, समाज राष्ट्रमा भ्रम फैलाउने, गलफती गर्ने, नानाथरी कुरा काट्नका लागि चिया पसल बनेको छ, सामाजिक सञ्जाल ।

यसको गलत अभ्यासले कैयौँ देशका सरकार समय समयमा निकै विवादमा परेका पनि छन् र राज्यले ठुलो मूल्यसमेत चुकाउनु परेको छ । सामाजिक सञ्जालमार्फत् आफूलाई रिस उठेको मान्छेको हुर्मत काड्ने, गालीगलौज गर्ने, लज्जास्पद र लाल्छनायुक्त शब्द प्रयोग गर्ने प्रवृति बढेको छ ।

कसैसँग रिसइबी साध्न, बदला लिन, जो कसैको फोटा बिगारी, अश्लील सामग्रीको भिडियो बनाई विभिन्न व्यक्ति, समूह र आफन्तजनलाई ट्याग गरी पठाइदिने अनि घर, परिवार, आफन्त, समाज र राष्ट्रमा घृणा फैलाउने, भ्रम सिर्जना गर्ने कार्य दिनहुँ वृद्धि भइरहेको साइबर ब्युरोले गरेको अध्ययनले देखाएको छ ।

समाजिक सञ्जालमा छाउने हल्ला, झुठा समाचारले सत्य र तथ्यमा आधारित समाचार स्रोतलाई समेत ओझेलमा परिदिने गरी फैलिरहेका हुन्छन् ।

आम मानिस नै ती समाचारलाई सत्य ठानेर सेयर, ट्याग र ट्वीट गरिरहेका हुन्छन् । कति मानिसले राम्रो मनसायले ती कार्य गरेको भए पनि त्यसको परिणाम अत्यन्त खराब र घातक साबित हुने गरेको तथ्यले देखाउँछ ।

हिजोआज विभिन्न बहाना बनाई नजिक हुने, घरपरिवार, व्यावसाय, सङ्गठन र राज्यको बारेमा सूचना प्राप्त गर्ने र पछि तिनै सूचनालाई दुरुपयोग गरी उनीहरू माथि नै जाई लाग्ने गरेका घटनाहरू तमाम छन् हाम्रै समाजमा ।

केही मानिसले गलत नियत राखेर शब्द, तस्बिर, श्रव्य, दृश्य सामग्री तयार गरी व्यक्ति, परिवार, समाज र राष्ट्रकाविरुद्ध विभिन्न भ्रम, अफवाह फैलाउने गरिरहेका उदाहरणहरू प्रशस्त छन् । सामाजिक सञ्जालको दुरुपयोग गरी कैयौँ स्थानमा चोरी, ठगी, अपहरण, बलात्कार, यौनदुराचार, मानव बेचबिखन, व्यक्तिगत वा सङ्गठनिक सूचनाको चुवावट र चोरी हुने गरेको छ ।

यसले आममानिसमा भ्रम, तिरस्कार, दोष, नौराश्यता, कुन्ठा, बैमनस्यता पैदा गरेको नेपाल प्रहरीको दाबी छ ।

बरिष्ठ पत्रकार किशोर नेपालका अनुसार, सामाजिक सञ्जालमा छाएका व्यक्ति एकै विचार समूहका हुँदैनन् । विविध विचार समूहका ती मानिस, जो सम्पन्न संसारमा रमाउन चाहन्छन्, आफ्ना असामाजिक विचारसहित रमाइरहेका हुन्छन् ।

सामाजिक सञ्जाल अहिले निकै असामाजिक विचार र सामग्रीले भरिँदै गएको पाइन्छ । यसमा प्रेषित कतिपय सामग्री, विचार झुठा, भ्रम फैलाउने, दङ्गाफसाद गराउने, अरूको चरित्रहत्या गर्ने, मानमर्दन गर्ने, पीडितमा अनेक खालका पीडा, डर, बेचैनी, डिप्रेसन पैदा गरिदिने, खालका हुने हुँदा अब यो असामाजिक सञ्जाल बन्न पुगेको हो कि भन्न सकिन्छ ।

यसको लतमा फसेपछि अन्त्यमा मृत्युको मुखसम्म पनि मानिसलाई पुऱ्याएको अन्तर्राष्ट्रिय एक अध्ययनले देखाएको छ ।

सामाजिक सञ्जाल गफाडीका लागि गफ लगाउने साझा चौतारी भएको छ, अहिले । कतिपय मान्छे तीनै गफको पछि लागेर कमेन्ट, लाइक, सेयर, पोष्ट गर्न अरूलाई उत्प्रेरित गरिरेहका हुन्छन् । उनीहरू स्वयंलाई थाहा हुँदैन कि यसको परिणाम के हुन्छ र यस कार्यले कस्तो सजाय आकृष्ट गर्छ ।

यसको परिणाम कि त सजाय भोग्नेलाई थाहा छ कि त जागिर गुमाउनेलाई थाहा छ । अहिलेसम्म सयौँ जना सजायको भागीदार र कैयौँ जनाले नेपालमा समेत जागिरबाट हात धुनु परेका उदाहरण छन् ।

## कानुनी अड्चन

नेपालमा सामाजिक सञ्जाललाई नियमन र नियन्त्रण गर्ने कानुन प्रयाप्त छैन । कानुन निर्माणमा ढिला भएकै छ । कानुन समयमा नबन्दा अन्यायमा परेकाले न्याए पाउन सकिरहेका छैनन् । कानुनले मात्र सबै ठिक हुन्छ, त्यसो पनि सत्य होइन तर इन्टरनेट र सामाजिक सञ्जाललाई समेट्ने कानुन चाँहि देशलाई चाहिएको छ । सरकारले यसलाई चासो र चिन्ताका साथ लिन जरुरी छ ।

## जनचेतनाको कमी

हामी सूचना प्रविधि र सामाजिक सञ्जाल प्रयोगका हिसाबले धेरै नै अपरिपक्व अवस्थामा छौँ । सबैका बुवाआमा, छोराछोरी, आफन्त, गुरु गुरुआमा, मान्यजन, अग्रज, भाइबहिनी र साथीसँगी प्रायः सबै सामाजिक सञ्जालमा रमाइरहेका हुन्छन् ।

समय यसै खेर गएको हुन्छ । के हेर्ने के नहेर्ने, के लेख्ने के नलेख्ने, के सेयर गर्ने के नगर्ने, कस्तो सामग्री राख्ने कस्तो नराख्ने धेरैलाई ज्ञान अलि कम छ, त कतिलाई छैन नै । पाए जति, भेटाए जति सबै हेर्ने, प्रयोग गर्ने त्यसो गर्दा त्यो दुरुपयोग भइसकेको थाह नहुन पनि सक्छ ।

जब हाम्रा आमाबुवा, दाजुभाइ दिदीबहिनी, आफन्त, गुरुहरू मान्यजन, अग्रजहरूमा सामाजिक सञ्जाल सञ्चालन र प्रयोगको बारेमा चेतना, ज्ञान आउँछ तब मात्र हाम्रो घर, परिवार, समाज, विद्यालय, महाविद्यालय र विश्वविद्यालयका गुरुहरूले नियन्त्रणको प्रयास सुरु गर्नु हुनेछ । आफन्तजन, अग्रजले सल्लाह सुझाव

दिनुहुनेछ जो अहिले उहाँलाई आवश्यक छ। अतः राज्यको ध्यान नियमन र नियन्त्रणभन्दा पहिले सामाजिक जागरणमा जान जरुरी छ।

शिक्षक, प्रशिक्षक, समाजसेवी तयार गर्न आवश्यक छ। राज्यले गुरु योजना बनाएर लागु गर्न चाहेमा नसकिने कुरा पनि होइन। आमसञ्चार माध्यम र सामाजिक सञ्जाललाई नै सामाजिक जागरणको कार्यक्रममा उपयोग गर्न सकिन्छ। यसका लागि सरकारले डिजिटल साक्षरता कार्यक्रम तुरुन्त लागु गर्नुपर्छ।

सामाजिक सञ्जाल र सूचना प्रविधिको प्रयोगको हिसाबले हामी पनि अन्य विकसित देशका नागरिकभन्दा कम छैनौं तर सामाजिक सञ्जाल प्रयोगकर्ताको दैनिक गतिविधि नियाल्दा लाग्छ यसको सदुपयोगभन्दा दुरुपयोगमा बढी ध्यान गएको हो कि ?

आफूले प्रयोग गरेका वा राख्ने गरेका सामग्रीको सकारात्मक र नकारात्मक पक्षको बारेमा ज्ञान अभाव भएको हो कि ? यो हाम्रो सामाजिक मूल्य मान्यताभित्र पर्छ कि पर्दैन, हाम्रो धर्म संस्कृतिभित्र पर्छ कि प्रदैन, हाम्रो कानुनले छुट दिएको छ कि छैन। त्यसतर्फ हेक्का नभएको हो कि ? कारण जे सुकै भए पनि आज कैयौं सोझा नागरिक सामाजिक सञ्जाल सही तरिकाले सञ्चालन र उपयोग गर्न नजान्दा प्रहरीको फन्दा पर्न बाध्य भएको सत्य हो।

राज्यले अनुसन्धान गर्दा अपराधी नछुटून् र सोझा जनता नफसून् भन्ने कुरामा ध्यान केन्द्रित गर्न जरुरी छ। अन्यथा, धान खाने मुसो, चोट खाने भ्यागुतोजस्तै हुनेछ। सूचना प्रविधिको प्रयोगको अधिकतम फाइदा उठाउँदै सामाजिक सञ्जालको उपयोग गर्दा सबै सचेत र सजग बनौं।

# ३२ करोड ६० लाखको "धनगढी सभागृह" प्रयोगविहीन



कैलाली। धनगढी उपमहानगरपालिका-८ धनगढीगाउँमा निर्माण गरिएको 'धनगढी सभागृह' स्वामित्व हस्तान्तरण नहुँदा प्रयोगविहीन बनेको छ। सहरी विकास मन्त्रालयअन्तर्गत सङ्घीय आयोजना कार्यान्वयन एकाइ धनगढीमार्फत् निर्माण गरिएको सो सभागृहको स्वामित्व हस्तान्तरण नहुँदा प्रयोगविहीन भएको हो।


दुई वर्ष अगाडि निर्माण सम्पन्न भएको उक्त सभागृहमा सात सय जना क्षमताको एउटा मुख्य हल, दुई सय जना क्षमताको कार्यक्रम कक्ष, एक सय सवारीसाधन अटाउने क्षमताको पार्किङ निर्माण गरिएको आयोजना कार्यान्वयन एकाइका सूचना अधिकारी सौरभ कलौनीले जानकारी दिए। उनका अनुसार सङ्घीय सरकारको ३२ करोड ६० लाख ८१ हजारको लागतमा सभागृह निर्माण गरिएको हो।

वि.सं २०७५ माघदेखि निर्माण सुरु भएको सभागृह २०७० असारमा निर्माण सम्पन्न भएको थियो। निर्माण कम्पनी 'विकेओआई एमके रोयल' जेभीले सभागृह निर्माण गरेको आयोजना कार्यान्वयन एकाइका सूचना अधिकारी कलौनीले बताए।

धनगढी उपमहानगरले उपलब्ध गराएको एक बिघा जग्गामा निर्माण भएको उक्त सभागृहमा रङरोगन, विद्युत् जडानलगायत काम भइसकेका छन्। 'निर्माण सम्पन्नपछि धनगढी उपमहानगरपालिकालाई हस्तान्तरण गर्ने तयारी थियो', सूचना अधिकारी कलौनीले भने, 'उपमहानगरले फर्निचर तथा साउण्डसिस्टम जडान नभएको भन्दै बुझ्न मानेन। त्यसैले अहिलेसम्म हस्तान्तरण हुनसकेको छैन।'

'साउण्डसिस्टम जडानका लागि हामीले पटक-पटक सङ्घीय सरकारलाई बजेट माग गर्दा पनि सुनावाइ भएन', उनले भने, 'अहिले रु १५ लाख बजेट आएको छ। त्यसले पुग्दैन। साउण्डसिस्टम जडानका लागि न्यूनतम रु ८० लाखदेखि रु एक करोडको हाराहारीमा बजेट आवश्यक पर्छ।' धनगढीमा हुने सभा, गोष्ठी, बैठक सेमिनारजस्ता ठूला कार्यक्रम गर्ने उद्देश्यले बनेको उक्त सभागृह सञ्चालनमा आउन नसक्दा सरकारी कार्यालयले त्यस्ता कार्यक्रम होटल, पार्टीप्यालेसमा महँगो भाडा तिरेर सञ्चालन गरिरहेका छन्।

# स्थानीय सरकारद्धारा नमुना गाउँ व्यवस्थापनमा कृषि, पर्यटन व्यवसाय बलियो आधार



शिव अधिकारी



देशको सामाजिक आर्थिक र सामूदायिक परिवेशमा विद्यमान समस्या सम्वन्धित क्षेत्रवाटै समाधान गर्ने प्रयाश स्वरूप एक व्यवहारिक विकास अवधारणाको आवस्यकतादेखिएको छ । यो अवधारणा अनुरुप कार्यक्रम तयार गरी कार्यान्वयनमा ल्याउन सके समाजका जुनसुकै वर्ग, क्षेत्र र पेशाका व्यक्तिहरूको आर्थिक स्तर माथि उठ्नुका साथै एक सार्थक र सम्पन्न समाजको निर्माण गर्न सजिलो हुने छ । फलस्वरूप स्थानीय श्रोतको परिचालनको लागि आतुर युवा एवं सकृय समूदायहरू नमुना गाउँ तयार गरी सवैका सामू त्यस्ता गाउँलाई सम्पन्नताको प्रस्तुती दिन सफल हुनेछन् । त्यस्ता युवा तथा सकृय जनशक्तिले रोजगारिको लागि विदेश धाईरहनु पर्ने छैन ।

## नमुना गाउँ विकास कार्यक्रम

नमुना गाउँ विकास, कार्यक्रमको सवैभन्दा तल्लो र आधारभूत ईकाई हो । आजसम्म भएका कुनै पनि कार्यक्रमको प्रभावकारिता नदेखिएको कारण मुलुकको सामाजिक एवं आर्थिक क्षेत्रमा जगको रुपमा काम गरिरहेको व्यक्ति, परिवार र समाजसंग संवन्धित हुँदै व्यवहारिक रुपमा गाउँबाटै सुदृढ वनेर अगाडी बढ्नको लागि शुरु गरिएको कार्यक्रम हो । प्रतिस्पर्धात्मक आधारभूमिमा हुर्कन सक्ने वाटोवाट कृयाशील विकास कार्यक्रमको रुपमा आएकोले यसको आवश्यकतामा तिव्रतादेखिएको पनि छ ।

देशका प्रत्येक गाउँका श्रोत र साधन परिचालन गर्ने प्रतिस्पर्धात्मक आधार वनिसके पछि यहाँका युवाहरूले रोजगारिका लागि कुनै पनि देशको उद्योग व्यवसायको हतियार बनेर दुःख पाइरहनुपर्दैन । आफू विदेशिनको साटो आफ्नै गाउँमा उत्पादन भएका सामान विक्रि गरेर त्यस्ता सामानलाई विश्व बजारमा विक्रि गरि रोजगारीका अवसर खोज्ने मात्र होईन विदेशी कामदार समेतलाई रोजगारी दिन सक्ने वातावरण वन्न सक्छ । यसर्थ कृषि विकास तथा सहकारी मन्त्रालयको यस सन्दर्भमा ठुलो भूमिका भएपनि सवै मन्त्रालयले पूर्वाधार विकासदेखि उत्पादन क्षेत्रलाई सवलिकरण गर्न दरो कार्यक्रम संचालनमा ल्याउनु जरुरी भैसकेको छ ।

## नमुना गाउँ कसरी ?

अव समाजमा एउटा नयाँ खालको वातावरण वनाउने प्रयत्न भएन भने यहाँको आर्थिक अवस्था नाजुक हुनुका साथै देशमा विकराल समस्या देखा पर्नुलाई नौलो मानिरहनु पर्दैन । यसर्थ अव नेपालको सिङ्गो विकास भनेर कराई रहनुको परिणाम केहीदेखिएन । त्यसैले अव प्रत्येक गाउँलाई देशको इकाईको रुपमा लिएर त्यस्ता गाउँलाई विकास गर्न स्थानीय स्तरका श्रोत साधन परिचालन गरि नमुना वनाउन पटि लाग्नुले नतिजा लिन गारो पर्ने छैन ।

क. गाउँको उपलब्ध जमिनको उपयोगिता स्पष्ट हुने गरि नक्सा तयार गर्ने ।

ख. जमिनको वर्गिकरण गरि उपयोगिता निर्धारण गर्नेः खेती, वसोवास, मनोरञ्जन, पशुपालन, धार्मिक, आदि एकिन गर्ने । यसरी जमिनको वर्गिकरण गरिसकेको क्षेत्रमा कुनै अर्को व्यवस्था गर्नुपरेमा नियम वनाएर मात्र परिवर्तित व्यवसाय गर्ने गरि व्यवस्था मिलाउने ।

ग. गाउँमा भएका सम्पूर्ण साधन र श्रोतको पहिचान सहितको आर्थिक उपयोगिताको विवरण तयार गरि प्रयोगमा ल्याउने । यसरी प्रयोगमा ल्याउँदा त्यस्ता श्रोतको संरक्षण समेत गर्ने व्यवस्था मिलाउने ।

घ. कृषि उत्पादनलाई विशेष प्राथमिकताका साथ संचालनमा ल्याउनका लागि कुन ठाउँमा के उत्पादन गर्ने भन्ने एकिन गर्न गाउँ कमिटीले विशेषज्ञको परामर्स लिने र सोही अनुसार खेति गर्ने व्यवस्था मिलाउने ।

ङ. खेति गर्ने काममा युवाहरूलाई प्रोत्साहित गर्नको लागि स्थानीय विद्यालयस्तरको शिक्षामा समेत कृषि तथा व्यवसायिक विकास सम्वन्धि पठन पाठन गराउने व्यवस्था मिलाउने ।

च. प्रत्येक गाउँमा त्यहाँ उपलब्ध वातावरण अनुसार पशुपालन, चिया, अलैची, फलफूल, तरकारी, खाद्यान्न, दुध, मासु,माछा, उत्पादनको बैज्ञानिक एवं व्यवहारिक विकास गर्न रसायन मुक्त प्रांगारिक मल तथा जैविक किट नासक प्रयोग गरि गाउँलाई नै रसायन मुक्त क्षेत्र घोषणा गर्ने ।

छ उत्पादित स्थानीय बस्तुको प्रसोधन तथा बजार व्यवस्थापन केन्द्र स्थापना गरि उत्पादन सामग्री स्वदेशी तथा विदेशी बजारमा विक्रि गर्ने व्यवस्था मिलाउने ।

ज. सवै गाउँमा कृषि सेवाकेन्द्र स्थापना गरि कृषि प्राविधिक तालिम निरन्तर रुपमा संचालन गर्नुका साथै कृषि प्राविधिक सेवा आवश्यक पर्ने वित्तिकै उपलब्ध गराउने व्यवस्था गर्ने ।

झ. स्थानीय स्तरमा उत्पादन क्षेत्र संरक्षणको व्यवस्था मिलाउने र केही गरि नोक्सान हुन गएमा क्षतिपूर्ति दिई उत्पादकलाई निर्धक्क कृयाशील रहन प्रोत्साहित गर्ने ।

ग्रामीण स्तरका ऐतिहासिक, सास्कृतिक, धार्मिक एवं आर्थिक कृयाकलापहरूको आकर्षण सहित प्रत्येक गाउँमा पर्यटकीय स्थलको विकास र होम स्टे जस्ता कार्यक्रम संचालन गरि कृषि पर्यटन विकास कार्यक्रमलाई विस्तार गर्ने ।

## कृषि क्षेत्रलाई प्रोत्साहित गर्ने व्यवस्था

देशको सहज प्रयोगमा आउन सक्ने उत्पादन क्षेत्र भनेको कृषि नै हो । यसलाई व्यवस्थित नगरेसम्म देशको विकासको कुरा कुरामा मात्र सीमित हुनपुग्छ । यसर्थ कृषि विकास तथा सहकारी मन्त्रालयले कृषि व्यवसायको प्रवर्द्धनमा लाग्ने जनशक्तिलाई प्रोत्साहित गर्ने व्यवस्था गरेको छ ः

१ देशका सवै गाउँहरूमा त्यस क्षेत्रको कृषि व्यवसायिक संभाव्यता हेरी तालिम केन्द्र स्थापना गर्ने ।

२ कृषि व्यवसाय सुदृढ गर्न सम्वन्धित गाउँका प्रत्येक घर परिवार तथा समूदायलाई सकृय राख्न एक परिवार एक व्यक्ति कृषि प्राविधिक शिक्षा भन्ने अभियान संचालन गर्नुका साथै कृषि व्यवसायमा संलग्न भै कृयाशील हुने युवा तथा सकृय जनशक्तिलाई कम्तिमा मासिक रु.१००० प्रोत्साहन भत्ता प्रदान गर्ने ।

३ कृषि व्यवसायमा लगानी गर्ने ठूलाव्यापारी वा देशका पूँजिपतिहरूलाई उनिहरूले कृषिमा गरेको लगानीमा करछुटको सुविधा दिने ।

४ बैंक तथा वित्तीय संस्थाहरूले आफूले गरेको लगानीको ५ प्रतिशत रकम सामूहिक जमानीमा सामुदायवाट गरिएको खेतिमा विनाधितो लगानी गर्ने व्यवस्था मिलाउने ।

५ बैंकहरूले ८ प्रतिशत मात्र व्याजमा कृषि व्यवसायिकरण कर्जा प्रदान गर्ने व्यवस्था मिलाउने ।

६ प्रत्येक गाउँमा त्यहाँ उपलब्ध वातावरण अनुसार पशुपालन, चिया, अलैची, फलफूल, तरकारी, खाद्यान्न, दुध, मासु,माछा, उत्पादनको बैज्ञानिक एवं व्यवहारिक विकास गर्न प्रांगारिक मल तथा जैविक किट नासक प्रयोग गरि गाउँलाई नै रसायन मुक्त क्षेत्र घोषणा गर्ने ।

७ उत्पादित स्थानीय बस्तुको प्रसोधन तथा बजार व्यवस्थापन केन्द्र स्थापना गरि उत्पादन सामग्री स्वदेशी तथा विदेशी बजारमा विक्रि गर्ने व्यवस्था मिलाउने यस्ता उद्योग स्थापनाको लागि पूँजिगत खर्चको ४० प्रतिशत अनुदान दिई सरकारको तर्फवाट यस्ताउद्यमीलाई प्रोत्साहित गर्ने ।

८ सवै गाउँमा कृषि सेवाकेन्द्र स्थापना गरि कृषि प्राविधिक तालिम निरन्तर रुपमा संचालन गर्ने । यसको साथै आधुनिक प्रविधि टनेल, ग्रिनहाउस, कोल्ड स्टोरेज, क्याविन, गोठ निर्माण जस्ता प्रारम्भिक कार्यमा सहयोग दिई युवा उद्यमीलाई सकृय राख्न यसप्रकारका निर्माण खर्चको ८० प्रतिशतसम्म अनुदान दिने व्यवस्था मिलाउने ।

९ स्थानीय स्तरमा उत्पादन क्षेत्र संरक्षणको व्यवस्था मिलाउने र केही गरि नोक्सान हुन गएमा क्षतिपूर्ति दिई उत्पादकलाई निर्धक्क कृयाशील रहन प्रोत्साहित गर्ने ।

१० ग्रामीण विकासको लागि प्राप्त फण्ड र त्यस्ता विभिन्न स्वदेशी तथा विदेशी संस्थावाट हुने सहयोग रकमलाई कृषि विकास बैंक मार्फत् लगानी गरि सदूपयोगिताको अनुगमन समेत गर्ने व्यवस्था मिलाउने । कृषि विकास बैंकलाई विशेष ऐन अन्तर्गत सरकारको पूर्ण स्वामित्वको आधारशीलामा देशको आधारभूत विकासमा योगदान गरिरहेको कृषि क्षेत्रको विकासमा सहयोगीको भूमिका निर्वाह गर्ने दरो संस्थाको रुपमा संचालनमा ल्याउने । यसको साथै हाल ग्रामीण विकास र गरिवी निवारणको लागि भनेर संचालनमा रहेका साना तथा युवा स्वरोजगार, गरिवि निवारण, कृषि व्यवसायिकरण, हिमाली विकास आदि जे जति संस्थाहरू छन् त्यस्ता संस्थावाट प्रदान गरिने रकमलाई वित्तीय संस्थावाट प्रवाहित गर्ने दरो व्यवस्था मिलाउने । यसरी प्रवाहित हुने सहयोग रकमलाई उत्पादनशील क्षेत्रमा लगानी गराउने र अवको पाँच बर्ष भित्र देशभरका गाउँलाई नमुना गाउँको रुपमा चिनाउने प्रतिस्पर्धात्मक आधार तयार गरि कार्यक्रम संचालनमा गर्ने । यसरी यो मुलुकको आर्थिक सामाजिक रुपान्तरण सहज हुन गई नेपाललाई विश्वसामू सम्पन्न देशको रुपमा पहिचान दिने

सफलता हासिल गर्न सक्ने गरि कार्यक्रम संचालनमा ल्याउने ।

११ प्रत्येक गाउँमा ग्रामीण उद्यमशीलता विकास आयोजना (Rural Entrepreneurship Development project-REDP) संचालन गरि गाउँक युवालाई उद्यमी वनाउने कार्यक्रम ल्याउने ।

## नमुना गाउँ कार्यक्रममा संलग्नता

समाजको उत्पती र विकास क्रमसंगै असंख्य आवश्यकताको बढोत्तरी आधार बोकेर विकसित भैरहेको छ । आवश्यकतासंगै आजको युगले सामाजिक सुविधाका निम्ति प्रचुर आविस्कार सहित सवैलाई लोभ्याईरहेको अवस्था छ । यसरी लोभिदै गर्दा सम्पन्न हुने निहुमा काटमारका घटना पनि प्रसस्तदेखिने गरेका छन् । यसर्थ आज नमुना गाउँ विकास कार्यक्रमले स्थानीय स्तरकै श्रोत र साधन परिचालनवाट देशलाई सम्पन्न वनाउने बाटो वनाउन खोजेको छ ।


हाम्रो जस्तो देशमा सधै देखा परिरहेको गरिवी र पछौटे पन समेतको निराकरणको लागि अव व्यक्ति व्यक्ति नमुना वन्नुपर्ने, समाज गाउँ गाउँ नमुनाको प्रतिस्पर्धामा उभिदै राष्ट्रलाई सवल वनाउन सवै वर्ग, पेशा, क्षेत्र र समूदाय एकतृत भएर लाग्नु पर्ने वेला आईसकेको छ ।

गाउँलाई प्रतिस्पर्धी वनाएर पुरस्कृत गर्ने जस्ता प्रोत्साहनको आधार सरकारले वनाउन सके देश निर्माणमा कुनै ढिलाई हुन्छ भन्ने लाग्दैन । यसर्थ कृषि विकास तथा सहकारी मन्त्रालयले नमुना गाउँ विकास कर्यक्रमलाई सवल वनाउन सवैको संलग्नता रहने गरि ठाउँ सुहाउँदो कृषि व्यवसायलाई प्रभावकारी ढंगले संचालनमा ल्याउनु पर्छ ।

संलग्नताको प्रकृयामा आजको परिवेश सुहाउँदो समाजका सवै जात जाति, वर्ग, लिङ्ग, धर्म, संप्रदाय, पेशा, परम्परा समेतको समन्वयात्मक आधारशीला तयार गर्नुपर्छ । यसरी कार्यक्रम तयार गर्दा त्यस्तो कार्यक्रमको स्वामित्व सवैले लिने गर्दछन् र कार्यान्वयनमा सहजता ल्याउन सजिलो पर्दछ । यतिमात्रले नपुगेर समाजमा कृयाशील राजनीतिक शक्तिहरू समेत नमुना गाउँ विकासमा प्रतिस्पर्धात्मक रुपमा अगाडी आउनुपर्छ । यसको साथै सरकारी निकायको एकिकृत सेवा प्रवाहको महत्व अझ दरो रहन्छ । यसर्थ नमुना गाउँ विकास कार्यक्रममा सवै संगै जाउँ अभियानमा उत्रिएर उएकृत रुपमा प्रस्तुत हुनु जरुरी भैसकेको छ ।

## प्रस्तावित विकास संरचना

नमुना गाउँ भनेर मात्र हुँदैन । यसको लागि अनुशसित समाज चाहिन्छ । त्यो समाज गाउँ गाउँको इकाइको रुपमा पाइन्छ । त्यस्तो इकाईको समग्र स्वरूप गाउँ हो र गाउँ गाउँको समग्र स्वरूप जिल्ला हो । यस्तै जिल्ला जिल्लावाट प्रान्त एवं सगठित र सवल राज्य वन्न सक्छ । यसर्थ एउटा गाउँमा विद्यमान परिस्थिति अनुसार निम्न अनुसारको समन्वयात्मक संजाला बनाएर संगठित गर्न सकिन्छ ।



यसरी नमुना गाउँ विकास समन्वय समितिमा विभिन्न सामाजिक इकाईहरू संलग्न हुन्छन् । त्यस्ता सवै संगठित इकाईहरू कृयाशील राख्नको लागि समन्वय समितिले कार्ययोजना अनुरुप काम गर्ने गर्छ । यसको लागि सवल र व्यवहारिक कार्यविधि तयार गर्नु जरुरी हुन्छ ।

## नमुना गाउँ कार्यक्रमवाट हुने उपलब्धि

यो कार्यक्रम वास्तविक रुपमा लक्षित वर्गसम्म पुग्ने गरि संचालनमा ल्याउन सहज कार्यक्रम हो । यो कार्यक्रमवाट प्रत्येक व्यक्ति, परिवार, गाउँ गाउँको अनुशासित एवं उत्पादनशील संस्कार वन्न पुग्छ । जस्ते गर्दा समय, श्रोत र साधन खेर फालेर रोजगार विहिन हुँदै विदेशीको दैलो कुर्ने र न्यून पारिश्रमिकमा कठोर श्रम गर्ने जस्ता पीडा जनक परिस्थितिवाट देशलाई नै मुक्त राख्न सकिन्छ । सार्थ यसको उपलब्धीको वारेमा विस्तृत रुपमा छलफल गरेर बूँदागत रुपमा निरुपण गर्नु पर्ने हुन्छ ।

### विकास नीति तथा कार्यक्रम (अवधारणा) के भयो ?

कुरा र कितावमा मात्र सिमित भएको विकासको अमूर्त गफलाई मूर्त रुप दिन अव नयाँ तरिका वा व्यवहारिक आधारशीलावाट सोच्नु,वोल्नु, लेख्नु, र काममा ल्याईहाल्नु पर्ने अवस्था आईसकेको छ । किनभने विकास भनियो गरिएन, लेखियो पढिएन, कार्यक्रम वनाईयो प्रयोगमा आएन जस्ले गर्दा यो मुलुक धेरै साधन र श्रोतको भण्डार भएपनि केही नभएको जस्तो रित्तो हुँदै गएको छ । जता ततै रिक्तताले भरिएको समाज जटिल समस्यावाट जेलिएको छ । समाजमा पनि कृयाशील जनशक्ति वाहिरिएको अवस्था छ । पढ्ने लेख्ने र आफूलाई सक्षम वनाएर राष्ट्रलाई योगदान दिने क्षेमताका युवा युवतीहरू खाडीको तातो घाममा सेकिईरहेका छन् । कतिलाई

त्यहाँका वदमासले नालिमा फालेर हत्या गरेको दुर्दान्त कथा हामि पढिररहेको मात्र होईन दैनिक ३ जनाको लास भित्र्याएर दाहसंस्कार गरिरहेका छौँ । ती युवाहरूका आश्रितको दर्दनाक उपस्थिति हामी आज टुलुटुलु हेरि रहेका छौँ । अविश्वास र अनिश्चितताले मुलुक मडारिईरहेको छ। यहाँको उत्पादन वाहिरी देशमा पठाउने क्षेमताको यो देश भिखमङ्गा जस्तो वनेर लत्ताकपढाको त कुरै नगरौँ खाद्यान्न, तरकारी, मासु, दुध जस्ता सामान समेत वाहिरवाट झिकाएर वाच्नु पर्ने विचित्रको अवस्थामा वदलिएको छ। यो अवस्था अव लामो समयसम्म रहेमा देशको अस्तित्व कतै इतिहासमा पो खोज्नु पर्ने हो की भन्ने विन्दूसम्म हामी पुग्न लागि सकेका छौँ।

## के गर्ने त ?

देशको दुर्दशालाई युवाहरूले अव टुलुटुलु हेरिरहनु हुँदैन । युवा एवं बौद्धिक समूदाय गम्भिर वनेर केही उपायको खोजि गरिहाल्नु पर्ने अवस्था आईसकेको छ। युवा विदेशीने क्रममा तिब्रता रहेसम्म यो बिषयमा गम्भिर्यता रहेको भन्नु वेकार हुन्छ । यसर्थ यहाँको राजनीतिक शक्ति, सरकार एवं सम्पूर्ण प्रशासनिक निकाय र सामाजिक संस्थाहरू समेत एकसाथ यो दुर्दशा मेटाउन लाग्नु पर्छ।

सवै एकसाथ सोच मग्न भै कृयाशील हुन थाले पछि कस्तै व्यवधान पनि नजिक पुग्न सक्दैनन् र सहज कार्यक्रम संचालनमा ल्याउन सजिलो हुन्छ। यसर्थ अव के गर्ने त भन्ने प्रश्नको जवाफमा आफैले स्थानीय रुपमा गरिरहेका कामलाई नै परिमार्जन गरेर अगाडी बढ्ने हो । खेति गरिएको छ भने त्यो खेतिलाई अझ व्यवस्थित गर्ने र उत्पादन बढाउने बाटो खोज्ने। उत्पादनलाई बजारमा लैजाने र आम्दानीको वाटो वनाउने । यस्तै धेरै क्षेत्रलाई विस्तृत आधार भूमिमा विकास गर्न सकिन्छ।

## श्रोत परिचालन व्यवस्थापन

विकास कार्यक्रम संचालनको लागि राज्य संयन्त्र नै विकास मूलक वन्न सक्नु पर्छ। त्यहाँ निश्पक्षता, सरलता, सकारात्मकता, स्वच्छता, र कृयाशीलता रहनु आवश्यक छ। यदी यी कुनै विषयको अभाव रहेमा मूलुकको विकास कुरामा मात्र सीमित हुन पुग्छ । विगतमा हुने गरेको यस्तै हो । जस्ले गर्दा बूँदागत रुपमा अनेकौँ समस्याले ग्रस्त समाजलाई विस्तारै माथि उठाउनको लागि उपयोगी हुने आशयले निम्न अनुसार कार्यक्रम प्रस्तुत गरिएको छ।

१ विद्यमान सामाजिक संरचनाको अध्ययन गरि यसलाई कृयाशील शक्तिको रुपमा परिणत गर्ने ।

२ स्थानीय साधन र श्रोतको पहिचान गरि त्यस्ता श्रोतको उपयोग गर्ने शीपको विकास गर्ने ।

३ सामाजिक स्तरलाई स्वतः स्फूर्त रुपमा परिचालन गर्न साना साना उत्पादन समूहहरू गठन गर्ने ।

४ सामाजिक क्षेत्रमा गठन गरिएका उत्पादन समूहलाई स्थानीय श्रोतको परिचालन गर्न सक्ने वनाउन सोही अनुरुपको शीप प्रदान गर्ने ।

५ ग्रामीण क्षेत्रका मनोरञ्जक स्थलहरूलाई आकर्षक वनाउने र त्यस्ता ठाउँहरूमा सवै क्षेत्रका जनताको पहुँच पुऱ्याउने व्यवस्था मिलाउने ।

६ देश भर सिर्जनात्मक सहकारी समूह गठन गरि तिनै समूहलाई आत्म निर्भर वनाउन आर्थिक एवं सामाजिक विकास सम्वन्धि कार्यक्रमहरू संचालनमा ल्याउने ।

७ राष्ट्रिय उत्पादन संसाधनको समान वितरणको लागि ग्रामीण तथा क्षेत्रीय स्तरमा विभिन्न कार्यक्रमहरू संचालनमा ल्याउने । जसमाः

क. उत्पादनमूखि र शीपमूलक शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउने ।

ख. श्रम शक्तिको स्वदेशमै प्रयोगमा ल्याउने र त्यसलाई उत्पादनशील वनाउने ।

ग. ग्रामीण क्षेत्रमा साना साना जल विद्युत योजनाको निर्माण गर्न सकिने क्षेत्रमा जलउपयोग गरि विजुलीको उत्पादनद्वारा कमसेकम विजुली वत्तिको सुविधा दिनुको साथै संभव भएको खण्डमा साना तथा घरेलु उद्योग संचालनमा सहयोग पुऱ्याउने । यदी जल विद्युतको संभावना नभएको क्षेत्रमा सौर्य शक्तिको प्रयोगवाट अन्धकारमा वस्ने वाध्यता वेहोरीरहेका जनतालाई उज्यालो प्रदान गर्ने ।

घ. जमिनको उपयोगिताको अध्ययन गरी वातावरण र ठाउँ सुहाउँदो उत्पादन कार्यमा त्यस्तो जमिनको उपयोग गर्ने र सवै क्षेत्रमा कृषि व्यवसायिकरण एवं स्वास्थ्यकर उत्पादन कार्यक्रम संचालनमा ल्याउने ।

ङ. वन जंगलको संरक्षण र त्यस्ता जंगलहरूवाट उत्पादित श्रोतमा आधारित उत्पादनको लागि व्यवसाय संचालनमा स्थानीय स्तरका जनतालाई सहभागी गराउने । साथै हालका राष्ट्रिय निकुञ्जहरूको संरक्षण र उपयोग गर्नको लागि स्थानीय जनसमूदायलाई नै परिचालन गर्ने र त्यस्ता संस्था संचालनवाट आय आर्जन र रोजगारीको सिर्जना समेत गर्ने व्यवस्था मिलाउने ।

च. प्रत्येक ग्रामीण क्षेत्रमा ग्रामीण वजार संयन्त्र तयार गरि त्यस्ता वजार संचालनमा ल्याउन स्थानीय जनताहरूकै उत्पादित सामग्री संकलन तथा बजार व्यवस्था सहकारी संस्थाहरू स्थापना गर्ने र ग्रामीण स्तरमा उत्पादित सामाग्रिहरू सवै क्षेत्रमा पुऱ्याउने व्यवस्था मिलाउने। यतिमात्र नभएर ग्रामीण क्षेत्रको उत्पादन

सामग्री राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा समेत पुऱ्याउन राष्ट्रिय स्तरमा समेत सहकारि संयन्त्रको स्थापना गर्ने ।

छ. सवै क्षेत्रमा समान एवं गुणस्तरीय शिक्षा र शीप प्रदान गर्नको लागि विद्यमान शैक्षिक संरचनालाई आमूल परिवर्त गर्ने । यस क्षेत्रमा असमानता देखा परिरहेको अवस्थामा नीजि र सरकारी शैक्षिक संस्थाहरूको समन्वयमा पाठ्यक्रम, पाठ्यपुस्तक तयार गरी पठनपठनमा समानता ल्याउने । यसको लागि हालका निजी विद्यालयको आर्थिक अवस्थालाई अध्ययन गरि त्यस्ता विद्यालयले कुनै ग्रामीण क्षेत्रका विद्यालयहरूको संचालनमा साधन जुटाउन सहयोग गर्नुका साथै आफ्नो विद्यालयमा अध्यापन गरिरहेका शिक्षकहरूलाई कम्तिमा पनि एक शैक्षिक सत्रको लागि त्यस्ता विद्यालयहरूमा अध्यापन गर्नको लागि पठाउनु पर्ने व्यवस्था मिलाउने । ग्रामीण क्षेत्रमा अध्ययन गरिरहेका विद्यार्थीहरूलाई आफ्नो स्थानीय स्तरमै उच्च शिक्षाको अवसर प्रदान गर्ने जस्ता विविध उपायहरूवाट शैक्षिक गतिविधिमा सुधार ल्याउन सकिन्छ । साथै प्रत्येक घर घरेलु विद्यालय र प्रत्येक अविभावक त्यहाँको शिक्षक र सवै नागरिक सधै विद्यार्थी जस्ता अभियान संचालन गरि राष्ट्रभर शैक्षिक जागरण ल्याएर पाँच बर्ष भित्र निजी र सरकारी विद्यालय भन्ने कुरा र त्यस्ता विद्यालयको शैक्षिक स्तरमा देखा परेको असमानतालाई निराकरण गर्ने ।

ज. निरन्तर शिक्षा आर्जन गर्नु अधिकारको रुपमा लिने आधारहरू तयार गर्दै आगामी पाँच बर्ष भित्र व्यवसायिक एवं शीपमूलक शिक्षलाई निशुल्क उपलव्ध गराउने व्यवस्था मिलाउने ।

झ. देशका प्रत्येक नागरिकको स्वास्थ सुविधाको लागि स्थानीय स्तरमा स्वास्थ्य तथा तंदुरुस्ति सहकारी संस्थाको स्थापना गरि परिचालन गर्ने र सवै नागरिकलाई साना तिना उपचारको लागि त्यस्ता सहकारी संस्थाको साथै घर घरमा नै सुविधा उपलव्ध गराउने र ठूला समस्याको लागि ग्रामीण स्वास्थ्य सहकारीकै सहयोगमा साधन संपन्न अस्पतालमा उपचारको व्यवस्था मिलाउने । यसका साथै क्रमशः स्वास्थ्य उपचार विस्तारै सुलभ वनाउँदै यसलाई पाँच बर्ष भित्र निःशुल्क उपलव्ध गराउने व्यवस्था मिलाउन सरकार जिम्मेवार रहने गरि कार्यक्रम संचालन गर्ने ।

८ स्थानीय स्तरमै योजना वद्ध ढङ्गले वसोवास गराउनको लागि संपूर्ण पूर्वाधार तयार गर्ने र छरिएका वस्तिलाई उत्पादन मूलक एवं सुविधायुक्त वस्तिको रुपमा एकत्रित गर्ने र त्यस्ता क्षेत्रमा राष्ट्रले उपलव्ध गराउने सवै सेवा सहज रुपमा प्रदान गर्ने व्यवस्था मिलाउनुका साथै शहरी क्षेत्रको जनघनत्वलाई कम गर्दै लाने व्यवस्था मिलाउने ।

९ वस्ति एकत्रित गरेर खालि रहेका क्षेत्रमा तत्कालको लागि सम्वन्धित व्यक्तिहरूकै स्वामित्वमा व्यवसायिक खेतीको शुरुआत गर्ने । यस्ता व्यवसायिक क्षेत्रमा व्यवसायिक शिक्षा आर्जन गरेका विद्यार्थीहरूलाई अभ्यास गराउने र वैज्ञानिक एवं जैविक प्रविधियुक्त खेती प्रणाली शुरु गर्ने र यसरी उत्पादित स्वास्थ्यकर उत्पादनलाई शहरी वस्ती र विदेशमा समेत निर्यात गर्ने व्यवस्था मिलाउने ।

१० प्रत्येक गाउँलाई एक सशक्त प्रशासनिक ईकाइको रुपमा विकास गर्ने र त्यस्ता क्षेत्रमा भएको आयात निर्यातको समेत व्यवस्थित तथ्यांक (Data Base) विश्लेषण प्रत्येक गाउँको प्रतिस्पर्धात्मक आर्थिक कृयाकलापको आधारमा त्यस्ता क्षेत्रको विकासको लागि योजनाबद्ध भै नयाँ र जनमूखी कार्यक्रम संचालन गर्ने ।

११ विदेशी कुटनीतिक नियोगका दूतावासहरूलाई व्यवसाय प्रवर्धन तथा व्यापार केन्द्रको रुपमा प्रयोग गरी त्यहाँ कार्यरत प्रमुख एवं कर्मचारीलाई व्यवसायिक दूतको रुपमा कृयाशील वनाएर देशमा उत्पादित वस्तु तथा सेवालाई अन्तराष्ट्रिय स्तरमा पुऱ्याउने व्यवस्था मिलाउने । यसको साथै जो सुकै विदेश भ्रमण गरे पनि त्यस्तो भ्रमण कर्ताले समेत अस्थायी व्यापारिक दूतको रुपमा काम गर्ने र निजहरूलाई देश भित्रका व्यवसायिक सामग्रीहरूको परिचय गराउने पर्चा आदि साथ दिएर पठाउने व्यवस्था मिलाउने । यसरी विदेश जाने कुनै पनि नागरीकले कमसेकम आफू भ्रमण गरेको पाँच क्षेत्रमा व्यवसायिक सम्पर्क कायम गर्नै पर्ने व्यवस्था मिलाउने ।

१२ राष्ट्रिय उत्पादनको आधारमा आयात निर्यातको सीमा निर्धारण गर्ने र आयात र निर्यातमा भएको विषमतालाई कम गर्दै आगामी पाँच बर्ष भित्र बैदेशिक व्यापार घाटामा नियन्त्रण गर्ने ।

१३ आधुनिक प्रविधिको प्रचार प्रसार र विकास गर्नको लागि साधारण शिक्षा सवैले प्राप्त गर्ने र संचारमा सवैको पहुँच रहने व्यवस्था मिलाउनुका साथै स्वदेशमै संचार प्रविधिको विकास गर्न शैक्षिक गतिविधि सवल वनाउने ।

१४ प्रत्येक गाउँलाई एक सशक्त न्यायिक ईकाइको रुपमा विकास गर्ने र साना तिना मामिला समाधान गर्न टाढा टाढासम्म जानु पर्ने खर्चिलो समस्यावाट जनतालाई मुक्त गर्ने ।

१५ प्रशासनिक इकाईमा सेवा प्राप्त गर्नको लागि जनताले अनुनय विनय गर्नु पर्ने र त्यस्तो सेवा लिन घुस, रिसवत समेत दिनु पर्ने चलनले जनतामा पीडा र समस्या भएको मात्र नभै कर्मचारीहरूको नैतिकतामा समेत प्रश्नचिन्ह लागिरहेको अवस्थामा यस्ता जनविरोधी प्रथाको निराकारण गर्दै जनतालाई सुविधा दिन एक

सशक्त आधार तयार गर्नुका साथै सवै क्षेत्रका पेशागत समूदायलाई प्रतिष्ठित वनाउने व्यवस्था मिलाउने ।

१६ शहरी क्षेत्रलाई व्यवस्थित गर्न ठोस योजना तयार गर्नु पर्ने हुन्छ। खास गरेर काठमाण्डौ उपत्यकाको कुरुपतालाई निराकारण गरी यहाँका वासिन्दालाई सुविधा प्रदान गर्न विस्तृत योजना तयार गर्ने । प्रत्येक घरमा दमकल र एम्वुलेन्ससम्म जान सक्ने गरी सडक सहितको वस्तिको व्यवस्था मिलाउने । घरघरवाट उत्पन्न हुने फोहोरलाई पुनः प्रयोग गर्न सक्ने गरि व्यवस्थित गर्ने ।

१७ शहरी क्षेत्रवाट वग्ने नदीहरू स्वच्छ राख्न ढलको निकास व्यवस्था मिलाउने र नदी किनारको वस्ति व्यवस्थित गर्नुका साथै फोहोर मैलावाट बैकल्पिक उर्जा उत्पादन गर्ने व्यवस्था मिलाउने । खास गरेर काठमाण्डौ उपत्यकालाई विश्वको नमुना शहर वनाउने अभियानका साथ कार्यक्रम संचालनमा ल्याउने ।

१८ आर्थिक अवस्थालाई सुदृढ वनाउनको लागि स्थानीय शीप र साधनको प्रयोगमा जोड दिने । यसको लागि स्थानीय स्तरमा रहेको साधन र श्रोतको तत्थ्यांङ्क पर्याप्त रुपमा संकलन गरि विशेषज्ञद्वारा अनुसन्धान समेत गराएर ठाउँ सुहाउँदो आर्थिक कार्यक्रम संचालनमा ल्याउन स्थानीय सहकारीलाई नै सकृय वनाउने ।

१९ पर्यटन क्षेत्रको विकासको लागि स्थानीय स्तरमा रहेको परम्परा र संस्कृति समेतको संरक्षण र विकासको जरुरत पर्दछ । यसरी प्रचलनमा आएका स्थानीय स्तरका लोक संस्कृतिलाई संरक्षण गरी त्यस्ता संपदालाई छायांङ्कन समेत गराएर स्वदेश तथा विदेशमा प्रचार प्रसारमा ल्याउने ।

२० प्रत्येक ग्रामीण क्षेत्रमा स्वदेशी तथा विदेशी पर्यटकहरूको आवत जावतको लागि सुरक्षित घुमफिर गर्ने सुविधाको साथै आकर्षक वसोवासको व्यवस्था मिलाउने ।

२१ कृषि क्षेत्रमा देखा परेको उदाशिनतालाई कम गर्न बैंकवाट कर्जा कारोवार गरेर सो रकम तिर्न सकेका साना कृषक समूदायलाई सो ऋृणवाट मुक्त गर्न रु.१०,०००/-सम्मको रकममा सावाँ मात्र तिर्ने रु.१०,०००/-देखि रु.५०,०००/-सम्मको रकममा सावाँको आधा व्याज थप गरी बुझाएमा ऋृण चुक्ता गरि दिने र त्यस्ता कृषकलाई चक्लावन्दी प्रकृयावाट खेतिगर्नको लागि आवश्यकता अनुसार पूँजि उपलव्ध गराई उत्पादन कार्यमा सकृय राख्ने व्यवस्था मिलाईने छ ।

२२ बैंकवाट कर्जा कारोवार गरिरहेका रु.५०,०००/- देखि रु.५,००,०००/- सम्मका ऋृणीहरूलाई सावाँ वरावार रकम बुझाएमा ऋृण कारोवारवाट फछ्र्योट गरिदिनुका साथै परियोजना हेरी ऋृण तिर्ने नियतले रकम लिएका तर तिर्न नसकेका ऋृणीहरूलाई समेत विशेष छुट उपलव्ध गराई ऋृण मुक्त गरि नयाँ परियोजना संचालनमा प्रोत्साहित गर्ने ।

२३ गलत नियतले ऋृण लिई बैंकलाई धाराशायी वनाउने व्यक्तिहरूलाई आवश्यक कारवाही गरि निजहरूको घर घरानावाट ऋृण असुल गर्ने व्यवस्था मिलाउने ।

२४ बैकिङ्ग सेवालाई प्रत्येक नागरिकको पहुँचमा पुऱ्याउन गाउँ गाउँमा खोलिएका सहकारी मार्फत् बचत तथा ऋृण कार्यक्रम समेत संचालन गरी ग्रामीण क्षेत्रको पूँजि संग्रह गर्नुका साथै त्यस्तो पूँजिको परिचालन गर्ने व्यवस्था मिलाउने ।

२५ निक्षेपकर्ताको संपत्ति सुरक्षित हुने गरी बैंक तथा वित्तीय संस्थाको कारोवार संचालन व्यवस्था मिलाउने र कृषक र व्यवसायीलाई आवश्यकता अनुसार उत्पादन क्षेत्रमा प्रोत्साहित गर्नको लागि सहुलियत दरमा ऋृण उपलव्ध गराउने व्यवस्था मिलाउने ।

२६ बैंक तथा वित्तीय संस्थामा भएको अनियमिततालाई कडाईका साथ नियन्त्रण गरि ग्राहकमूखि बैंकिङ्ग सेवाको व्यवस्था मिलाउने ।

२७ प्रशासनलाई जनमूखि, चुस्त दुरुस्त राख्नुका साथै कार्यरत कर्मचारीहरूलाई जनउत्तरदायी वनाई मर्यादित वनाउने र जनतालाई सरकारले उपलव्ध गराउने सेवा सरल र सहज वनाउने ।

२८ साना तिना प्रशासनिक सेवा र समस्याको लागि जनतालाई खाजा सामल बोकेर दिनहू सदरमुकाम र राजधानी धाउनु पर्ने अवस्थावाट मुक्त गरि नागरिकता र प्रशासकिन प्रमाणिकरण सम्वन्धि कागज पत्र र प्रमाण-पत्र स्थानीय स्तरवाटै प्राप्त गर्ने व्यवस्था मिलाउने ।

२९ हालको पूर्व पश्चिम राजमार्ग (Highway) लाई रेल संचालन गर्ने र यस मार्गलाई एशियन राजमार्ग (Asian Highway) का रुपमा विकसित गरि क्रमशः अन्तर्राष्ट्रिय राजमार्गको रुपमा परिणत गर्ने ।

३० देशलाई प्रादेशिक ईकाई गठन गर्दा उत्तर दक्षिण सीमावद्ध गर्ने र यो सीमावद्धताको आधारमा उत्तर दक्षिण ऋस रोड निर्माण गर्ने ।

३१ प्रत्येक ग्रामीण तथा पर्यटकीय स्थलमा सहज यातायात व्यवस्था हुन नसके त्यस्तो ठाउँको पहिचान गरी केवल कार अथवा विद्युतीय मार्गको विकास गर्ने ।

३२ आयातित इन्धनको खपत कम गर्न संभाव्य क्षेत्रको पहिचान गरी ग्याँस तेल तथा अन्य इन्धनको बैंकल्पिक व्यवस्था गरि इन्धन आपूर्ति व्यवस्था मिलाउने । संभाव्य क्षेत्रमा विभिन्न खालका वहुमूल्य खनिज पदार्थको समेत खोजि गरि खनिज अनुसन्धान तथा उत्पादन कार्य संचलन गर्ने ।

३३ काठमाण्डौ उपत्यकालाई नमुना शहर वनाउन यहाँ वग्ने नदीहरूलाई सफा गर्नुका साथै यस्ता नदीहरूमा वोटिङ् गराउने, नदीको पानीमा माछा पालन गर्ने र नदी किनारमा फूलको व्यवसायिक खेती गरी यी तिनै व्यवसायवाट आय आर्जनको व्यवस्था मिलाउने ।

३४ काठमाण्डौ उपत्यकामा खानेपानीको व्यवस्था मिलाउन तत्काल उपत्यका किनारका पहाडी काखमा वर्षाको पानी संकलन व्यवस्था मिलाउने र त्यसरी संकलित पानीवाट विद्युत उत्पादन गर्नुका साथै खाने पानीको समेत व्यवस्था मिलाउने ।

३५ बारै महिना वगिरहने नदीको पानी संरक्षण र उपयोग गर्नको लागि संभाव्यता अनुसार स्वदेशी प्रविधिवाट विद्युत उत्पादन र सीचाइ जस्ता उपयोगी कार्यक्रम संचालन गर्ने । सिचाइको लागि संभव भएका क्षेत्रमा नदीको पानीलाई लिफ्ट गर्ने समेत व्यवस्था मिलाउने ।

३६ शहरी क्षेत्रमा हालसम्म घर घडेरीको लागि खरिद गरिएको तर घर निर्माण भै नसकेको जमिनको यथार्थ विवरण तयार गर्ने । यसरी वसोवास गर्न प्रयत्नरत जनताको लागि राज्यले लगानी अनुरुपको वसोवास व्यवस्था गर्न उनिहरूले चाहेको क्षेत्र नजिकमा उत्पादनको लागि उपयोगि नभएको तर वसोवासको व्यवस्था गर्न सकिने ठाउँ खोजि त्यस्तो क्षेत्रमा सुविधायुक्त आवास व्यवस्था मिलाउने ।

३७ जमिनको चक्लावन्दी गरि खेती योग्य जमिन एकतृत गर्ने र बैज्ञानीक ढङ्गले खेती गरी उत्पादन वढाउन विशेष कार्यक्रम लागु गर्ने । यसरी एकिकृत गर्दा विभिन्न व्यक्तिको स्वामित्वलाई भने कायमै राखेर तिनै व्यक्तिहरूले उत्पादन लिन सक्ने व्यवस्था मिलाउने ।

३८ मुलुकको अर्थिक विकासको निमित्त भूमिको उपयोगितालाई महत्वका साथ व्यवस्थापन गरिनु आवश्यक छ । यसको लागि भूमिको निम्न अनुसार बर्गिकरण गर्नु पर्ने हुन्छ ः

## जीवनोपार्जन कृषि क्षेत्र

परम्परागत रुपमा कृषिलाई मुख्य आधार मानेर जीवन निर्वाह गरिरहेका जनताको आर्थिक अवस्थालाई क्रमशः व्यवसयिक मोडबाट अघिबढाउने कार्यको लागि व्यवस्थित गर्न यो वर्गको जमिनलाई प्रयोगमा ल्याउनु पर्छ । यस प्रकारको जमिनमा आधारित जनतालाई सामूहिक खेती प्रणालीमा आवद्ध गरेर व्यवसायिकता तर्फ विस्तारै अग्रसर वनाउन सकिन्छ । मध्यम वर्गका जनता यो वर्गको भूमि व्यवस्थापनमा आवद्ध हुन पुगेका हुन्छन् भने उनिहरूलाई क्रमशः आधुनिकता तिर अग्रसर गराउन प्रारम्भिक चरणमा यो वर्गको पहिचान गरि उत्पादन कार्यक्रम संचालन गर्ने र यसलाई अर्को स्तरमा फड्को मार्न सक्ने आधार तयार गर्ने ।

## व्यवसायिक कृषि क्षेत्र

यस वर्गमा पर्ने भूमिलाई क्षेत्र अनुसारको व्यवसायिक कार्यक्रम संचालन गरेर आम्दानी लिन सकिन्छ । यस वर्गमा परेको जमिनमा वातावरण सुहाउँदो व्यवसाय संचालनमा ल्याईएको हुन्छ । जस्मा चिया, अलैँचि, फलफूल, तरकारी, जुट, व्यक्तिगत वन, जडिबूटि, फूल उत्पादन, खाद्यान्न उत्पादन, पशुपालन, आदि कार्य यस अन्तर्गनको भूमि व्यवस्थापनमा पर्दछन् ।

## औद्योगिक क्षेत्र

उद्योग व्यवसायलाई व्यवस्थित गर्नको लागि छुट्ट्ययाइएको जमिन यो वर्गमा पर्दछ । यस प्रकारको भूमिमा कल कारखाना र ठूला उद्योगहरू स्थापना र संचालन गर्न सकिन्छ ।

## आवास क्षेत्र

आवास क्षेत्र सवै प्रकारले सुरक्षित र जनतालाई सुविधा प्रदान गर्न सकिने खालको हुनु पर्छ । नेपालको विकासको वाधक तत्व मद्धे परम्परागत अव्यवस्थित वसोवास पनि एक हो । यहाँको वसोवास व्यवस्था उपयुक्त छैन । पहाडको एक कुनावाट कोसौँ पर हिडेपछि अर्को घर भेटिन्छ भने त्यस्तो ठाउँमा राज्यले दिने सेवाहरू पुऱ्याउन गारो परिरहेको छ । फेरी जमिनको अवस्थाको ख्यालै नगरी जनताले तत्कालको सुविधालाई हेरेर घर वनाएर जता ततै वसोवास गर्नुको कारण नै आजको बाढी पैरो, डुवान, जस्ता विपत्तिको चपेटामा जनताहरू परिरहेका छन् । बसोवास गर्न उपयुक्त थलोको छनौट गरेर त्यस्तो क्षेत्रमा सवैखाले सुविधा प्रदान गर्ने कार्य सरकारले शुरु नगरेसम्म यो मुलुकको विकास हुन गारो पर्छ । यसर्थ सम्पूर्ण मानवीय सुविधा उपलव्ध हुन सक्ने क्षेत्रको छनौट गरेर जनतालाई वसोवास गराउनु पर्छ ।

## वन क्षेत्र

विद्यमान वन क्षेत्रलाई संरक्षण गर्ने र त्यस्ता क्षेत्रमा उपयोगी खालका वनस्पति रोप्ने र हुर्काउने गर्नु पर्छ । यसरी उत्पादित वनस्पतिको आधारमा उद्योग व्यवसाय समेत संचालन गर्ने व्यवस्था मिलाएर आय आर्जन तथा रोजगारीको व्यवस्था मिलाउन सकिन्छ ।

## चरण क्षेत्र

चरण पशुपालन व्यवसायको लागि अति आवश्यक क्षेत्र हो । परम्परागत रुपमा प्रयोगमा रहेका चरण क्षेत्रलाई संरक्षण गर्ने र अन्य उपयुक्त क्षेत्रलाई चरणको रुपमा विकास गर्नु पर्छ । खास गरेर उच्च पहाडी वस्तीमा चौरी तथा भेडा पालन गरि यसवाट औद्योगिक व्यवसाय समेत संचालनमा ल्याउन सकिन्छ । चौंरीको चिज, तथा अन्य परिकार उत्पादन गर्ने र भेडाको उनवाट राडी, पाखी, गलैचा, स्वेटर तथा अन्य अनेकौ प्रकारका उद्योग संचालनमा ल्याउन सकिन्छ ।

## निकुञ्ज क्षेत्र

विद्यमान निकुञ्जहरूलाई राम्ररी व्यवस्थपन गर्नको लागि सर्वप्रथम त्यस्ता क्षेत्रलाई जनस्तरमा हस्तान्तरण गर्नु पर्छ । यसरी जनस्तरवाट संचालित निकुञ्जहरूमा दुर्लभ वन्यजन्तुको संरक्षण गर्नुका साथै पर्यटन उद्योग समेत व्यवस्थित तरिकाले संचालन गरेमा राम्रो आय आर्जन गर्न सकिन्छ। यसरी भएको आम्दानीवाट उद्योग व्यवसाय संचालन गर्नुका साथै स्थानीय जनतालाई रोजगारीका अवसरहरू उपलव्ध हुन थाल्दछन् ।

## पर्यटन क्षेत्र

मुलुकका ऐतिहासिक मठमन्दिर, नदी, ताल तलाउ, वन जंगल, हिमाली क्षेत्र, जातजाती, रहन सहन र धार्मिक प्रचलन सवैलाई पर्यटन उद्योगको रुपमा विकास गर्न सकिन्छ। यसरी विविध क्षेत्र र सास्कृतिक अवस्था अनुरुप छानियका क्षेत्रलाई पर्यटन क्षेत्रको रुपमा पहिचान गर्नको लागि विषेश खालको परिचयात्मक प्रचार प्रसार सामग्री तयार गर्नुका साथै त्यस्तो क्षेत्रलाई पर्यटकको सुविधा अनुरुप विकास गर्नु पर्छ।

## हिमाली क्षेत्र

हिमाली क्षेत्र मुलुकको विशेष महत्व राख्ने क्षेत्र हो । यो क्षेत्रको उचित व्यवस्थापन पर्यटक आगमनको आकर्षण हो भने पनि हुन्छ। हिमाली क्षेत्रका शिखरहरू आरोहण गर्ने , अवलोकन गर्ने, अध्ययन गर्ने, जस्ता साहसिक र शैक्षिक कार्यको लागि विश्वका सामाजिक संस्था, समूदाय, र शैक्षिक क्षेत्र समेत यस्ता क्षेत्रको भ्रमणमा आउन सक्दछन् । यसर्थ हिमाली क्षेत्रलाई सजिलै अवत जावत गर्ने र अवलोकन गर्न सक्ने गरि व्यवस्थित गर्नु पर्छ।

## धार्मिक क्षेत्र

धार्मिक स्थल, मठ मन्दिर र नदीहरू समेतलाई व्यवस्थित गर्नु पर्छ । यसरी परम्परागत रुपमा संचालनमा आएका क्षेत्रहरू पर्यटकहरूको आकर्षणको केन्द्र वन्न सक्दछन् । यसर्थ यस्ता क्षेत्रको जिर्णोदार गरेर आकर्षक राख्नुका साथै त्यस्ता क्षेत्रको ऐतिहासिक अनुसन्धान र प्रचार प्रसार समेत गर्नु पर्छ।

## मनोरञ्जन तथा खेलकुद क्षेत्र

मनोरञ्जन मानिसको अति आवश्यक वस्तु हो । यसवाट मान्छेको मानसिक विकास हुन्छ । यसर्थ प्रत्येक मानवीय वस्तिमा तोकिएको मनोरञ्जनात्मक क्षेत्रको विकास हुनु पर्छ। सिनेमा, नाच घर, खेलकुद, तथा नाट्यशाला लगाएतका क्षेत्रहरूलाई मनोरञ्जन एवं शारीरिक विकासका क्षेत्रको रुपमा चिन्न सकिन्छ। यस प्रकारको व्यवस्थापन प्रत्येक वस्तिको सहज प्रयोग गर्न सकिने खालको हुनु पर्छ।

३९ जमिनको हदवन्दी सम्वन्धि व्यवस्थापन :

» जमिनको हदवन्दी जस्तो कुरा आजको प्रमुख मुद्धाको रुप लिएर जता ततै छलफलको विषय वनेको छ । आजको युगमा आर्थिक विकासका अनेकौं क्षेत्रहरू अगाडी आएका छन् । परम्परागत क्षेत्रको समेत आधुनिकीकरण गर्नुका साथै नयाँ क्षेत्रलाई विकसित गरेर अगाडी वढ्नु पर्ने अवस्था आएको छ । व्यापारका क्षेत्रहरू बृहत हुँदै गएको आजको अवस्थामा हदवन्दीको कचिगलमा रहनु भन्दा बैकल्पिक आर्थिक क्षेत्र व्यवस्थापन गरेर जनतालाई त्यस्ता क्षेत्रमा संलग्न गराउनु पर्छ ।

» यस युगको शासन संचालन गर्नेले जनतालाई समान रुपमा जमिन बाँडेर लोकपृय वन्ने प्रयत्न नगर्नु वेस हुन्छ । वरु उद्योग व्यवसायको क्षेत्रलाई सवल वनाएर त्यस्ता क्षेत्रलाई उत्पादनशील वनाउनु पर्छ। प्रत्येक परिवारलाई वसोवासको सुविधाजनक व्यवस्था गर्नुका साथै उनिहरूलाई आफ्नो रुचि, योग्यता एवं शीपको क्षेत्रमा रोजगारी दिने व्यवस्था गर्नु पर्छ।

» खेतिको शीप नभएकोलाई जमिन बाढ्नु विद्यमान साधन र श्रोतको दुरुपयोग गर्नु हो भन्ने कुरा सत्तामा वस्नेले बुझ्नु पर्छ । यसर्थ व्यवसायिक खेतीको पेशामा संलग्न पेशागत क्षमता भएका व्यवसायिलाई जमिन उपलव्ध गराउने र त्यस्तो जमिनको अधिकतम उपयोग लिन सक्ने व्यवस्था मिलाउनु पर्छ।

» जमिन जोत्नेको भन्ने अवधारणा पनि यसै परिवेशवाट उत्पन्न भएको हो। तर जोत्न जानेरमात्र हुँदैन बैज्ञानिक ढङ्गले खेति गरेर उत्पादन बढाउने शीप पनि त्यस्तो जनशक्तिमा हुनु पर्छ। उनिहरूलाई यसप्रकारको शीपयुक्त वनाउन सरकारले विभिन्न प्रकारका तालिम तथा अध्ययन भ्रमणको व्यवस्था मिलाउनु पर्छ।

» उन्नत खेतिको विकास भएका भारतका विभन्न क्षेत्रको साथै इजरायलको र अन्य देशका कृषि प्रणालीसंग कृषि क्षेत्रको जनशक्ति परिचित हुनु पर्छ। यसरी अधिकतम जमिन उपयोग गरे वापत सरकारले प्राप्त गर्ने राजस्व र उत्पादन बृद्धिको आधारमा आर्थिक विकासका विविध कार्यक्रमहरू संचालन गर्न सकिन्छ।

४० जमिनलाई मुख्य आधार क्षेत्रको रुपमा लिएर विशेष व्यवस्थापनका साथ अत्यधिक उत्पादन लिन सक्ने गरि प्रयोगमा ल्याउनु पर्छ ।

४१ सहकारीको माध्यमवाट साना तथा विपन्न परिवारको समस्या समाधान गर्ने बृहत कार्ययोजना तयार गरि कार्यान्वयनमा ल्याउनु

पर्छ। जस्माः

» प्रत्येक दुर्गम र सहरी क्षेत्रका गाउँ र वस्तीका जनतालाई सहकारीतामा आवद्ध गराउन स्थानीय प्रशासनिक निकय, शैक्षिक संस्था र गैर सरकारी संस्था समेतवाट सहकारी सम्वन्धि शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउने । यसको लागि कृषि विकास बैंकले २०३२ सालदेखि अधिराज्यभर संचालनमा ल्याएर हाल साना किसान सहकारी संस्थामा परिणत भएको सहकारी कार्यक्रम पनि नमुना कार्यक्रम वन्न सक्छ। यस्ता कार्यक्रमलाई व्यापकता दिनु जरुरी भैसकेको छ।

» अधिराज्य भरिका सवै जिल्लामा सरकारको गरिवी निवारण कार्यक्रमलाई सहयोग गर्न विगतमा कृषि विकास बैंकले ४२२ साना किसान विकास आयोजना संचालनमा ल्याएको थियो। हाल आएर यी सवै आयोजना स्थानीय सहकारीको जिम्मामा संचालन हुने क्रममा पुगेका छन्। यो कार्यक्रमको अनुभववाट गाउँ गाउँमा सवैलाई समेट्न सक्ने गरी साना साना सहकारी समूह वनाउने र ठाउँ सुहाउँदो आर्थिक एवं सामाजिक कार्यक्रम संचालनमा ल्याएर जनताको जीवनस्तर उकास्न सकिन्छ।

» सहकारीकै माध्यमवाट सरकार, वैक तथा वित्तीय संस्था, विदेशी सहयोग आदि सम्पूर्ण निकायहरू एक साथ कृयाशील हुन सके प्रत्येक ग्रामीण इलाका समेतमा परम्परागत रुपमा रहेका अन्धविश्वासले ग्रसित विपन्न जनताको जीवनस्तर उकास्न र त्यस्ता क्षेत्रको एकसाथ आर्थिक उत्थान गर्न सकिन्छ।

» पेशा अनुरुपको सहकारी संस्था स्थापना गरी ग्रामीण क्षेत्रमा छरिएर रहेको श्रम साधन तथा श्रोतलाई एकतृत गरी सामूहिक उत्पादन इकाइको स्वरूप तयार गरी उद्योग व्यवसाय संचालनमा ल्याउनुका साथै स्थानीय स्तरमा भएको उत्पादनको विक्री वितरण जस्ता विभिन्न प्रकारका आयमूलक कार्यक्रम संचालन गर्न सकिन्छ ।

» विद्यालय र महा विद्यालय स्तरमा समेत सहकारीताको माध्यमवाट शैक्षिक गुणस्तरको विकास गर्नुका साथै अतिरिक्त कृयाकलापमा सानै उमेरदेखिका विद्यार्थीहरूलाई समेत समावेश गरी संस्थागत कार्यक्रमको अभ्यासगत शिक्षा प्रदान गर्नुका साथै प्राविधिक क्षेत्रको शिप आर्जन गर्ने प्रमुख आधार तयार गर्न सकिन्छ।

» सहकारी कार्यक्रमलाई सवल वनाउन विद्यालय तथा विश्व विद्यालयका विभिन्न तहमा सहकारी शिक्षा प्रदान गर्ने र उच्च शिक्षा अध्ययनरत विद्यार्थीलाई राष्ट्रिय विकास सेवा कार्यक्रममा समावेश गरी देशभर कार्यक्रम सवल वनाउन सकिन्छ।

» जुनसुकै तहका विद्यालयमा साना वालवालिका समेतको लागि सहकारी अभ्यास गराउन प्रत्येक दिन अथवा क्षमता अनुसार प्रत्येक हप्ता वा मासिक वचत कार्यक्रम संचालन गराउने र त्यस्तो वचत परिचालन गरेर विद्यालयमा चमेना गृह, स्टेशनरी तथा उपभोक्ता भण्डार समेत संचालन गरेर व्यवसायिक अभ्यास गराउनसकिन्छ।

४२ बजार व्यवस्थापन आजको प्रमुख विषय वन्न गएको छ। नेपालको समस्या भनेको छरपस्ट रहेका उत्पादन इकाई र साधनहरूको उपयोग गर्न नसक्नु हो । यसको लागि छरिएर रहेका वस्तीको एकिकरण गर्ने र श्रम साधनको एकतृत स्वरूप खडा गरेर प्रत्येक क्षेत्रको उत्पादन गुणस्तरिय वनाउन र त्यसको वितरणमा व्यापकता ल्याउनु पर्छ।

» निर्यात व्यापार बढाउन नसके देशको आर्थिक विकासमा नकारात्मक असर पर्छ। आ.व. २००३/०४ मा कूल निर्यात रु.३२०२ करोड र आयात रु.८२६८ रहेको छ। यसरी यो आ.व.मा मात्र व्यापार घाटा रु.५०६६ रहेको पाईन्छ। बर्षिने यसरी घाटा बढ्दै जाँदाको मुलुकको आर्थिक अवस्था निश्चय पनि कहालि लाग्दो हुन जान्छ। हालको तेलको रु.१२०० करोड तिर्न वाँकीदेखि विदेशी ऋृणको बोझ थाम्न नसक्ने गरी बढ्नुको कारण पनि विदेशी सामग्रीको वितरण र उपभोगमा बृद्धि हुनुको साथै स्वदेशी उत्पादनमा शून्यता रहनु पनि हो।

» देशमा औद्योगिक उत्पादनको शून्यता रहेको अवस्थामा हाल संभाव्य र सरल देखा परेको पर्यटन उद्योगलाई नै प्रमुख आधार वनाएर अघि बढ्नु पर्ने हुन्छ। यहा पर्यटन उद्योग प्रमुख उद्योगको रुपमा फस्टाउन सक्छ र यसले मुलुकको आर्थिक अवस्थामा निश्चय पनि टेवा पुग्न सक्छ। यसको लागि ग्रामीण क्षेत्रका विद्यमान साँस्कृतिक चालचलन रहन सहन र परम्परालाई संरक्षण गर्नुका साथै त्यस्ता प्रचलनलाई सम्पत्तिको रुपमा विकसित गर्नु पर्छ।

» देशका हिमालदेखि तराईसम्मका मनोरम स्थलको छायांकन गरी त्यस्ता क्षेत्रको प्रचार प्रचार प्रसरमा स्थानीय स्तरका

पर्यटन व्यवसाय विकास सहकारी संस्थाको माध्यम हुँदै पर्यटन बोर्ड र नेपाल सरकारले समेत एकिकृत अभियान शुरु गर्ने र विदेशी पर्यटकलाई यस्ता दृश्यावलोकन गराउने व्यवस्था मिलाउनु पर्छ । यसको सार्थै विभिन्न धार्मिक र सास्कृतिक बृत चित्र तयार गरी विदेशमा विक्री वितरण गरि आय आर्जनको सवल आधार वनाउन सकिन्छ ।

» सहकारीकै माध्यमवाट अतिदुर्लभ मानिएका वन्य जन्तु र वनस्पतिको संरक्षण गर्ने र जडिबुटी जस्ता पहत्वपूर्ण वनस्पतिजन्य उद्योग संचालन गरी उत्पादीत सामग्रीको उपयोगितालाई सर्वव्यापी वनाउँदै त्यस्ता सामग्री निर्यातगरी आय आर्जन गर्न सकिन्छ ।

» विश्व व्यापार संगठन कृयाशील रहेको आजको अवस्थामा व्यापार सर्वव्यापी पेशा वनिसकेको छ । यस अवस्थामा व्यवसाय संचालनका पारखीहरूले आफ्नो देशमा हुँदै नभएका वस्तुको पनि ट्रेडमार्क आफूले प्रयोग गरिएका प्रसस्त उदाहरणहरू छन् । भारतको वास्मती चामलको अमेरिकी ट्रेडमार्क यसको ज्वलन्त उदाहरण हो । यदी समयमै मुलुकका प्रमुख उत्पादनको ट्रेडमार्क लिएर आफ्नो स्वामित्वमा राख्न सकिएन भने देशमा रहेका अनेकौ सामग्रीको ट्रेडमार्कमा अरुहरूको आधिपत्य रहन सक्छ । यसर्थ देशको मौलिक उत्पादन सामग्रीहरूलाई पहिचान गरी यस्ता सामग्रीको ट्रेडमार्क अधिकार सुरक्षित गरिराख्नु पर्ने अवस्था आएको छ । यसमा सरकारले पहल गरेन भने मुलुकले ठुलो घाटा बेहोर्नु पर्ने हुन्छ ।

» आजको युग व्यापारिक क्षेत्रमा प्रधानता पाएको युग हो । जति उत्पादन गर्न सकियो र त्यसको वितरण गर्न सकियो त्यस्तो राष्ट्रको सम्पन्नता निश्चित वन्दै जाने अवस्था सिर्जना हुन पुग्दछ । आज तेल उत्पादन गर्ने राष्ट्रहरू आफ्नो उत्पादनको प्रचुरतावाट लाभान्वित भएका छन् । ती देशहरू समेत आफ्नो परम्परागत उत्पादनमा मात्र निर्भर रहे भने कुनै दिन अप्ठ्यारो अवस्थामा पुग्नु पर्ने हुन्छ । यसर्थ नेपालले जलश्रोतको अत्यधिक उपयोगिता लिने वातावरण वनाउनु पर्छ । जलश्रोत लगायत वैकल्पिक उर्जाको विकास र प्रयोग गर्न सके मुलुकको अर्थिक विकासमा ठुलो योगदान पुग्न सक्दछ ।

४३ विज्ञान तथा प्रविधि मुलुकको आर्थिक विकासको एउटा सवल आधार वन्न सक्छ । वास्तवमा नयाँ र प्रचलित प्रविधिको विकास गर्न नसके पनि हामीहरूले त्यस्ता प्रविधिको उपयोग गरिरहेका छौं । खास गरेर संचार क्षेत्रमा त्यस्ता प्रविधिहरू अत्यधिक रुपमा महसूस गरिएका छन् । हाल हरेक व्यक्तिको हातमा विभिन्न प्रकारका र क्षमताका मोवाईल फोनहरूदेखिन्छन् । साधारण भन्दा साधारण व्यक्तिहरू पनि यो सुविधाको उपयोग गरिरहेका छन् ।

आजसम्मको अनुमानमा नेपालका झण्डै १० लाख भन्दा बढी जनताले मोवायल फोनको प्रयोग गर्दछन् । अव कल्पना गर्नोस् यसरी मोवायल प्रयोग गर्दा मुलुकको अर्थिक अवस्थामा कस्तो असर पर्न सक्छ ? मोवायलको प्रयोगवाट मात्र प्रत्येक्ष रुपमा झण्डै रु. ५ अरव रुपयाँ विदेशीयको अनुमान गर्न सकिन्छ भने यो सुविधा प्रदान गर्न सम्वन्धित संस्थाले कति रकम वरावारको यान्त्रिक साधन भित्र्याउनु परेको छ त्यसको छुट्टै हिसाव गर्नु पर्ने हुन्छ ।

यतिमात्र नभएर मुलुकमा प्रयोगमा आएका कम्प्यूटर, रेडियो, टेलिभिजन, घडी, रेफ्रिजरेटर, वाशिङ् मेशिन, सवारी साधन लगायत नेपालमा केही पनि उत्पादन हुँदैनन् । यसरी प्रयोगमा आउने सामग्रीको उपलव्धताको लागि मुलुकले कतिको व्ययभार वहन गर्नु परिरहेको होला ? एक पटक गम्भिर भएर सोचौं । यसर्थ विज्ञान प्रविधिलाई मुलुकले होसियारीका साथ ग्रहण गर्ने र आयात प्रतिस्थापन गर्ने तहसम्म सोच्ने र विकास गर्न पर्ने हुन्छ । यदी अरुकै भर परेर यहाँको सीमित साधनलाई यान्त्रिक प्रविधिको प्रयोगमा खर्चिने हो भने देश कङ्गाल हुन केही वेर लाग्दैन ।

» मुलुकको प्रत्येक क्षेत्रलाई विज्ञान प्रविधिको पहुँचमा राख्न माथि उल्लिखित सहकारीको माध्यमवाट त्यस्ता क्षेत्रले धान्न सक्ने खालको प्रविधि उपलव्ध गराउनुका साथै ती सामग्रीको उत्पादनशील प्रयोग हुनु पर्दछ । मुलुकमा आज कुनै कुराको पनि शुरुआत भएनकी जस्तोदेखिएको छ । यतिसम्म की भरतमा दशकौंदेखि नेपाली चेलीहरूले नारकीय जीवन व्यतित गरिरहेका छन् । आज त्यो कुराको निराकरण हुन नपाउँदै अरव राष्ट्रको अनुभव झन् दर्दनाक वन्न पुगेको पाईन्छ । त्यस्तै हज्जारौंको संख्यामा नेपाली युवाहरू विदेशीयका छन् । विदेशीयका युवकहरूले विदेशमा खाएको हण्डरको कथा खपि नसक्नु छ । यति हुँदाहुँदै पनि सरकारले कति जनशक्ति विदेशीयका र ति कहाँछन् भन्ने कुरा भन्न सक्ने अवस्थामा छैन । यसर्थ यो विज्ञान प्रविधिको प्रयोग सर्वप्रथम हरेक गाउँ र टोल टोलमा त्यहाको जनशक्तिको प्रयोगको वारेमा तत्थ्यांक राख्नको लागि प्रयोगमा ल्याउनु पर्छ । यसो गरिएको खण्डमा नेपालीहरू कुनै देशमा गएर के कस्ता काम गरिरहेका छन् र कुन अवस्थामा छन् भन्ने कुराको

जानकारी लिन र त्यहाँ उत्पन्न हुने समस्याको समाधान गर्न सकिन्छ।

» स्थानीय स्तरमा विज्ञान प्रविधिको प्रयोग त्यहाँको उत्पादन सामग्री साधन र श्रोतको उपयोगिता बृद्धि गर्ने खालको हुनु पर्छ। विज्ञान प्रविधिको प्रयोगवाट स्थानीय श्रोतको पहिचान र प्रसोधनको लागि समेत स्थानीय जनताकै व्यवसायिक संलग्नता उत्पादनशील हुन सक्छ । यसर्थ स्थानीय स्तरका साधन र श्रोतको खोजि र अनुसन्धान गर्ने कार्यमा समेत स्थानीय जनतालाई नै सलग्न गराउन सके त्यस्ता क्षेत्रका जनताहरू रोजगारीको लागि यत्र तत्र भौतारिनु पर्ने अवस्थावाट मुक्त हुन पुग्दछन्।

**अन्तमा**

बिशेषतः यो नयाँ अवधारणा बनेर हामी सामू कार्यक्रमको आशालाग्दो परिकल्पनालाई मात्रसम्म पुग्न सकेमा नेपालको विकास तीब्रता पूर्वक अग्रगामी हुन सक्छ । आखिर यसै अवधारणालाई अवलम्वन गरेर उपलब्ध अष्ट ज अवधारणा अनुरुपको साधन र श्रोत जः जल, जमिन, जंगल, जडिबुटी, जराजुरी, जलवायु, जनावर र जनशक्तिलाई विशेष रुपमा उत्पादन क्षेत्रमा प्रयोग गर्ने वित्तिकै देशको विकास हुन्छ। आखिर एउटा देश मात्र होइन यसै अबधारणालाई लिएर विकास कार्यक्र संचालन गर्ने हो भने यो श्विनै सुखद संसार बन्न सक्छ।

# स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनमा धादिङको नीलकण्ठ नगरपालिका देशभरमै उत्कृष्ट



संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको स्वमूल्यांकन प्रणाली (लिजा) मा देशभरका ७ सय ५३ स्थानीयमध्ये नीलकण्ठ नगरपालिका उत्कृष्ट बनेको हो। स्थानीय तह सुशासन स्वमूल्यांकनमा पेश भएको तथ्य प्रमाणको आधारमा नीलकण्ठ नगरपालिकाले ९७ अंक पाएको छ।

विभिन्न १० विधामा भएको परीक्षणका आधारमा स्थानीय तहहरूको स्वमूल्यांकनको कुल अंक निर्धारण हुने गर्दछ । नीलकण्ठ नगरपालिकाले शासकीय प्रबन्धमा कुल ९ अंकमा ८ दशमलव ५ अंक प्राप्त गरेको छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्वमूल्यांकन प्रणालीको अभिलेख अनुसार संगठन तथा प्रशासन, वाषिक बजेट तथा योजना व्यवस्थापन, वित्तिय एवं आर्थिक व्यवस्थापन, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन र सहकार्य एवं समन्वय विधामा नीलकण्ठ नगरपालिकाले शतप्रतिशत अंक प्राप्त गरेको छ।

मन्त्रालयका अनुसार नीलकण्ठ नगरपालिकाले सेवा प्रवाह क्षेत्रमा कुल १६ मा १५ अंक, न्यायिक कार्य सम्पादनमा कुल ७ मा ६ दशमलव ५, भौतिक पूर्वाधारमा कुल १३ मा १२ दशमलव ५ र सामाजिक समावेशीकरणमा कुल १० अंकमा ९ दशमलव ५ अंक प्राप्त गरेको हो।


दुई कार्यकाल तत्कालीन गाविस अध्यक्ष, गाविस महासंघ र नगरपालिका संघको महासचिवको अनुभव पनि मेयर भिम प्रसाद ढुंगाना सँग छ।

लिजा विज्ञका रूपमा मन्त्रालयबाट देशका विभिन्न स्थानीय तहमा मूल्यांकन सहजकर्ताको भूमिका निर्वाह गरिरहेका छ, 'मन्त्रालयले विकास गरेको स्वमूल्यांकन प्रणाली एउटा परीक्षा जस्तो हो । यसमा उत्कृष्ट अंक हासिल गर्न नगरपालिकामा उत्कृष्ट काम हुनै पर्दछ, जुन काम नीलकण्ठ नगरपालिकाले गरेको छ।'

'लिजामा उत्कृष्ट अंक हासिल गर्नु भनेको सम्पूर्ण रूपमा सम्पन्न र पूर्वाधारयुक्त हुनु होइन तर सिमित साधन स्रोतमा विधिसम्मत तरीकाले उत्कृष्ट नतिजा हासिल गर्नु स्थानीय तहको रूपमा स्थापित हुनु हो' कोइरालाले भने।

'समग्र स्थिति, प्रकृयागत स्थिति र परिमाणात्मक स्थिति मूल तीन वटा आधारस्तम्भ छन। १० वटा विषयगत क्षेत्रमा स्थानीय तहले गरेको कामको मूल्यांकन हुन्छ। कुल एक सयवटा सूचकको एक सय अंक निर्धारण गरी हरेक सूचकमा भएको प्रगति र त्यसको प्रमाणको आधारमा स्वमूल्यांकन प्रणालीमा अंक निर्धारण हुने गर्दछ।

# 'भ्यूटावरमा लगानी, बालुवामा पानी'



काठमाडौँ । मुलुक संघीय संरचनामा गइसकेपछि अहिले स्थानीय र प्रदेश सरकारको भ्यूटावर मोह बढेर गएकोदेखिन्छ । विकासका नाममा देश भर भ्यूटावरको मोह बढ्दै गएका बेला धनकुटा पनि अछुतो रहन सकेको छैन । डाँडा आफैमा सुन्दर र मनमोहक हुने गर्दछन् ।

प्रकृतिले दिएका हरिया अग्ला डाँडामा सिमेन्ट र कङ्क्रिटको सहायताले थप केही मिटर प्लस गरेर हामी कस्तो विकासको मोडेल दिन खोजिरहेका छौं ? आज आम जनचासोको विषय बनिरहेको छ, यो सवाल । स्कुले विद्यार्थीदेखि प्रौढ श्रमिकसम्म, केही टाठाबाठा हौं भन्नेदेखि सर्वसाधारणसम्मले यस विषयमा आफ्नो मत प्रकट गरिरहेका छन् ।

हो, यतिबेला सामाजिक सञ्जाल तातेको छ । यी र यस्तै विषयका आक्रोशले छताछुल्ल भएको छ । अधिकांश मानिस सामाजिक सञ्जालमा क्रिया-प्रतिक्रिया जनाइरहेका छन् । भ्यूटावरका तस्वीरहरूप्रति व्यक्त गरेका रोष देख्दा लाग्छ, मानिसहरू आफ्नो नेतृत्वको अक्षमता, अदूरदर्शिताप्रति रुष्ट छन् र विकासको यो भद्दा मोडेलप्रति वितृष्णा ओकलिरहेका छन् ।

पछिल्लो समय नेकपा माओवादीको उद्गमस्थल भनेर चिनिने रोल्पामा ठडिएको भ्यूटावरको विधिवत उद्घाटनपछि तमाम भ्यूटावर प्रतिका सामूहिक असन्तुष्टि छताछुल्ल भएका हुन् । सरकारी कोषबाट झण्डै ६ करोड लगानी गरिएको यो टावर फागुन १४ गते नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डद्वारा उद्घाटन गरिएपछि देशभरका भ्यूटावरहरूका विषयमा थप चर्चा-परिचर्चा चुलिन पुगेको हो ।

त्यसतै बर्दघाट सुस्तापूर्वको कावासोतीमा ६८ लाख लागतमा निर्माण सम्पन्न भएको दृश्यावलोकन स्थल (भ्यूटावर) प्रयोगविहीन बनेको छ । कावासोती नगरपालिका-१ बालुवाडाँडामा ६८ लाख

लगानीमा ६० फिट अग्लो टावर निर्माण गरिएको थियो ।

तीन वर्षअघि निर्माण सम्पन्न भएको टावरको प्रयोग, रेखा-देख एवं सञ्चालन गर्ने निकायका अभावमा अहिले प्रयोगविहीन अवस्थामा पुगेको हो । टावरको अहिले स्टिलका बार चोरी हुन थालेका छन् भने भ्यूटावर मद्यपान र धुम्रपान गर्नेको रोजाइको केन्द्र बन्न थालेको स्थानीय माया कुमारीले बताइन् ।

'अहिले त भ्यूटावरमा लगाइएको स्टिलको बार काटेर लगिएको छ । भित्ताका प्लास्टर उप्किएको छ, लेउ लागेको छ, यत्रतत्र फोहोर फालिएको छ,जमिन पनि धाँजा भएर फाट्न थालेको छ', उनले भनिन् ।

टावर बनेपछि पर्यटकीय गतिविधि बढ्ने र स्थानीयको आयआर्जनमा वृद्धि हुने आशाले माया लगायत भ्यूटावर नजिकै घर भएका स्थानीयवासी खुसी भएका थिए । तर, भ्यूटावर बनेको तीन वर्ष हुँदासम्म पनि सञ्चालनमा नआउँदा खुसीभन्दा पनि अहिले असुरक्षा बढेको मायाले तितोअनुभव सुनाइन् ।

'भ्यूटावर सञ्चालन गर्ने निकाय नहुँदा विकृति बढ्दै गएको र बाटोमा हिँड्न पनि डरलाग्दो भएको छ', उनले भनिन्,'अबेर रातिसम्म मदिरा सेवन गर्नेको समूह धेरै आउन थालेको छ, कहिलेकाहीँ त दिउँसै पनि लट्ठिएर हिँड्दा स्थानीय बालबालिकालाई पनि डर हुने अवस्था सृजना भएको छ ।'

भ्यूटावरको वरिपरि पहिरो जान थालेपछि आर्थिक वर्ष २०७०/८० मा १० लाख बजेट विनियोजन गरी नगरपालिकाले 'कम्पाउण्ड वाल' लगाउन सुरु गरेको थियो । चालु आवमा पनि कम्पाउन्ड वाल निर्माणका लागि १० लाख रकम विनियोजन गरिएको छ ।

धनकुटाका डाँडा/डाँडामा भ्यूटावर बनाउने क्रम समेत उत्तिकै बढ्दो छ । आन्तरिक तथा बाह्य पर्यटकलाइ आकर्षण गर्न भन्दै यस्ता टावर निर्माणको क्रम बढेको हो । धनकुटाका धेरै जसो डाँडाकाँडामा केहि समय यता भ्यूटावर निर्माण गर्ने क्रम बढ्दो छ ।

आफैमा मनमोहक डाँडाकाँडामा पर्यटक भित्र्याउन भन्दै भ्यूटावर निर्माणको क्रम बढेको हो । धनकुटामा भ्यूटावर निर्माण गर्न पर्यटन विकास कार्यालय काँकडभिटा, तत्कालिन जिल्ला विकास समिति तथा अहिले स्थानीय तह आफै सकृय छन् ।

भ्यूटावर निर्माण भएको धेरै स्थान अहिले पनि सुनसान छन् भने एक दुइ स्थानका भ्यूटावरमा मात्र पर्यटकको चहलपहल हुने गरेको छ ।

उच्च स्थानमा रहेको यस्ता डाँडाबाट तराइ पहाड हिमाल, फाँट खोला नाला सहित धेरै स्थानदेखिने भएकाले पर्यटक आउने गरेका सागुरीगढी ५ ओखेका स्थानीय मोहन थापाले बताए ।

अहिले धनकुटाको सागुरीगढी गाँउपालिकामा ध्वजे डाँडा, भेडेटार, ओखे गरी तीन ओटा भ्यूटावर निर्माण गरिएको छ । त्यस्तै चौबीसे गाउँपालिकाको जेफाले, धनकुटा नगरपालिकाको चुलिवन र हिले, शहिदभुमी गाँउपालिकाको छिन्ताङ स्थित पातले डाँडामा भ्यूटावर निर्माण गरिएको छ ।

'यसै अवदेखि वडा कार्यालय र स्थानीयको रेखदेखमा सञ्चालन गर्न दिनेबारे मोटामोटी छलफल भइरहेको छ', उनले भने,'अहिलेदेखिएका केही समस्यालाई छिटोभन्दा छिटो सम्बोधन गर्नेछौँ ।'

समुद्री सतहबाट झण्डै आठ सय मिटर उचाइमा रहेको भ्यूटावर पूर्वपश्चिम राजमार्गको फलफूलचोकबाट ११ किलोमिटरको दूरीमा रहेको छ । यस क्षेत्रबाट जिल्लाका अधिकांश भू-भागसँगै चितवन सहित भारतीय क्षेत्रसमेत देख्न सकिन्छ ।

'भ्यूटावर' आफैंमा गलत पक्कै होइन । तर यो शब्द प्रति नै वितृष्णा जगाउने गरी किन काम भइरहेको छ मुलुकमा ?

यो सोचनीय विषय पक्कै बनेको छ । बागमती प्रदेशका नौ जिल्लामा करीब २४ करोडका भ्यूटावर बनेका छन् ।

बागमती प्रदेश सरकारले दृश्यावलोकनका लागि भनेर प्रदेशका नौ जिल्लाामा करीब २४ करोड लगानीमा एक/एक वटा भ्यूटावर निर्माण गरेको छ । पर्यटन, उद्योग तथा सहकारी मन्त्रालयका अनुसार आर्थिक वर्ष २०७५/७६देखि २०७०/८०सम्ममा नौ वटा भ्यूटावर बनाउन २३ करोड ८७ लाख ८८ हजार ७६८ रुपैयाँ खर्च भएको छ ।

बागमती प्रदेशका १३ जिल्लामध्ये मकवानपुर, नुवाकोट, सिन्धुपाल्चोक, काभ्रे, रामेछाप, सिन्धुली, नुवाकोट, धादिङ र दोलखामा भ्यूटावर निर्माण गरिएको छ । उपत्यकाका तीन जिल्ला र चितवनमा भने भ्यूटावर निर्माण गरिएको छैन ।

प्रदेश सरकारले मकवानपुरको चित्लाङमा दुई करोड ९९ लाख ४१ हजार ८७३ रुपैयाँको लागतमा भ्यूटावर (हिल स्टेशन) निर्माण गरेको छ ।

नुवाकोटको ककनी हिल स्टेशन तीन करोड ३२ लाख ३२ हजार ६५० रुपैयाँमा निर्माण गरिएको छ । सिन्धुपाल्चोकमा तीन करोड पाँच लाख २६ हजार ८७८ रुपैयाँमा भ्यूटावर निर्माण भएको छ ।

पर्यटन विकास आयोजना, हेटौंडा अन्तर्गत निर्माण भएका यी भ्यूटावर २०७६ सालमा सम्झौता भई २०७७ सालमा निर्माण सकिएका थिए ।

यस्तै, काभ्रेको रोशी भूमिचुलीमा दुई करोड १९ लाख ८१ हजार ६५३ रुपैयाँको लागतमा भ्यूटावर निर्माण गरिएको छ । रामेछापको गोगनपानी सुलीथुम्का खाँडादेवी ९५ मा दुई करोड ६५ लाख ८६ हजार ३४७ रुपैयाँमा र सिन्धुली जिल्लाको सिद्धबाबा चुचुरोमा दुई करोड सात लाख ५५ हजार ९२० रुपैयाँमा भ्यूटावर

निर्माण भएको मन्त्रालयले जनाएको छ। यी भ्यूटावर २०७७ सालमा सम्झौता भई २०७८ मा निर्माणसम्पन्न भएका थिए।

नुवाकोटको चिम्टेश्वरमा दुई करोड ७४ लाख ३८ हजार ७६८ रुपैयाँमा, धादिङको तोप्लाङमा दुई करोड १८ लाख ८९ हजार ६६९ रुपैयाँमा र दोलखाको जिरीमा दुई करोड ६४ लाख ३४ हजार ९९६ रुपैयाँको लागतमा भ्यूटावर निर्माणसम्पन्न भएका छन् । हिल स्टेशन भनिएका यी भ्यूटावर २०७७ सालमा सम्झौता भई २०७८ मा निर्माणसम्पन्न भएका हुन् ।

पर्यटन, उद्योग तथा सहकारी मन्त्रालय अन्तर्गतको पर्यटन विकास आयोजनाका प्रमुख रोशनकुमार श्रीवास्तवका अनुसार भ्यूटावर सँगै शौचालय र सभा हल पनि निर्माण भएका छन् भौतिक संरचनाको प्रगति पूरा भएका यी भ्यूटावरमा लागत अनुमानको ९० % प्रतिशत मात्र खर्च भएको हो ।

## "भ्यूटावर बनाउने प्रवृत्ति राम्रो भएन" स्थानीय बुद्धिजिवी

दृश्यावलोकन स्तम्भ 'भ्यूटावर' बनाउने प्रवृत्तिले पर्यटन क्षेत्रको सही विकास नहुने धारणा विज्ञहरूले व्यक्त गरेका छन् ।

कुनै पनि देश विकसित हुनलाई त्यहाँको शिक्षा, स्वास्थ्य, यातायात, विद्युत, सञ्चार, कलकारखानाको पहुँच उच्च हुनुपर्छ । तर, हाम्रो देशमा पार्क अनि भ्युटावरको विकास उच्च भइराखेको छ । विकासको नाममा त केवल आज भोलि भ्युटावर मात्र भइरहेका छन् । विश्वको उच्च शिखर सगरमाथा अनि ८ हजारभन्दा उच्च १४ वटा शिखरमध्ये ८ वटा नेपालमै पर्छन् नेपाल एक पहाडी परिवेशमा अवस्थित देश हो, त्यहाँ भ्युटावरको आवश्यक नै पर्दैन। तर, बुद्धि र भिजन नभएकाहरूले धमाधम भ्युटावर बनाउँदैछन् ।

अरू देशको विकासको कुरा गर्ने हो भने समुद्रमुनि र माथि घर तथा होटेल बनाइएका छन्, चन्द्रलोकमा मान्छे पुगिसक्यो । तर, हामीले धर्तीमा हुने काम, जमिनले थाम्ने ठाउँमा सडक बनाउन सकेका छैनौं । बिजुली निकाल्न सकेका छैनौं ।

जलस्रोतको धनी देशमा राम्रो चाँजोपाँजो मिलाएर विकास गर्ने हो भने चाँडै विकासको मुहार फेरिने थियो । तर, सरकार भ्युटावर, पार्क, कभटहल बनाउनमा व्यस्त छ ।

नेपालमा यस्तो टावरको आवश्यक नै छैन । नेपाल एक पहाडै-पहाडले भरिएको सुन्दर देश हो । एउटा पहाडको चुचुरोबाट नै कैयौँ किलोमिटरसम्मको दृश्य अवलोकन गर्न सकिन्छ ।

नेपाली जनताको आयस्रोत भए पो अनि कम्तिमा हप्तामा एकपटक यो भ्युटावर हेर्न जान्छ । अनि राजाश्व संकलन हुन्छ । तर, नेपाली जनता अहिले गाँस, बास र कपासको लागि संघर्ष गर्दैछ । यो लगानी गर्न नेपालको मात्रै पैसा गएको छैन, यहाँ विदेशी सहयोग पनि लगानी भएको छ ।

अन्दाजी यो तीन सय भ्यु टावर बनाउन कति लागत लाग्यो होला ? यो तीन सय भ्युटावरको विकल्पमा दुईदेखि तीनवटा उद्योग खोलेको भए त्यसबाट नेपाली जनताको लागि रोजगार सिर्जना हुने थियो । त्यो तीन वटा उद्योगमा कम्तिमा तीन सयदेखि ५ सय नेपाली जनताले रोजगार पाउने थिए । त्यसमा फाइदा त्यो ५ सयको परिवारको गाँस र कपास सुरक्षित हुने थियो ।

उता देशलाई आर्थिक मजबुतको लागि सहयोग पुग्ने थियो । नेपालमा प्रशस्त उद्योग, कलकारखाना खोलेपछि नेपाली जनता आत्मनिर्भर साथै देशलाई आर्थिक वृद्धि हुने थियो । त्यसपछि नेपाली जनता खाडी मुलुकमा ६० डिग्रीको तापक्रमा जाने अत्य हुँदै जाने थियो । त्यसपछि भ्युटावर बनाउँदा चाहिँ मज्जाले आयस्रोत हुने थियो । खोइ त बुद्धि ?

## यो भ्युटावरको उद्देश्य के हो ?

'भ्यूटावरमा लगानी, बालुवामा पानी' जस्तै भएको छ । आफना कार्यकतालाई भरन पोसन गर्न सहज हिसावले यस्तो योजना ल्याएको जानकार बताउँछन् । यो भ्युटावर मार्फत् बेरोजगारले रोजगार, शिक्षाबाट बञ्चितले शिक्षा अनि गाउँका अन्धकार जनताले उज्यालो पाउँछन् अब त्यसो भए भ्रष्टहरूले कताबाट भ्रष्ट्राचार गर्न पाईन्छ, त्यतै पैसा लगाउँछन त्यो पनि अरु देशबाट ल्याएको ऋणमार्फत, बरु शिक्षा, स्वास्थ्य, बिजुली, सडकलाई खुल्ला र सहज बनाउन ? यो भ्युटावरले उत्पादन चाहिँ के गर्छ ? खासमा फोटो खिच्न र टिकटक बनाउन त नेपालमा प्राकृति सम्पदनै काफी छ त ?

भ्युटाउवर बनाउने रोग नपुगेको कुनै पालिका छ, जस्तो लाग्दैन मलाई । यो भ्युटावरे विकास कुन वादभित्र पर्ने रहित ? वीपीको समाजभित्र हो कि ? मदन भण्डारीको जनताको बहुदलीय जनवादभित्र हो कि ? प्रचण्डपथभित्र हो ? भ्युटावरमा टमाटर फल्छ कि आलु ? भ्युटावरले चामल फलाउँछ कि मकै ? भ्युटावरमा उपचार हुन्छ कि पढाइ ? भ्युटावरमा क्रिकेट खेल्ने कि फुटबल ? भ्युटावरमा चढेर गरीवका झुपडी हेर्ने त होला है ? न केही उत्पादन हुन्छ न कसैले सेवा सुविधा अथवा रोजगारी पाउँछ । यी टावर त यति फालटु बनेका छन् कि बनेको अकी वर्ष टावरसम्म पुग्ने बाटो समेत हुँदैन ।

जनताको प्रतिनिधित्व गरेर पदमा पुगेका जनप्रतिनिधिहरूले जनतालाई प्रत्यक्ष फाइदा हुने र जनताले सहज रुपमा अनुभव गर्न पाउने विकास गर्नु मुख्य दायित्व होइन र ? पक्की पुल, पिच गरिएको बाटो र भ्युटावरबाहेक अरु पनि छन् है, स्थानीय तहले गर्नुपर्ने यसलाई अनुशरण गरौँ ।

# धर्मको नाममा धन्दा चलाइरहेका ठग महाराज



निगरानी ब्यूरो/काठमाडौं । गुल्मीको धुकीटवस्तु-१ मा बि.सं. २०४४ साल असार १ गते जन्मेका विजय भण्डारीले आफ्नो प्रारम्भिक शिक्षा जन्मस्थान गुल्मीबाटै प्राप्त गरे । उनका बुवा मनिराम माओवादीका एरिया कमिटी सचिव थिए ।

गुल्मी धुकीटबस्तु घर भएका भण्डारी जनयुद्धकालमा तत्कालीन माओवादीको भ्रातृसंगठन अखिल क्रान्तिकारीमा लागेका थिए । स्थानीयका अनुसार उनका बाबु मनिराम पनि त्यतिबेला माओवादीको एरिया कमिटी सचिव बनेका थिए ।

माओवादीमा आबद्ध भएको भन्दै प्रहरीले खोजी सूचीमा राखेपछि भण्डारीले स्थानीय हिमालय उच्च माविको आठ कक्षा पास गर्नेबित्तिकै आफन्तको सहयोगमा काठमाडौं आएर थानकोटस्थित अरबिन्दो योगा मन्दिर आश्रममा बसेर आश्रमकै सहयोगमा माउन्ट भ्याली स्कुलबाट एसएलसी पास गरेका थिए । उनीसँगै आश्रममा बसेका विद्यार्थीहरूका अनुसार आश्रममा रहेका बेला गाडीको टायर चोरेको आरोप प्रमाणित भएपछि उनी स्कुलबाट निकालिएका थिए ।

आश्रमबाट निकालिएकै समयमा उनका बाबु मनिराम पनि आर्थिक अपचलन आरोपमा पार्टीबाट निष्कासनमा परेका थिए । बाबुको पदचिन्हमा हिँड्दै विजय पनि माओवादीनिकट अखिल क्रान्तिकारीमा संलग्न भए । तर, प्रहरीको निशानामा परेपछि ८ कक्षा पढ्दै गर्दा गाउँ छोडेर काठमाडौं आए र यहीँबाट एसएलसी उत्तीर्ण गरे ।

काठमाडौंको थानकोटमा रहेको अरविन्द योगा मन्दिर आश्रममा बसेर माउन्ट भ्याली विद्यालयबाट उनले एसएलसी पास गरेका थिए । बुवा मनिरामलाई माओवादीले आर्थिक हिनामिना गरेको आरोपमा पार्टीबाट निस्काशन गर्दै गर्दा यता छोरा पनि आश्रमबाट निकालिएका थिए ।

कान्तिपुर दैनिकले २०७६ सालमा प्रकाशित गरेको एक समाचारमा उल्लेख भए अनुसार उनले गाडीको टायर चोरेको आरोप



प्रमाणित भएपछि आश्रमबाट लखेटिएका हुन् भन्दै समाचार प्रकाशन गयी त्यो समाचार निकै भाइरल बन्यो ।

भण्डारी पहिले पनि धार्मिक आवरणमा ठगी गर्दै आएका व्यक्ति हुन् । आफूले आफूलाई निकै चतुर अवि बाठो सावित गर्न खोज्ने श्री विजय कृष्ण मुर्तिजी महाराज उर्फ विष्णु प्रपन्नाचार्य उर्फ विजय भण्डारी धर्मकोनाम कलंक पापी हुन् भन्दा उनको क्रियाकलापले खासै फर्क नपर्ला भन्न सकिन्न ।

एसएलसी पछि भण्डारीले के-कति अध्ययन गरे भन्ने स्पष्ट छैन । यद्यपि, उनले बैंगलोर लगायत विभिन्न विश्वविद्यालयबाट संस्कृतमा उच्चशिक्षा लिएको दाबी गर्छन् ।

गुल्मीको धुकीट ५ घर भएका भण्डारीले काठमाडौंकी नेवार समुदायकी एक महिलासँग विवाह गरेका थिए । २०६८ वैशाख महिनाबाट भण्डारीले गेरुवस्त्र धारण गरेर पुराण भन्न थाले ।

पुराणबाट उनले ५ लाख रुपैयाँ जुटाएर कलंकीमा भागवत पुराण लगाए त्तकालिन समयमा सबैलाई उल्लु भनाएका थिए । त्यसबाट राम्रै आर्थिक उपार्जन भएपछि उनले यसैलाई आफ्नो ‘ व्यवसाय’ बनाउँदै आएका छन् । विभिन्न स्थानमा महायज्ञ, धानाञ्चल, कोटिहोम आदि नाममा धार्मिक अनुष्ठानको व्यवस्थापन गर्दै त्यसमा उठेको ठुलो दान रकम कुम्ल्याउने गर्छन् ।

२०६८ सालमै उनले मानव कल्याण आध्यात्मिक परोपकार संघ नाम संस्था जिल्ला प्रशासन कार्यालयमा दर्ता गरे । आफ्नो नाम आफैंले बदलेर ‘विष्णु प्रपन्नाचार्य महाराजजी’ कहलाए । उनले आफ्नो संस्थामार्फत् अमेरिकामा धार्मिक कार्यक्रम गर्ने भन्दै पैसा उठाउन थाले ।

धार्मिक अनुष्ठानका लागि नेपालबाट १०८ जना अमेरिका लैजाने भन्दै उनले जनही १ लाख रुपैयाँ उठाउने अभियान चलाएका थिए । कूल खर्च ५ लाख ५० हजार लाग्ने बताएर सुरुमा पेस्कीस्वरूप १-१ लाख उठाउन सफल भए ।

तर, अमेरिकामा त्यस्तो कुनै कार्यक्रम नरहेको थाहा पाएपछि पैसा दिनेहरूले फिर्ता माग्न थाले । केहीलाई उनले चेक दिएर थुम्थुम्याए । तर, खातामा पैसा नभएपछि पीडितहरू प्रहरीदेखि वैदेशिक रोजगार विभागसम्म धाउन थाले । काठमाडौं प्रहरी परिसर र अपराध महाशाखामा ३३ जनाले एक करोड ३८ लाख रुपैयाँ ठगी गरेको आरोपमा भण्डारीविरुद्ध उजुरी दिएका थिए ।

अन्ततः २०६९ कात्तिकमा जिल्ला प्रहरी कार्यालय गुल्मीले भण्डारीलाई दसैं मनाएर घरबाट फर्कने क्रममा पक्राउ गयी । भण्डारीसँगै उनकी श्रीमती सुलोचनाविरुद्ध पनि जिल्ला अदालत काठमाडौंमा २०७१ असोज १ गते मुद्दा दायर भयो। एक जनाले ३ लाख रुपैयाँ सुलोचनाको नाममा पठाएकाले उनी पनि फन्दामा परेकी थिइन् ।

## भण्डारी माथिको अभियोग ?

भण्डारीले समाजमा विभिन्न माध्यमबाट पैसा कमाउने बाटो




*ठगी अभियोगमा गुल्मीमा पक्राउ परेका विजय भण्डारीबारे नेपाल साप्ताहिकमा छापिएको समाचार*

नरोजेको भने होइन । गाउँघरको सरसामान चोरीदेखि विभिन्न सीधारसाधालाई आफ्ने वहसमा सहजै सफल पार्न सक्छन् । यो

उनको कला र ग्रहले दिएको साथ हो ।

पहिले पनि धार्मिक आवरणमा ठगी गर्दै आएका व्यक्ति हुन् श्री विजय कृष्ण मुर्तिजी महाराज उर्फ विष्णु प्रपन्नाचार्य उर्फ विजय भण्डारी । धार्मिक कार्यक्रममा सहभागी गराउने भन्दै ३ जनालाई अमेरिका लैजान प्रतिव्यक्ति ४ लाख उठाएर घनको लालचमा पर्न थाले ।

ठगी अभियोगमा गुल्मीमा पक्राउ परेका विजय भण्डारीबारे नेपाल साप्ताहिकमा छापिएको समाचार अमेरिकाको एक धार्मिक कार्यक्रममा सहभागी गराउने र उतै रोजगारी मिलाइदिने भन्दै उनले रकम उठाएको न्यायाधिकरणबाट भएको फैसलामा उल्लेख छ। ३ जनाबाट १२ लाख रकम उठाए पनि उनले अमेरिका लान सकेनन् ।

यहि कारण आज उनको रकम फिर्ता दिन पनि अस्विकार गरेपछि पीडितहरू प्रहरी कार्यालय पुगे। प्रहरीले वैदेशिक रोजगार ठगीमा अनुसन्धान थाल्यो। र, वैदेशिक रोजगार न्यायाधिकरणमा भण्डारीसहित ३ जनाविरुद्ध अभियोगपत्र दायर भयो ।

बुटवल उपमहानगरपालिका बस्दै आएका रमेश खनाल, काठमाडौंका प्रकाश ढुंगाना र कीर्तिपुरका प्रमोदकृष्ण अधिकारीले उनीसहित सुशीला भण्डारी र ईश्वर खड्काविरुद्ध जाहेरी दिएका थिए । बयानमा भण्डारीले उक्त अभियोग स्वीकार गरेका थिए । बयानमा भण्डारीले आफूले वैदेशिक रोजगारका लागि नभई जाहेरीवाला अधिकारीसँग धार्मिक कार्यक्रम गर्न डेढ लाख रुपैयाँ ऋण लिएको र अरु मान्छे लगाएर जबरजस्ती वैदेशिक रोजगारको कागज गराएको जिकिर गरेका थिए ।

उनको उक्त बयानपछि न्यायाधिकरणले २०७० माघ १९ गते धरौटीमा छोड्ने आदेश गरेको थियो। पहिले विष्णु प्रपन्नाचार्य नामबाट चिनिने उनी ३ लाख धरौटी बुझाएर रिहा भएपछि बालगोपालेश्वर महाराज बने ।

भण्डारीको मुद्दामा न्यायाधिकरणले २०७५ जेठ २७ गते फैसला सुनाएको थियो। न्यायाधिकरणका तत्कालीन अध्यक्ष सत्यराज गुरुङ, सदस्यद्वय देवेन्द्रराज ढकाल र रमादेवी पराजुलीको इजलासले उनलाई दोषी ठहर गर्दै १ वर्ष ६ महिना कैद र १ लाख ५० हजार जरिवाना हुने फैसला सुनायो ।

'प्रतिवादी विजय भण्डारी 'विष्णु प्रपन्नाचार्य' ले सुशीला भण्डारी र ईश्वर खड्का समेतको मिलेमतोमा वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न पाउने इजाजत अनुमतिपत्र नलिई जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा संयुक्त राज्य अमेरिका पठाइदिन्छु भनी झुटा आश्वासन प्रलोभनमा पारी रकम लिएकोदेखिन्छ,' न्यायाधिकरणको फैसलामा भनिएको छ, 'भने बमोजिमको रोजगारमा नपठाएको र लिएको रकमसमेत फिर्ता नगरेको प्रतिवादीको उक्त कार्य वैदेशिक रोजगार ऐन २०६४ को दफा १० र ४३ विपरीतको कसुर अपराध गरेको ठहर्छ ।'

'२०६८ फागुन १२ गते प्रतिवादी विजय भण्डारीले रकम फिर्ता नगरे म फिर्ता गर्छु भनी जमानी बसेका अन्य दुई प्रतिवादीलाई दोषी ठहर गर्न नमिल्ने' न्यायाधिकरणको फैसलामा उल्लेख छ ।

बिगोको हकमा जाहेरवालाहरूले बिगो फिर्ता पाइसकेँ भनी निवदेन दिएकाले सो तर्फको दाबी पुग्न नसक्ने फैसलामा उल्लेख छ। रकमसमेत फिर्ता भएकाले साक्षी बसेका प्रतिवादी सुशीला भण्डारी र ईश्वर खड्काको हकमा सफाइ पाउने न्यायाधीकरणको ठहर थियो ।

## फरार अभियुक्तलाई प्रहरीकोसम्मान

वैदेशिक रोजगारीमा ठगीको अभियुक्त भएकाले फैसला कार्यान्वयन गर्न न्यायाधिकरणले जिल्ला प्रहरी कार्यालय गुल्मीलाई पत्र लेखेको थियो ।

'२०७५ सालमा फैसला भएपछि कार्यान्वयन गरिपाऊँ भन्दै न्यायाधिकरणले पत्र लेखेको थियो,' न्यायाधिकरणका श्रेस्तेदार गोविन्द घिमिरेले भने, 'तर अभियुक्तको बारेका प्रहरी कार्यालयले कुनै जवाफ दिएन ।' अभियुक्त पक्राउ परेपछि लगत कट्टा हुने भएकाले हालसम्म नआएको हुन सक्ने उनको बुझाइ छ ।

परराष्ट्र मन्त्री प्रदीप ज्ञवाली र प्रदेश सरकारका एक मन्त्रीसमेत महायज्ञको पूर्वसन्ध्यामा भण्डारीलाई निवासमै भेट्न पुगेका थिए । यसरी फरार अभियुक्त भण्डारीलाई भने स्थानीय प्रहरीप्रशासनले प्रोत्साहन दिँदै आएको छ। उनलाई गुल्मीका प्रमुख जिल्ला अधिकारी यदुनाथ पौड्याल, प्रहरी प्रमुख एसपी दीपककुमार बस्नेतसहितका सुरक्षा निकायका प्रमुखहरूले स्वागत गरेका थिए ।

भण्डारीले जिल्ला प्रशासन कार्यालय गुल्मीबाट २०४४ असार १ गते जन्ममिति उल्लेख गर्दै साबिक बस्तु गाविस-३ घर ठेगानामा २०६३ असोज ९ गते पहिलो पटक नागरिकता प्राप्त गरेका थिए ।

## ठग महाराजको भुल-भुलैया भुलिए हस्तिपत्रकार

नेपाली पत्रकरितामा एक क्षत्रराज गरेर नाम कामएका केहि पत्रकारहरूलाई पनि ठग महाराज श्री विजय कृष्ण मुर्तिजी महाराज उर्फ विष्णु प्रपन्नाचार्य उर्फ विजय भण्डारीले भलुभुलैया पारिदिए । आचार संहितामै पेशागत मर्यादाबारे स्पष्ट लेखिएतापनि प्रेस काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेत, रिपोर्टस क्लबका संस्थापक तथा टेलिभिजन प्रस्तोता ऋषि धमला, तमसोमा ज्योतिगर्मय कार्यक्रमका संचालक टिकाराम यात्री, रजतपट कार्यक्रमका प्रस्तोता प्रकाश सुवेदी लगायत दर्जनौ पत्रकारका तस्बिरहरू मानवसेवा फाउण्डेसनको फेसबुक पेजमा राखिएको देख्न सकिन्छ ।

२०७३ मंसिर ६ मा काठमाडौंले जिल्ला अदालतका न्यायाधीश हरिप्रताप केसीको इजलासले विष्णु प्रपन्नाचार्य बताउने विजय भण्डारीलाई २ वर्ष ६ महिना कैद र ८१ लाख ८५ हजार बिगो जरिवानाको फैसला गरेको थियो। त्यसअघि उनी पुर्पक्षका लागि सुन्धारास्थित केन्द्रिय कारागारमा २०७१ असोज ६ गते पुर्पक्षका लागि थुनामा पुगेका थिए। अदालतको फैसलापछि कैद सजाय भुक्तान गरेर उनी २०७३ चैत १४ मा रिहा भएका थिए।

## महाराज विरुद्ध ठगी मुद्दा

त्यसो त जिल्ला अदालतको फैसलालाई चुनौती दिँदै महाराज उच्च अदालत पाटन पनि पुगे। २०७५ मंसिर ११ मा उच्च अदालतले जिल्लाकै आदेश सदर गरिदियो।

अदालतबाट पीडितकै पक्षमा फैसला भए पनि त्यतिबेला ठगिएकाहरूले पैसा भने अझै पाएका छैनन्। महाराजको यो पहिलो जेल यात्रा भने थिएन।

२०६९ कात्तिक १४ पनि ठगी मुद्दाको उजुरीपछि जिल्ला प्रहरी कार्यालय गुल्मीले पक्राउ गरेर वैदेशिक रोजगार विभागलाई बुझाएको थियो। बुटवलका रमेश खनाल, काठमाडौं मच्छेगाउँका प्रकाश ढुंगाना र कीर्तिपुरका प्रमोदकृष्ण अधिकारीले उनीविरुद्ध वैदेशिक रोजगार विभागमा वैदेशिक रोजगारी ठगी मुद्दामा जाहेरी दिएका थिए।

विभागले अनुसन्धान गरी उनीविरुद्धको मुद्दा वैदेशिक रोजगार न्यायाधिकरणको कार्यालयमा दर्ता गरेको थियो। लामो बहसपछि न्यायाधिकरणको कार्यालयले २०७५ जेठ २७ गते उनलाई एक वर्ष ६ महिना कैद र १ लाख ५० हजार बिगो जरिवाना ठहर गरेको थियो।

मुद्दा सुनवाइकै क्रममा उनी २०६८ साउन ३२ मा एक दिन, २०६८ फागुन ११ मा एक दिन र २०६० कात्तिक १४ मा दुई दिन मुद्दाको पुर्पक्षका लागि थुनामा परेका थिए। थुनामा बसेको दिन कटाएर उनले एक वर्ष ५ महिना २७ दिन कैद सजाय भुक्तान गर्नुपर्नेदेखिन्थ्यो।

फैसलाको निर्णय पनि बुझ्न नआएपछि न्यायाधिकरणको कार्यालयले अन्तिम फैसलाको सूचना उनको घरमा टाँस गर्न भन्दै २०७५ चैत २४ गते जिल्ला अदालत गुल्मीलाई पत्राचार गरेको थियो। उनको घर नभेटेपछि धुर्कोट गाउँपालिका- ५ को वडा कार्यालयको भित्तामा फैसला टाँस गरेका थिए।

न्यायाधिकरणको फैसलापछि उनी स्वतः फरार अभियुक्तका रूपमा दरिएका थिए। प्रहरी र कानुन कार्यान्वयन गर्ने जुनसुकै सरकारी निकायले उनलाई पक्राउ गरेर बुझाउन सक्थे। तर राजनीतिक कनेक्सनका आधारमा उनी लुकिछिपी धार्मिक गतिविधिमा सक्रिय भइराखे। गत भदौ २८देखि असोज ११सम्म गुल्मीको रिडीमा आयोजित महायज्ञमा महाराज उपस्थित हुने सुइँको पाएपछि जिल्ला प्रहरी कार्यालयले उनलाई पक्राउ गर्ने तयारी थालेको थियो।

जिल्ला अदालत गुल्मीको फैसला कार्यान्वयन गर्न प्रहरी, प्रमुख जिल्ला अधिकारीको बैठकसमेत बसेको थियो। तर चलाख ठगले पक्राउबाट जोगिन न्यायाधिकरणको आदेशविरुद्ध सर्वोच्च अदालतमा पुनरावेदन गरेको थाहा पाएपछि प्रहरी पछि हट्यो। उनले पक्राउ परिने डरले नाम नै बालयोगेश्वर महाराज राखे।

ठगी मुद्दाकै कारण महाराज गत वैशाखमा १९ दिन डिल्लीबजार कारागारमा थुनामा बसेका थिए। गत वैशाख १३ मा जेल परेर ३१ गते थुनामुक्त भएको डिल्लीबजार कारागारको अभिलेखमा देखिन्छ।


## शंखरापुर नगरपालिकाको अनुरोध

१. बालविवाहलाई निरुत्साहित गरौं र विवाह ऐन उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं।
२. सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
३. सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
४. कर तिर्नु सबै नागरिकको कर्तव्य हो। कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।
५. लैंगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
६. सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
७. सार्वजनिक स्थलमा धम्रपान मद्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरुलाई पनि सावधानी गरौं।

**रमेश नापित**
नगर प्रमुख

**समिता श्रेष्ठ**
नगर उप-प्रमुख

**अमृत कुमार धिताल**
प्रमुख प्रशासकीय अधिकृत

**शंखरापुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
काठमाडौं, बागमती प्रदेश, नेपाल

# संखुवासभाका १० पालिकामध्ये मकालु गाउँपालिका प्रथम



पूर्वी पहाडी तथा हिमाली जिल्ला संखुवासभाका १० स्थानीय तहमध्ये संस्थागत क्षमता स्वमूल्यांकन प्रणालीमा मकालु गाउँपालिका प्रथम भएको छ । गत आर्थिक वर्ष ७९/८० को स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनको गुणस्तर परीक्षणको अन्तिम नतिजा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गत बिहीबार सार्वजनिक गरेको हो ।

सो नतिजाअनुसार केही वर्षअघि देशभरका सबै स्थानीय तहमध्ये अन्तिम भएको मकालु गाउँपालिका यसपटक जिल्लास्तरमा प्रथम भएको हो। जिल्लाका १० पालिकामध्ये पाँचखपन नगरपालिका अन्तिम बनेको छ।

जिल्लाभरमा प्रथम भएको मकालु गाउँपालिकाले १०० अंकमा ७३.५० अंक प्राप्त गरेको छ भने जिल्ला सदरमुकाम रहेको खाँदबारी नगरपालिका ७३ अंकसहित नगरपालिकातर्फ दोस्रो भएको छ।

यसैगरी, सभापोखरी गाउँपालिकाले ७२.७५, चैनपुर नगरपालिकाले ६५.५०, भोटखोला गाउँपालिका ६४.७५, मादी नगरपालिका ६४.५०, सिलिचो गाउँपालिका ६३.७५, धर्मदेवी नगरपालिका ६२ र चिचिला गाउँपालिकाले ५१.५० अंक प्राप्त गरेका छन् पाँचखपन नगरपालिका जिल्लाको अन्तिम अर्थात् दसौँ स्थानमा छ।

आफ्नो संस्थाको स्वमूल्यांकन गर्दा १० वटा विषय क्षेत्रहरूको अंकभार जोड्दा १०० पुग्नुपर्ने हुन्छ। स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि, २०७७ ले स्थानीय तहको संस्थागत क्षमता स्वमूल्यांकनका लागि विभिन्न विषय क्षेत्रहरू निर्धारण गरेको छ।

जसमा शासकीय प्रबन्ध, संगठन तथा प्रशासन, वार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तीय एवं आर्थिक व्यवस्थापन, सेवा प्रवाह, न्यायिक कार्यसम्पादन, भौतिक पूर्वाधार, सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विपत् व्यवस्थापन र सहकार्य र समन्वयलगायतका शीर्षकहरू राखिएको हुन्छ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहको कार्यप्रक्रिया र उपलब्धिहरूको बारेमा लेखाजोखा गर्न, विकास तथा सुशासनमा रहेका कमीकमजोरीहरूको जानकारी लिन, आवधिक समीक्षाका लागि आधार प्राप्त गर्न स्वमूल्यांकन गराउँदै आएको छ।

स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनको समन्वयात्मक भूमिका जिल्ला समन्वय समितिले निर्वाह गर्ने गर्छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ४० प्रतिशतभन्दा कम अंक ल्याउनेलाई नाजुक, ४०देखि ६० प्रतिशत अंक ल्याउनेलाई कमजोर, ६०देखि ८० प्रतशित अंक ल्याउनेलाई राम्रो, ८० प्रतिशतमाथि अंक ल्याउनेलाई उत्कृष्ट स्थानीय तहका रूपमा वर्गीकरण गर्ने गरेको छ।

# बचतकर्ता र बैंकबाहेक कसैलाई थाहा नहुने खातामा राखेको पैसा कसरी एकाएक गायब हुँदैछ ?



रूषा थापा

भक्तपुर । बैंक तथा वित्तिय संस्थामा सर्वसाधारणले निक्षेप जम्मा गरेपश्चात् त्यसको ग्यारेण्टी सम्बन्धित संस्थाले नै लिनुपर्छ । बचतकर्ताले निक्षेप जम्मा गरेपछि उसकै आफन्तसँग समेत बैंक, वित्तिय संस्थाले त्यो कुरा गोप्य राख्नुपर्ने हुन्छ। हाम्रो कानुनअनुसार बैंक, वित्तिय संस्थामा कुनै पनि व्यक्तिले रकम राखेपछि सम्बन्धित बचतकर्ता र बैंकका कर्मचारीलाई मात्र सोबारे जानकारी रहन्छ।

साथै, बचतकर्ताको स्वीकृतिबिना कुनै पनि व्यक्ति वा उसकै घरपरिवार, आफन्तलाई समेत सो बचतकर्ताले बैंकमा कति रकम जम्मा गरेको छ ? भनेर बताउन मिल्दैंन। यता, पैसा राख्दा कतिपयले आफू मरेमा आफ्नो बचत मागदाबी वा हकदाबी गर्नका लागि कुनै व्यक्तिको नाम पनि तोकिदिएका हुन्छन् ।

अहिले पनि धेरै यस्ता सर्वसाधारण छन्, जसले बैंक, वित्तिय संस्थामा खाता खोलेर पैसा त राखेका हुन्छन् तर घरपरिवारलाई थाहै नदिई ।




यस्तो अवस्थामा कुनै दुर्घटनावश उसको मृत्यु भएमा बैंक, वित्तिय संस्थाले सम्बन्धित बचतकर्ताको घरपरिवारलाई जानकारी गराउँदैन। अनि बैंक आफैंले सो रकम लिन्छ। बैंक, वित्तिय संस्थाबाट कुनै व्यक्तिले ऋण लिएमा र नतिरेमा उसको तीन पुस्ताले समेत त्यो बेहोर्नुपर्छ । उदाहरणका लागि कुनै व्यक्तिले घरपरिवारलाई थाहै नदिई बैंक, वित्तिय संस्थाबाट ऋण लियो। उसले आम्दानी हुनुञ्जेल साँवाब्याज पनि तिर्छ।

तर, आम्दानी नहुँदा साँबाब्याज तिर्न नसकेपछि बैंकले पेनाल्टी, हर्जानालगायत अन्य शुल्क समेत जोड्छ। बैंकमा हामी सर्वसाधारणले एक लाख रकम जम्मा गरेमा वर्षभरिको ब्याज एक-दुई हजार आउँछ। यद्यपि, बैंकले ऋणीसँग भने एक लाख कर्जाको ब्याजलगायत अन्य विभिन्न शुल्क गरेर एक वर्षमा दोब्बर उठाउँछ। अनि बैंकको चर्को ब्याज र चलाखीपूर्ण कार्य बुझ्न नसक्ने ऋणीहरू फस्ने गर्छन्।

उनीहरूले ऋण त एक लाख लिएका हुन्छन् तर बढ्दैबढ्दै दोब्बर-तेब्बर पुग्छ । अनि ऋण तिर्न नसकेपछि बैंकले उसलाई विभिन्न धम्की दिन्छ । कहिले धितो लिलाम गर्ने त कहिले पत्रपत्रिकामा तीन पुस्ता निकाल्ने।

पहिला सानो रकम त ऋण लिएको हो नि भनेर घरपरिवारलाई जानकारी समेत नदिएका ऋणीहरू पछि बैंकको यस्ता गतिविधिबाट त्रसित हुन्छन्। कतिपयले त सहन नसकेर आत्महत्या समेत गरेको पाइन्छ।

तर, बैंकले त ऋणीले आत्महत्या गरेपनि उसको तीन पुस्ता समेतलाई त्यो ऋण तिराउनै लगाउँछ नि। जति सजिलो गरी बैंकले ऋणीका तीन पुस्तालाई समेत त्यो ऋण तिराउन लगाउँछ, त्यति नै गाह्रो हुन्छ बचतकर्ताको मृत्यु भएपश्चात् उसका आफन्तले निक्षेप प्राप्त गर्न।

बचतकर्ताको मत्युपछि बैंकले तपाईँ उसको श्रीमति, छोराछोरी हो भनेर मात्र निक्षेप फिर्ता दिँदैन। प्रमाणहरू पेश गर्नुपर्छ। बचतकर्ताको मृत्युको प्रमाणपत्रदेखि हकदाबी गर्न तोकिएको व्यक्तिलाई मात्र त्यो रकम दिइन्छ।

यतिमात्र नभई प्रमाणपत्र पेश गर्दा समेत रकम पाइँदैन। मृतक बचतकर्ताका आफन्तलाई बैंकले ३५ दिने सूचना निकाल्न लगाउँछ। हकदाबी पेश गर्नका लागि। पत्रिकामा सूचना निकाल्दा लागेको खर्च मृतक बचतकर्ताको आफन्तले नै बेहोर्नुपर्छ।

तोकिएको समयभित्र कसैले हकदाबी पेश नगरेमा मात्र बैंकले प्रमाणपत्र हेरेर मृतकका आफन्तलाई रकम दिन्छ।

फेरि कतिपयले त हकदाबी गर्ने समेत तोकेका हुँदैन। यस्तो अवस्थामा बैंकले सम्बन्धित बचतकर्ताका आफन्तलाई पैसा फिर्ता गर्दैन। र, बैंककै स्वामित्वमा रहन्छ त्यस्तो रकम। बैंक, वित्तिय संस्थाको आफ्नो नीतिनियम छ। किनकि उनीहरूले जनताको पैसाको सुरक्षा गर्नुपर्ने हुन्छ। बैंकको सानो गल्तीले समग्र बैंकिङ क्षेत्रमा असर पर्न सक्छ।

त्यसैले, बैंकले बचतकर्ताको रकम सम्बन्धित बचतकर्ताबाहेक अरु कसैलाई दिँदैन। तर, पछिल्लो समय बजारमा दुईटा कुराको खुब चर्चा छ। एउटा बैंक खाताबाटै बचतकर्ताको निक्षेप गायब भयो, अर्को ऋणीले महिनैपिच्छे किस्ता तिरेपनि साँबा घट्दैन। अहिले विभिन्न बैंक तथा वित्तिय संस्थाबाट बचतकर्ताको खाताबाटै लाखदेखि करोड रकम गायब भएको घटना बाहिरिएका छन्।

मानौं, कोही बचतकर्ताले कुनै बैंकमा गएर पाँच लाख रुपैयाँ खातामा जम्मा गर्यो। तीन महिनापछि ऊ त्यो रकम निकाल्न बैंक पुग्छ। तर, बैंक भन्छ, तपाईँको खातामा ५० हजार रुपैयाँ छ। जबकी त्यो बचतकर्ताले खाताबाट एक रुपैयाँ पनि झिकेकै हुँदैन। केही समययता यस्ता घटना बढ्दो क्रममा छ। बैंकमा जम्मा गरेको रकम खाताबाटै एकाएक गायब हुँदा बचतकर्ताहरू त्रसित हुन थालेका छन्।

कतिपय बचतकर्ताले त खातामा जम्मा गरेको रकम गायब भएपछि बैंकमै झगडा गर्छन्। अनि बैंकका कर्मचारी, मेनेजरहरू तपाईँको पैसा अन्य बैंक वा खातामा जम्मा भएछ भन्दै फिर्ता गर्छन्। बचतकर्ताले अन्य खातामा ट्रान्सफर नै नगरी कसरी रकम अरुको खातामा जान्छ ? यसलाई बैंकको लापरबाही भन्ने कि चलाखीपूर्ण चोरी ? पहिलापहिला बैंकबाट रकम झिकेपश्चात् बाहिर लुटपाट भएको सुनिन्थ्यो।

तर, अहिले त बचतकर्ताको खाताबाटै रकम गायब हुन थालेको छ। अनि यसलाई के भनेर बुझ्ने हामी सर्वसाधारणले ? अहिले बैंक खाताबाट बचतकर्ताको रकम हराएको मात्र गुनासो छैन, ऋणीले महिनैपिच्छे किस्ता गरेपनि उसको साँबा नघटेको वा तिरेको पैसा पनि गायब हुने गरेको गुनासो पनि उत्तिकै बढेको छ।

खाताबाटै एकाएक रकम गायब हुन थालेपछि बैंकका बचतकर्ता र ऋणी दुवैलाई रातमा निन्द्रा न दिनमा भोक भएको छ। पछिल्लो समय बैंकले निक्षेपको ब्याजदर घटाइरहेको छ। पहिला नौं प्रतिशत ब्याज दिन्छु भनेर बैंकले पाँच/दश वर्षका लागि बचतकर्तालाई मुद्दती खातामा रकम जम्मा गर्न लगाउँछ। तर, महिनापछि कर्जा गएन र नाफा भएन भनेर निक्षेपको ब्याज तीन प्रतिशतमा झारेको छ।

अर्कोतर्फ, ऋणीसँग भने चर्को ब्याजदर असुलिरहेका छन्, बैंकहरू। ऋणीसँग १८ प्रतिशतदेखि ४८ प्रतिशतसम्म ब्याज असुलेका छन्। सेवाशुल्क एक प्रतिशत भनेर तीन प्रतिशत असुल्छन्। ऋण दिँदा समेत घुस खान्छन्। १० लाख ऋण दिएमा एक लाख त घुस नै खान्छन्, बैंकका सञ्चालक, अध्यक्षहरू। अनि धितो एक करोडको राख्न लगाइन्छ।

ऋणीले तीन किस्ता नतिर्नेबित्तिकै बैंकले पत्रपत्रिकामा उसको तीन पुस्ते निकाल्छ। र, त्यो निकाल्दा लागेको खर्च पनि सम्बन्धित ऋणीबाटै उठाइन्छ। ऋणीले साँबाब्याज तिर्न नसकेपछि बैंकले धितो लिलामी प्रक्रिया अघि बढाउँछ। र, एक करोडको धितो नौं लाख ऋणमै पचाइदिन्छ। यता, ऋणीलाई पहिला १२ पहिला ब्याज भनिन्छ।

तर, एक महिनापछि ऋणीलाई जानकारी नै नगराई ब्याज बढाएर ४८ प्रतिशतसम्म पुर्याउँछ। बैंकले बचतकर्ता र ऋणी दुवैलाई ठग्दै आइरहेको थियो र अहिले पनि जारी नै छ। हामी बचतकर्ताले बैंकमा निक्षेप राख्दा महिना नमरी ब्याज दिइँदैन। उदाहरणका लागि महिना मर्न दुई दिन बाँकी रहँदै बचत निकालेमा बैंकले ब्याज दिँदैन। र, २८ दिनको ब्याज पनि पचाइदिन्छ।

उता, ऋणीसँग भने दिनको हिसाबले ब्याज असुलिन्छ। ऋणीले कर्जा चुक्ता गरेको दिनको समेत ब्याज लिइन्छ। धितो नराखी बैंक, वित्तिय संस्थाबाट कर्जा पाइँदैन। तर, बैंकहरू कमिशनको लोभमा ऋणीलाई थाहै नदिई उसको धितो (घरजग्गा, गाडी र सेयर) को बीमा गराइदिन्छन्। अनि बीमा गराउँदा लागेको रकमसहित नवीकरणको समेत पैसा ऋणीबाटै उठाइन्छ। त्यो रकम नतिरी बैंकले धितो फुकुवा गर्दैन।

सहकारी, लघुवित्त, फाइनान्स र बैंकले सबै जनतालाई ठगिसक्यो। यीनीहरूकै कारण सयौंले आत्महत्या गरेका छन्। लाखौं जनता सडकछाप अवस्थामा पुगेका छन्। तर, राष्ट्र बैंकका गर्भनर महाप्रसाद अधिकारी, अर्थमन्त्री विष्णु पौडेल, प्रधानमन्त्री केपीशर्मा ओली अझै मौन छन्। यसबाट जनताले के बुझ्ने ? अहिले सर्वसाधारण यी तीन जना नै पर्दाभित्र बसेर बैंक, वित्तिय संस्थामार्फत् जनता ठगेको बताउँछन्।

# स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनमा बेनिघाट रोराङ गाउँपालिका प्रथम

स्थानीय सरकार संस्थागत क्षमता स्वमूल्यांकन (लिजा) को नतिजामा धादिङको बेनिघाट रोराङ गाउँपालिका देशैभरबाट प्रथम हुन सफल भएको छ।

उत्कृष्ट पहिलो हुने नीलकण्ठ नगरपालिकासँगै मन्त्रालयको वेभसाइटमा ९९ दशमलव ७५ अंक सूचीकृत देशभरमा दोस्रो नम्बरमादेखिएको बेनीघाट रोराङ गाउँपालिका विज्ञहरूको मूल्यांकन पछि ८७ दशमलव २५ अंक प्राप्त गरी देशभरका गाउँपालिका तर्फबाट प्रथम भएको हो ।

स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेभसाइटमा ९७ अंक सूचीकृत धादिङको नीलकण्ठ नगरपालिका विज्ञहरूको मूल्यांकनका आधारमा ९२ दशमलव ५ अंक सहित नगरपालिकातर्फ देशभरबाट उत्कृष्ट प्रथम हुन सफल भएको हो ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले बिहीबार संस्थागत क्षमता स्वमूल्यांकन (लिजा)को नतिजा सार्वजनिक गर्दै उत्कृष्ट स्थानीय निकायलाईसम्मान गर्ने क्रममा देशैभरबाट पहिलो स्थान हासिल गर्न सफल धादिङको बेनीघाट रोराङ गाउँपालिका सहित अन्य दुई गाउँपालिका र तीनवटा नगरपालिकालाई सम्मान गरेको थियो ।



सेवाग्राहीलाई उत्कृष्ट सेवा दिने, राम्रो पूर्वाधार निर्माण, सुशासनलगायत विविध असल कामको आधारमा छनोट भई प्रदान गरिने लिजाको नतिजामा यो गाउँपालिका प्रथम भएको हो ।

देशैभरबाट उत्कृष्ट छनोट भएका नगरपालिका मध्ये धादिङ जिल्लाकै नीलकण्ठ नगरपालिका पहिलो भएको छ । मन्त्रालयमा आयोजित 'स्थानीय सरकार संस्थागत क्षमता स्वमूल्यांकनको नतिजा सार्वजनीकरण तथा सम्मान' कार्यक्रममा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव भरतमणि सुवेदीले देशभरका ४ सय ६० गाउँपालिकातर्फबाट उत्कृष्ट पहिलोमा छनोट हुन सफल बेनिघाट रोलाङ गाउँपालिका, देशभरका नगरपालिकाको तर्फबाट उत्कृष्ट पहिलो हुने नीलकण्ठ नगरपालिकासहितका स्थानीय निकायहरूलाई सम्मान पत्र प्रदान गरेका थिए ।


## बाहबिसे नगरपालिकाको अनुरोध

» बालविवाहलाई निरुत्साहित गरौं र विवाह ऐन उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
» सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
» सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
» कर तिर्नु सबै नागरिकको कर्तव्य हो । कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।
» सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
» सार्वजनिक स्थलमा धम्रपान मद्यपान नगरौं/नगराऔं । हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरुलाई पनि सावधानी गरौं ।
» लैंगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।

**बालकृष्ण बस्नेत** नगर प्रमुख
**मन्जु तामाङ** नगर उप-प्रमुख
**इश्वरी प्रसाद शर्मा** प्रमुख प्रशासकीय अधिकृत

**बाहबिसे नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
बागमती प्रदेश, सिन्धुपाल्चोक, नेपाल


## धार्चे गाउँपालिकाको अनुरोध

» आफ्नो घर-आँगन सफा राखौं ।
» विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
» गाउँपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण गरौं ।
» बालबालिकालाई विद्यालय पठाऔं ।
» बालबालिकालाई काममा नलगाऔं ।
» गाउँपालिकाभित्र सञ्चालन हुने सम्पूर्ण व्यापार व्यवसाय गाउँपालिकामा मात्र दर्ता गरेर सञ्चालन गर्ने ।
» गाउँपालिकालाई भुक्तानी गर्नुपर्ने सम्पूर्ण कर समयमै भुक्तानी गरि जरिवानाबाट बचौं ।
» हावाहुरी चल्ने समयमा जथाभावी आगो नबालौं ।
» व्यक्तिगत घटना दर्ता, विवाह, बसाई-सराई, जन्मदर्ता, विवाहदर्ता समयमै गरौं ।
» आगो बाल्नु परे काम सकिनासाथ तुरुन्त निभाउने गरौं ।

**लक्ष्मण गुरुङ** अध्यक्ष
**सुनिला गुरुङ** उपाध्यक्ष
**काजीमान सुनार** प्रमुख प्रशासकीय अधिकृत

**धार्चे गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
माछीखोला, गोरखा, गण्डकी प्रदेश, नेपाल

# कृषिमा आधुनिकीकरणसँगै बिमा योजना लागु गर्दा गोकर्णेश्वरका किसानले न्याय पाउँछन् - मेयर रिसाल



टि.एन धमला

काठमाडौं - गोकर्णेश्वर नगरपालिका भित्र रहेको कृषि भूमिलाई पकट क्षेत्र घोषणा गरिएकाले कृषिमा आधुनिकिरण गर्न आवश्यक भएको नगर प्रमुख दिपक कुमार रिसालले बताएका छन् । अधिकांश किसानको निर्वाहमुखी पेसाका कारण कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान क्रमशः घट्दै गएकाले नगरपालिकाले कृषिमा आधुनिकिरण गर्न लागेको छ ।

पछिल्लो समय विदेशको सीप र विकासलाई स्थानीय माटोसँग जोड्न वैदेशिक रोजगारीबाट फर्किएका युवा पनि आधुनिक कृषि कर्ममा आकर्षित हुन थालेकाले कृषिलाई नाफाघाटाको व्यवसाय बनाउँनु पर्नेमा आफ्नो जोड रहेको मेयर रिसालले बताए । उनले बताए अनुसार नगर कृषि आधुनिकीरण परियोजना समेत लागु भएको छ । ६० प्रतिशत जनसंख्या कृषिमा निर्भर रहेको नेपालमा कृषि उत्पादकत्व भने आशा गरिएअनुरूप बढ्न सकेको छैन ।

गोकर्णेश्वर नगरपालिकाले भने वडा नम्बर १ देखि ४ नम्बर वडा सम्मका क्षेत्रहरुलाई कृषि पकट क्षेत्र घोषणा गरेर विभिन्न कार्यहरु गर्दै आएको छ ।

नगरपालिकाले कृषकलाई उन्नत बिउबिजन, मल तथा प्रविधि र प्राविधिक सहयोग उपलब्ध गराउँदै आएको र कृषि उत्पादनमा गुणात्मक र परिमाणात्मक फड्को मार्न अल्पकालीन र दीर्घकालीन व्यावहारिक योजना ल्याउन आवश्यक रहेकाले नगरपालाको तर्फबाट आफु त्यो प्रक्रियामा समेत जुटेको मेयर रिसालले बताएका छन् ।

गोकर्णेश्वर नगरपालिकाले आफ्नो कृषि पकट क्षेत्रबाट खाद्यान्न उत्पादनलाई निर्वाहमुखीबाट व्यावसायिक र उत्पादकत्व




बढाएर आयात प्रतिस्थापन नगरेसम्म नगरको आर्थिक उन्नति सम्भव नहुने उनले बताए । उनले भने,'हामीले हरेक वर्षको नीति तथा कार्यक्रम,बजेट,योजनामा कृषिबाट समृद्धि भन्ने कहिल्यै छुटाएनौँ,जसका कारण नगरपालिकाको लोकप्रिय एजेन्डा कृषि भयो ।'

किसानका आफ्नै समस्या छन् । प्रविधिको जानकारी छैन, बजारको उचित व्यवस्थापन छैन, प्रत्येक वर्ष जग्गाहरू खण्डीकृत भइरहेका छन् । अब गोकर्णेश्वर नगरपालिकाले त्यसलाई ध्यान दिएर बजारको उचित व्यवस्थापन गर्ने र किसानले उत्पादन गरेको बस्तु बजारिकरण गर्ने छ ।

अहिलेको सबैभन्दा ठूलो चुनौती नै किसानलाई उद्यमी बनाउन नसक्नु हो । जबसम्म किसानले आफ्नो उत्पादनको उचित मूल्य पाउँदैनन् तबसम्म कृषिमा लगानी गर्न खासै रुचि देखाउँदैनन् । कृषिमा आधुनिकीकरण नहुँदा उत्पादनको पर्याप्त सम्भावना रहेका दाल, चामल, तेलमै मासिक अर्बौं रकम बिदेसिरहेको मेयर रिसालको भनाइ छ ।

नगरपालिकाले किसानका समस्यालाई बुझेर कृषि बिमा योजना ल्याउने तयारी थालेको छ । कृषिमा उत्पादन आधुनिक प्रविधिमार्फत बढाउन आवश्यक छ । जसका लागि कृषि बिमा एउटा योजना हो । यसलाई नगरले मिहीन अध्ययन गरेर बजारीकरण, अनुदान, उत्साहको वातावरण बनाउने काम गरिरहेको छ ।

भौगोलिक तथा जैविक विविधताजन्य सम्भाव्यता हुनु, पुँजी, प्रेरणा, आत्मविश्वास र उन्नत प्रविधिबारे ज्ञानसहित विदेशबाट फर्किएका युवा कृषि व्यवसायमा आकर्षित हुँदै जानु लगायतका विशेषताले आगामी दिनमा कृषि क्षेत्रमा अवसरका ढोकाहरू बिस्तारै फराकिलो गर्दै लाने योजना रहेको मेयर रिसालले जानकारी गराएका छन् । कृषिमा आधुनिकीकरणसँगै बिमा योजना लागु गर्दा मात्र गोकर्णेश्वरका किसानले न्याय पाउँछन् रिसालको भनाइ छ ।






# दशैं आइसक्यो सरकारको छैन पूर्वतयारी, यसपटक पनि धेरैको घरमा चल्ने देखिन्छ रुवाबासी !



युवराज भट्टराई




नेपालीको महान् चाड दशैं नजिकिँदै छ । अबको एक महिनापछि दशैं शुरु हुन्छ । दशैं मान्न काठमाडौं उपत्यकाबाट २२ देखि २५ लाख सर्वसाधारण आफ्नो जन्मथलो जान्छन् । कोही विमानबाट जान्छन् त कोही गाडीबाट । दशैंमा त हवाई व्यवसायी र यातायात व्यवसायीलाई भ्याइनभ्याइ हुन्छन् ।

विमानहरू जम्मै प्याक हुन्छ । अरुबेला पाँच हजारमा पुगिने ठाउँमा दोब्बर रकम तिरेर विमानमार्फत् यात्रा गर्नुपर्ने बाध्यता छ । यातायात व्यवसायीले पाँच सयको बाटोमा दुई हजार असुल्छन् । दशैं नजिकिसक्यो तर यात्रा सहज बनाउन सरकारले कुनै योजना बनाएको छैन् ।

विमान र बसहरूको अग्रिम टिकट खोल्ने तयारीमा सरकार लागिसक्नुपर्ने हो । तर, सरकारलाई चासो छैन् । नेपालीमा एउटा उखान छ,'जब पर्यो राति, तब बुढी ताँती' सरकारको प्रवृत्ति उस्तै छ । दशैं शुरु भएपछि बल्ल टिकट खोल्ने सुरसार गरिन्छ । जसका कारण आम सर्वसाधारण मर्कामा पर्ने गरेका छन् ।

विडम्बना, यातायातमन्त्री देवेन्द्र दाहाल र पर्यटनमन्त्री बद्रीप्रसाद पाण्डे जनताको समस्याबारे बेखबरझैं छन् । प्रधानमन्त्री केपी शर्मा ओली भन्छन्,'यो सरकारले भात-रोटी खान्छ, घुस खाँदैन् ।' मन्त्रीहरूले आफ्नो जिम्मेवारी पुरा नगर्नु, कर्मचारीहरूले काममा ढिलासुस्ती गर्नु, के यो घुस खाएसरह होइन् ।

यातायातमा लामो समयदेखि सिण्डिकेट छ । मन्त्रीहरू सिण्डिकेट तोडेर नयाँ दर्ता खोल्न चासो देखाउँदैनन् । कर्मचारीको त के कुरा गर्नु ? क्षणिकमा हुने कामका लागि तीन दिन लगाउँछन् । ओलीको सरकार आएपछि धेरै दुर्घटनाका घटना घटिसकेको छ । त्रिशुलीमा गाडी खस्यो ।

गाडीमा सवार तीन जनाबाहेक कोही बचेनन् । अर्कोतिर प्लेन दुर्घटनामा पर्यो । हेलिकप्टर पनि दुर्घटना भयो । योपटकको दशैं कतिको लागि दशा बन्ने हो ? सरकारको गैरजिम्मेवारीपनले गर्दा धेरैको घरमा रुवाबासी हुनेदेखिन्छ । त्रिशुलीमा बस खसेपछि सरकारले गठन गरेको छानबिन समितिले थोत्रा गाडीको कारण दुर्घटना भएको प्रतिवेदन बुझाइसकेको छ ।

तैपनि सरकारको चेत खुल्न सकेको छैन् । बाटोमा २० वर्ष कटेको थोत्रा, पुराना गाडी धुँवाको मुस्लो फालेर दौडिरहेको छ । तैपनि ट्राफिक प्रहरीले कारबाही गरेको पाइँदैन् । उपत्यकाको सडकमा गुड्न नसक्ने गाडीहरू दशैंमा यात्रु बोकेर विभिन्न जिल्ला जान्छ । जसले गर्दा दुर्घटना बढ्ने गरेको हो ।

वर्तमान गृहमन्त्री रमेश लेखक पटकपटक यातायातमन्त्री भएको व्यक्ति हुन् । यातायातमन्त्री हुँदा उनले खासै स्मरणयोग्य काम गर्न सकेनन् । उनी यातायात व्यवसायीको काम गर्न मात्र रुचाउँथे । व्यवसायीले जे निर्णय गर भन्थें, त्यही गर्थें । न उनले कालो र हरियो प्लेटको ट्याक्सीको दर्ता खोल्न सके, न फो-स्टक टेम्पोको ।

कालीमाटीमा चल्ने ढुवानी गाडीको नयाँ दर्ता बन्द भएको चार दशक बितिसकेको छ । एउटै व्यक्ति पटकपटक मन्त्री हुने, व्यवसायी चिन्ने अनि व्यक्तिगत फाइदा लिने । जनता जाऊन् भाडमा । सरकारले एक किलोमिटरबाट पाँच किलोमिटरसम्म १९ रुपैयाँ भाडा तोकेको छ ।

तर, आधा किलोमिटरमै २५ रुपैयाँ लिइन्छ । ट्याक्सी मीटरमा गुड्न मान्दैन् । सय रुपैयाँ उठ्ने बाटोमा यात्रुले पाँच सय रुपैयाँ तिर्नुपरेको छ । लामो रुटको गाडीले विगतदेखि नै यात्रु ठग्दै आएको

छ। पाँच सय भाडा छ भने सात सय लिन्छ। त्यसमा सुपर डिलक्स र डिलक्सको नाममा ४० प्रतिशत थप जोडिन्छ ।

माइक्रोबस, टाटा सुमो, जम्बो हायसले पनि सुपर डिलक्स, डिलक्सको नाममा पैसा असुलिरहेको छ। जबकी यी गाडी सुपर डिलक्स, डिलक्सको मापदण्डभित्र पर्दैनन्। ब्लूबुकमा माइक्रोबसले १३ सीट मात्र पाएको छ। जसअनुसार १३ जना मात्र यात्रु हाल्नुपर्ने हो।

तर, हाल्छ ३० जना। बसको सीट हुन्छ २४, यात्रु हुन्छन् ८० । झोला, सुटकेस पनि उत्तिकै हुन्छ। दर्ता भएको मितिले तीन वर्ष पुगेपछि सुपर डिलक्स, डिलक्सको नाममा पैसा उठाउन पाइँदैन्। त्यो गाडी पुरानो हुन्छ। दर्ता भएको मितिले ६ वर्ष पुगेपछि रात्रिकालीन बसहरू राति चलाउन पाइदैन्।

दिँउसो चलाउनुपर्छ वा लोकल गाडी बनाउनुपर्छ। गाडीको पार्टस् खराब हुने र दुर्घटनाको जोखिम हुने भएकाले सो व्यवस्था गरिएको छ। रोचक कुरा त के भने, १६-१७ वर्ष कटेका गाडीहरूले पनि सुपर डिलक्स, डिलक्सको नाममा यात्रुबाट ४० प्रतिशत बढी भाडा असुलिरहेका छन्।

राति पनि चलिरहेको छ। झ्यालको सिसा फुटेका, सीट भाँचिएका, टायर खिएका, हेडलाइट, सिंगल लाइट फुटेका, नम्बर प्लेट मेटिएका, धुलोले छोपेका गाडीहरू बाटोमा प्रशस्तैदेखिन्छ। यस्ता गाडीले २५ सय रुपैयाँ घुस रुवाएर जाँचपास लिइरहेका छन्। त्यसमध्ये पाँच सय राज्यको ढुकुटीमा राजश्व जान्छ, दुई हजार रुपैयाँ सरकारी कर्मचारी र दलालीको खल्तीमा जान्छ।

तीन हजार रुपैयाँ लिएर हरियो स्टीकर लिइरहेका छन्। ३५ रुपैयाँ राज्यको ढुकुटीमा राजश्व जान्छन्, २९ सय ६५ रुपैयाँ लेखनदास र सरकारी कर्मचारीले खान्छन्। सरकारले यातायात व्यवसायीबाट लिनुपर्ने ३२ वटा शीर्षकमा ३५ वर्षदेखि राजश्व बढेको छैन्। यातायात व्यवसायीले खुलेआम रुपमा रोड बेचिरहेका छन्।

यता, यातायात व्यवसायीले यातायात कार्यालयमा २० वर्ष कटेका ट्याक्सीको स्क्रयाप गरेको नम्बर प्लेट लाखौंमा बेचिरहेका छन्। जुन गैरकानुनी हो। सरकारको निकायमा खुलेआम अवैधधन्दा चलिरहेको छ, सरकार भने देखेपनि नदेख्याझैं गर्छ। अरनिको यातायात प्रालिको अध्यक्ष केदार क्षेत्री छन्।

पूर्व जाने सम्पूर्ण गाडी अरनिकोले सञ्चालन गर्छ। अरनिकोलाई सात लाख बुझाएपछि मात्र त्यो रोडमा हाल्न पाइन्छ। नत्र पाइँदैन्। कि सात लाख तिर्नुपर्यो कि चेन्सिस र बडी उनीहरूले बनाउँछन्, लगानीकर्ताले ६० लाख रुपैयाँ तिर्नुपर्छ। रुट परमिट सरकारले होइन्, अरनिकोले बाँड्छ।

त्यो पनि लाखौं रुपैयाँ तिरेर। सरकारले पाँच सय रुपैयाँ पाउँछ, यातायात प्रालिले लाखौं। देशैभरी यो धन्दा चलिरहेको छ। ४० लाखको चेन्सिस र बडीमा यो-त्यो जोडेर अरनिकोले ६० लाख पुर्याउँछ। रुट परमिटको पैसा पनि त्यहीबाट उठाउँछ। यातायात व्यवसायीलाई लाखौं रुपैयाँ नबुझाइकन त्यो रुटमा गाडी हाल्न पाइँदैन्।

बाटो राज्यको हो। बाटो बजाउन जनताको लगानी लागेको छ। तर, राज्य कमजोर हुँदा व्यवसायी भनाउँदा दलालहरूले जनता लुटेका छन्। नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष विजय स्वाँर, उपाध्यक्ष सरोज सिटौली, सार्वजनिक यातायात केन्द्रीय महासंघका अध्यक्ष डोलनाथ खनाल र महासचिव भरत नेपालले राज्य पनि लुटे, जनता पनि।

यिनीहरू सिण्डिकेट लगाएर देश र जनता लुट्ने दलाल हुन्। यातायात व्यवसायीहरूले ज्येष्ठ नागरिक, विद्यार्थी, अपागंता भएका, नाबालकहरूलाई भाडा छुट दिँदैनन्। कानुनले त उनीहरूलाई अनिवार्य भाडा छुट दिनुपर्ने भनेको छ। यता, यातायात व्यवसायीले दिनहुँ १८ करोड रुपैयाँ ठग्छन्।

सरकारले तोक्याभन्दा बढी भाडा असुलेर। नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ र सार्वजनिक यातायात केन्द्रीय महासंघले कम्पनीलाई सदस्यता बनाएबापत पाँच हजारदेखि ५० हजार लिन्छन् । अनि मासिक लेबी उठाउने, तीन हजारदेखि २० हजार । कम्पनीले गाडी धनीसँग दैनिक आठ सयदेखि १५ सय लेबी उठाउने ।

गाडी साहुले यात्रु ठग्छन्, कम्पनीलाई बुझाउँछन्। कम्पनीले महासंघलाई। अनि हामी यातायातको नेता। कति रमाइलो। जनता ठगेको पैसा मन्त्रीदेखि सचिवसम्ममा भागबण्डा पुग्छ। पार्टीलाई चन्दा दिने पनि जनता ठगेको पैसा नै हो। पार्टीको झोले बनेका छन्, जनता ठगेका छन्।

यस्ता ठगहरूलाई कारबाही गर्नुको साटो सरकारले अझै ठग भनेर छोडिदिएको छ। सवारी साधन दुर्घटना भएर यात्रुले ज्यान गुमायो भने आफन्तलाई ५० हजार किरिया खर्च र एक लाख क्षतिपूर्ति दिइन्छ। गाडीले ठक्कर दिएर मार्यो भने पाँच लाख रुपैयाँ क्षतिपूर्ति दिइन्छ। चालक जेल बस्नुपर्दैन्।

डेढ लाख रुपैयाँ दिएर मान्छे मार्न पाइन्छ ? यो कस्तो कानुन हो ? कसैले कसैलाई कुटेर मार्यो भने आजीवन जेल बस्नुपर्छ। यातायात व्यवसायीलाई छुट किन ? मान्छे मारेको भने मारेकै हो। चाहे त्यो जसरी होस्। प्लेनमा दुर्घटना भएर मान्छे मरे भने लाखौं रुपैयाँ क्षतिपूर्ति पाउँछन्।

गत साउन ९ गते प्लेन दुर्घटना भयो। आँशु झार्न प्रधानमन्त्रीदेखि अन्य मन्त्रीसम्म पुगे। त्रिशुलीमा ६५ जना खसे, कसैको आँखा रसाएन्। यस्ता त प्रधानमन्त्री र मन्त्री छन्।



कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
कुमारी
परिवार सुरक्षा
बचत खाता
रू. २६
लाख
सम्मको बीमा सुरक्षा
हरेक परिस्थितीको लागी
खुशी साथ बचत गरौं ।
For any queries and support,
Please call us at 01-5970499
कुमारी बैंक लि. डिजिटल बैंकिङ्ग
प्रणालीको प्रवर्द्धन गर्दछ ।

# STUDY IN JAPAN ?

...WILL HELP TO FIX THE PROBLEM

DREAMCITY
abroad education consultancy pvt. ltd.



## Our Services

- ☑ Work and Study
- ☑ High Visa Success rate
- ☑ Gap Accepted(upto 5 years)
- ☑ Interview preperation classes run by native speaker
- ☑ Free Japanese Language Class for students
- ☑ Students preferred cities are prioritized

FOR MORE INFORMATION, VISIT US AT


**DREAMCITY ABROAD EDUCATION CONSULTANCY**

Chuchepati, Kathmandu, Nepal

Ph: 01-5924044, 9845674956, 9866279606

E-mail: info@dreamcityedu.com.np

**www.dreamcityedu.com.np**